# नगर शिक्षा योजना
## २०७८ - २०८७




**बेलौरी नगरपालिका**
**कञ्चनपुर**
**२०७८**

# नगर शिक्षा योजना
## २०७८ - २०८७

## बेलौरी नगरपालिका
## कञ्चनपुर
## २०७८

नगर प्रमूखको सन्देश
योजना निर्माण कार्यदलको भनाइ
कार्यकारी सारांश
संक्षेपीकरण

**परिच्छेद एक – परिचय**
१.१ पृष्ठभूमि
१.२ नगरपालिकाको योजना निर्माण प्रक्रिया र औचित्य
१.३ उद्बेश्य
१.४ मुलभूत मान्यताहरु
१.५ बेलौरी नगरपालिकाको संक्षिप्त परिचय
१.६ विगतका संचालित योजना समिक्षा (सबल पक्षहरु)
१.७ शिक्षा सम्बन्धी नीतिगत व्यवस्था

**परिच्छेद दुई – नयाँ शिक्षा क्षेत्र योजना**
२.१ सन्दर्भ र औचित्य
२.२ दिर्घकालीन राष्ट्रिय सोच
२.३ बेलौरी नगरपालिकाको दिर्घकालीन सोच तथा गन्तव्य :
२.४ ध्येय :
२.५ लक्ष्य
२.६ प्रमूख उद्देश्यहरु :
२.७ कार्यनीति र रणनीतिक क्रियाकलाप
२.८ उपलब्धी, प्रमुख क्रियाकलाप र लक्ष्य

**परिच्छेद तीन - शिक्षाका क्षेत्रहरु**
३.१ प्रारम्भिक बालविकास
३.२ आधारभुत शिक्षा
३.३ माध्यमिक शिक्षा
३.४ उच्च शिक्षा
३.५ प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकास तथा तालिम
३.६ पाठ्यक्रम र पाठ्यसामग्री
३.७ शिक्षक व्यवस्थापन र विकास
३.८ विद्यालय व्यवस्थापन (प्रधानाध्यापक व्यवस्थापन समेत)
३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा
३.१० गुणस्तरीय सार्वजनिक शिक्षा
३.११ आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको पहुँच ⁄समावेशी शिक्षा
३.१२ शिक्षामा सुचना प्रविधी

**परिच्छेद ४ सस्थागत संरचना र क्षमता विकाश**
५.३ समस्या तथा चुनौतीहरु
५.८ स्रोतको अनुमान र विश्लेषण
५.९ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान
६.७ अनुमगन प्रक्रिया,समन्वय र सहजीकरण

**परिच्छेद ७ : मुख्य मुख्य क्रियाकलाप र उपलब्धी सूचक**

सन्दर्भ सामग्रीहरु

अनुसूचीहरु

## खण्ड क
## नयाँ शिक्षा योजना

## बेलौरी नगरपालिकाको शिक्षा योजना
## २०७८/०७९- २०८७/०८८

**कार्यकारी सारांश**

बेलौरी नगरपालिका २८ डिग्री ४० मिनेट ५६ सेकेण्ड उत्तरी अक्षांश तथा ८० डिग्री २१ मिनेट ४० सेकेण्ड पूर्वी देशान्तरमा रहेको छ। सुदूरपश्चिम प्रदेश अन्तर्गत, कञ्चनपूर जिल्लाको दक्षिणी सीमावर्ती क्षेत्र भारतसँग जोडिएको यो क्षेत्र साँस्कृतिक, आर्थिक एवं प्रशासनिक महत्व बोकेको छ । यस नगरपालिकाको कुल क्षेत्रफल १२३.३७ वर्ग किलोमिटर छ । यस नगरपालिकाको उत्तर दिशामा लालझाडी गाउँपालिका, दक्षिणमा भारत, पूर्वमा पुनर्वास नगरपालिका र पश्चिममा बेल्डाँडी गाउँपालिका पर्दछ । समुद्र सतहदेखि १७५ मी. उचाईमा रहेको यस नगरपालिकामा उष्ण र उपोष्ण प्रकारको हावापानी पाइन्छ । बार्षिक सरदर वर्षा १५७५ मि.मि हुने गरेको यस नगरपालिका क्षेत्रको अधिकतम तापक्रम ४२ डिग्री सम्म पुग्ने गर्दछ भने न्युनतम तापक्रम ६.६९ डिग्री सेल्सियसमा झर्ने गर्दछ ।

स्थानीयवासीका अनुसार मुख्य पेशा कृषि रहेको यस नगरपालिकामा अधिकांश खेतीयोग्य जमिन समथर रहेको, बलौटे र चिम्टयाईलो माटो पाईन्छ । यस नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने मानिसहरूको बसोवास रहेका पाईन्छ, भने बौद्ध, इस्लाम र इसाई धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू रहेको पाईन्छ जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका तीज, श्रीकृष्ण जन्माष्टमी, गौरापर्व पहाडी समुदायको मुख्य पर्व हुन् । त्यसैगरी, माघी र अटवारी थारु चौधरी समुदायको मुख्य पर्वका रुपमा रहेको छ भने क्रिस्मस ईसाई धर्मालम्बीहरुको पर्वको रुपमा रहेको छ ।

यस नगरपालिका अन्तर्गत मालपोत कार्यालय, नापी कार्यालय, विद्युत प्राधिकरणको वितरण केन्द्र , नेपाल टेलीकम कार्यालय, पशु क्वारेन्टाइन तथा विभिन्न सरकारी तथा निजी बैंक/वित्तीय संस्था तथा सहकारी लगायत गैरसरकारी संस्थाहरु रहेका छन । उच्च शिक्षा तर्फ दुई वटा क्याम्पसहरुले उच्च शिक्षा प्रदान गरि रहेका छन । केन्द्रिय तथ्याङ्क विभाग द्वारा प्रकाशन गरिएको बाह्रौ जनगणना २०७८ को प्रारम्भिक तथ्याङ्क अनुसार नगरपालिकाको कुल जनसंख्या ५३,९१८ रहेको छ, जसमा महिलाको जनसंख्या २८,३९२ अर्थात ५२.६६ प्रतिशत र पुरुषको जनसंख्या २५,५२६ अर्थात ४७.३४ प्रतिशत रहेको छ ।

हाम्रो देशमा संघिय स्वरुपको राज्य व्यवस्था स्थापना भई तीनै तहका सरकारहरु क्रियाशिल रहेका छन् । राष्ट्रिय आधार, मापदण्ड र स्तर निर्धारण गर्ने जिम्मेवारी संघिय सरकारकै हुने संवैधानिक प्रावधान अनुरुप तीनै तहका सरकारले योजनाका मर्म र गन्तव्यहरुलाई प्रतिबिम्बन गर्नुपर्ने हुन्छ । तीनै तहका योजनाहरु संगसंगै विकास गर्न सकेमा अपेक्षित उद्देश्य कार्यान्वयन योग्य हुनसक्छन् । संविधानको भावना अनुरुप समन्वय, सह-अस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित शिक्षा योजना

बन्दछ , स्थानिय तहको समस्या पहिचान, प्राथमिकीकरण र गुणात्मकतामा परिवर्तन आउँछ । साधन स्रोतको समेत उच्चतम उपयोग हुन्छ । वैदेशिक सहयोगकर्ताको लागि सहयोगको आधार प्राप्त हुन्छ । समग्रमा भन्दा यो योजना शिक्षाको राष्ट्रिय लक्ष्य र उद्देश्य प्राप्तीमा सहयोगी सिद्ध हुनेछ ।

बेलौरी नगरपालिकाको १० वर्षे नगर शिक्षा योजना निर्माण अन्तर्गत वडा स्तरीय संयुक्त भेला आयोजना गरी राय, सल्लाह, सुझाव संकलन गरियो । वडाका जनप्रतिनिधीहरु, स्थानीय बुद्धिजिवीहरु, राजनीतिक दलका प्रतिनिधीहरु, महिला, अपांगता भएका व्यक्तिहरु, दलित, जनजाति लगायतका समुदाय विशेष व्यक्तिहरुको वडागत भेला गरि योजनाको आवश्यकता, वडाको अवस्था विश्लेषण र प्राथमिकता  निर्धारण गरियो । यी भेलाहरुमा जन प्रतिनिधी, राजनैतिक दलका पदाधिकारी, वडा सचिव समेतको उपस्थिति रहेको थियो । यस पछि सामुदायीक र सस्थागत विद्यालयका प्रधानाध्यापकहरु संगको छलफल गरि सुझावहरु संकलन गरियो । साथै बेलौरी नगरपालिकाको शिक्षाका समस्या, सबल पक्ष, अवसर र चूनौतिको विश्लेषण गरि पालिकाको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य र रणनीतिहरु तयार पारियो । यसपछि योजना निर्माण समिति, सल्लाहकार समिति, शिक्षाविद, बुद्धिजिविहरु लगायत समाजका अगुवाहरुकाबीच तयार भएको योजना / प्रतिवेदनमाथि छलफल गरियो । शिक्षाका पुर्व योजनाहरु हेर्ने, अन्य नगरपालिकाको योजनाको अध्ययन गर्ने र तथ्य तथ्यांक संकलन गर्ने कार्य गरियो । यस्तै पालिकाहरुको जिल्ला स्तरीय छलफल र EGRP टिमको परामर्शपछि योजनाको अन्तिम रुप तयार पारियो ।

बेलौरी नगरपालिकामा शिक्षाका विभिन्न चुनौतीहरु रहेका छन् । ती चुनौतीहरुविद्यालयमा पूर्ण बालमैत्री वातावरण बनाउन नसकिनु, शिक्षक कर्मचारीले आफ्ना सन्तान समुदायिक विद्यालयमा नपढाउनु, सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै जानु, अभिभावकको चाहाना अनुसार सबै सामुदायिक विद्यालयहरुमा बालविकास देखि नै अँग्रेजी शिक्षा लागु गर्न नसकिनु , केही सामुदायीक विद्यालयहरुमा अँग्रेजी भाषामा शिक्षा दिन खोज्दा पनि प्रभावकारी व्यवस्थापन हुन नसक्नु, आधारभूत शिक्षामा सबैको पहुँच समान नहुनु, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमहरु प्रभावकारी संचालन हुन नसक्नु, विद्यालयमा राजनीतिक हस्तक्षेप हुने गरेको आरोप, सजाय रहित शिक्षा, निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतिले सिकाई उपलब्धी र विद्यार्थी अनुशासन झरेको गुनासो, स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गराउन नसकिनु, प्राविधिक तथा व्यवसायीक शिक्षा लागु गर्न नसकिनु र बालबालिकाहरुले माथिल्लो कक्षामा विद्यालय छोड्ने दर उच्च हुनु रहेका छन् ।

आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने देशको दिर्घकालीन राष्ट्रिय सोचमा टेवा पुग्ने गरी  यस नगरपालिकाबाट देश विदेशका लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्नुका साथै अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम नागरिक तयार गर्ने  दिर्घकालीन सोच तथा गन्तव्य तय गरिएको छ । यस्तै विभिन्न सरोकारवालाहरुसंग सहकार्य र समन्वय गरी शिक्षालाई रोजगारमूलक र उत्पादनमूखीका साथै अन्तरराष्ट्रिय परिवेश अनुकुल विकास गर्ने ध्येय र समावेशी सिद्धान्तको भावनालाई मध्यनजर गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने योजनाको लक्ष्य  रहेको छ ।

यी लक्ष्यमा आधारित रही उद्देश्यहरु तय गरिएका छन् । ती उद्देश्यहरुमा बेलौरी नगरपालिकामा शिक्षा क्षेत्र अन्तरगतका विभिन्न उपक्षेत्रको वर्तमान अवस्थाका समस्या तथा चुनौती र उपलब्धीको विश्लेषण गरि अगामी १० वर्षका लागी शिक्षा विकासको अवसर र प्राथमिकता पहिचान गरि सम्बोधन गर्नु, स्थानिय तह, प्रदेश र संघ बिच सहकार्य, समन्वय सुनिश्चित गरि शिक्षा विकासका आधार निर्माण गर्नु र नगरपालिका भित्रको उपलब्ध स्रोत साधनको उच्चतम उपयोग गरि अपेक्षित शैक्षिक उद्देश्य प्राप्त गर्नु यस योजनाको उद्धेश्य रहेका छन् । यस्तै नगरपालिकाको अल्पकालीन, दीर्घकालीन तथा विषयगत योजना तर्जुमा, अनुगमन तथा मूल्यांकनको लागी खण्डीकृत र एकिकृत तथ्यांकहरु उपलब्ध गराई विभिन्न साझेदार निकाय, संस्थाहरु र अनुसन्धानकर्ताहरुलाई वस्तुपरक तथ्याङ्क उपलब्ध गराई तथ्यांकहरुको प्रयोगबाट नगरपालिकामा समावेशी विकास तथा श्रोतहरुको न्यायोचित वितरणमा मद्दत पुर्‍याउनु यसको अर्को महत्वपूर्ण उद्देश्य मान्न सकिन्छ ।

उपर्युक्त उद्धेश्य प्राप्तीका लागि विभिन्न रणनीतिहरु पनि तय गरिएका छन् । यी रणनीतिहरुमा आधारभूत तहसम्म अनिवार्य सहित माध्यमिक तह सम्मको शिक्षा निःशुल्क बनाईनेछ , दक्ष र स्वरोजगारमूलक जनशक्ति उत्पादन गर्न प्राविधिक तथा व्यावसायीक शिक्षालाई प्राथमिकता प्रदान गरिनेछ, सवै विद्यालयहरुलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गमैत्री र शान्ति क्षेत्रको रुपमा विकास गरिनेछ ,बालबालिकाहरुलाई स्थानीय परिवेशसंग परिचित गराउन स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ ,विद्यालयको आवश्यकतामा आधारित भौतिक संरचना निर्माण गरिनेछ ,गरिब, विपन्न तथा दलित परिवारका लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरु संचालन गरि उनीहरुका बालबालिकाका लागि विद्यालय तहको शिक्षा सूनिश्चित गरिनेछ, सामुदायीक शिक्षाको गुणस्तर विकासका लागि शिक्षक व्यवस्थापन गरिनेछ, विद्यालयहरुका शिक्षण सिकाई र शैक्षिक कार्यक्रमहरु सूचना प्रविधि युक्त बनाईनेछ, शिक्षण सिकाईका वैकल्पिक मार्गहरु अवलम्बन गरि सबैका लागि शिक्षा सुनिश्चित गरिनेछ, शिक्षकहरुको पेशागत सिप विकास तालिम मार्फत दक्षतामा वृद्धि गरि गुणस्तरीय शिक्षा प्रदान गरिनेछ, सामुदायीक तथा संस्थागत विद्यालयको असल अभ्यास आदान प्रदानको वातावरण निर्माण गरिनेछ र विद्यालयको नियमित अनुगमन तथा मूल्यांकन प्रणाली विकास गरिनेछ भन्ने रहेका छन् ।

यस योजनाको प्रभावकारी कार्यान्वयनबाट बालाबालिकाहरु आधारभूत तह सम्म अनिवार्य र माध्यमिक तहको निःशुल्क गुणस्तरीय शिक्षा प्राप्त गरिरहेका हुनेछन् । आत्मनिर्भर उन्मुख प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुच भएको हुनेछ । सवै विद्यालयहरु बालमैत्री, छात्रामैत्री, अपाङ्गमैत्री र शान्तिक्षेत्रको रुपमा विकास भएका हुनेछन् । बालबालिकाहरुले स्थानीय परिवेश अनुकुलको स्थानीय पाठ्यक्रम अनुसार सिकाई प्राप्त गरिरहेका हुनेछन् । विद्यालयको आवश्यकतामा आधारित भौतिक पक्षको विकास भएको हुनेछ । आयमूलक तथा सीपमूलक कार्यक्रमहरु मार्फत गरिब, महिला, दलित र विपन्न वर्गका बालबालिकाहरुको विद्यालय तहको शिक्षा सूनिश्चित भएको हुनेछ । शिक्षकहरुको व्यवस्थापन र पेशागत सिप विकास तालिम मार्फत दक्षता विकास भई सामुदायिक शिक्षाको गुणस्तरमा उत्साहपूर्ण वृद्धि भएको हुनेछ । विद्यालयहरुका शिक्षण सिकाई र शैक्षिक कार्यक्रमहरु सूचना प्रविधियुक्त भएका हुनेछन् । शिक्षण सिकाईका विभिन्न वैकल्पीक मार्गहरुको माध्यमबाट निरक्षरताको अन्त्य भएको हुनेछ । सामुदायिक तथा संस्थागत विद्यालयको असल अभ्यासहरुबाट शिक्षामा उच्च गुणस्तर प्राप्त भएको हुनेछ । प्रभावकारी अनुगमन तथा मूल्यांकनले शिक्षण सिकाइमा सुधार भएको हुनेछ । बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार आई सिकाइ स्तर अभिवृद्धि भएको हुनेछ ।

यस योजनामा शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरुलाई विभाजन गरि योजनाका कार्यक्रमहरु तय गरिएका छन् । ती कार्यक्रमहरु बालविकासका लागि विद्यालय भर्ना अभियान तथा घरदैलो कार्यक्रम, बालबालिकाको अभिलेखीकरण, पोषणयुक्त दिवा खाजाको व्यवस्था, बालबालिकाको स्वास्थ्य जाँच, खोपको व्यवस्थापन, अभिभावक शिक्षा कार्यक्रम, बालबालिकाको सर्वपक्षिय मनोसामाजिक परामर्श कार्यक्रम, विद्यालयमा बाल उद्यान निर्माण, खेलकुद तथा खेलौना सामग्रीका लागि अनुदान कार्यक्रम, बालविकास शिक्षकका लागी मन्टेश्वरी तालिम रहेका छन् । यस्तै आधारभुत शिक्षामा पहुँच नपुगेका बालबालिकाहरुको पहिचान, भर्ना अभियान र स्वागत कार्यक्रम, जेहेन्दार तथा विपन्न समुदायका बालबालिकाका लागि झोला, पोसाक तथा स्टेसनरी सामग्री वितरण, प्रारम्भिक कक्षा देखि नै क्रमशः कक्षा ५ सम्म अंग्रेजी माध्यममा कक्षा सञ्चालन, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम रहेका छन् । माध्यमिक शिक्षामा भर्ना अभियान र स्वागत कार्यक्रम, विद्यालय नक्साङ्कन तथा समायोजना,सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्रीको उपलब्धता, अपाङ्गता भएका विद्यार्थीलाई सहयोग, निःशुल्क माध्यमिक शिक्षा सुनिश्चितता गर्न लक्षित वर्गका विद्यार्थीका लागि ड्रेस तथा स्टेशनरी, वि.व्य.स.र शि.अ.संघका पदाधिकारीहरुमा अपनत्व तथा क्षमता विकास कार्यक्रममा अभिभावक अभिमुखिकरण र विद्यालयमा कम्प्यूटर तथा खेलकुद शिक्षकको व्यवस्था रहेका छन् ।

उच्च शिक्षा अन्तरगतभुगोल र जनघनत्वको आधारमा उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूको स्थापना, उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूको भौतिक पूर्वाधार विकास, छात्रबृत्ति कार्यक्रम छन् । प्राविधिक तथा व्यवसायीक शिक्षा र सिप विकाश अन्तरगत प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन, प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको भौतिक पूर्वाधार विकास, बहुप्राविधिक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन, छोटो अवधिका सिपमूलक तालिम सञ्चालन, छात्रबृत्ति कार्यक्रम, स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रबर्द्धन कार्यक्रम, प्राविधिक शिक्षामा लक्षित वर्गका विद्यार्थीहरुका लागि छात्रवृति कार्यक्रम, एक विद्यालय एक सीपमूलक कार्यक्रम, विद्यालयमा कम्प्युटर तथा आईसिटि कार्यक्रम र स्मार्टबोर्ड एवं प्रोजेक्टर कार्यक्रम छन ।

पाठ्यक्रम र पाठ्यसामग्री सम्बन्धी स्थानिय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण तथा वितरण, स्थानीय पाठ्यक्रम निर्माण, स्थानीय पाठ्यक्रम प्रबोधिकरण तालिम, बहुभाषिक सीप विकास गर्न शिक्षकहरुलाई अभिमुखीकरण तालिम छन् । शिक्षक व्यवस्थापन र विकास अन्तरगत शिक्षण तथा सिकाइ सामग्री निर्माण तालिम, शिक्षक पेसागत विकास तालिम, असल अभ्यासको लागि प्र.अ. र विषयगत शिक्षक अवलोकन भ्रमण, संस्थागत तथा सामुदायिक विद्यालयका असल अभ्यासको अवलम्बन, विज्ञ समूहको गठन, शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण, प्र.अ./ वि.व्य स., शिक्षक र लेखापालका लागि तालिमहरु, उत्कृष्ट शिक्षक र विद्यार्थीलाई पुरस्कार र एक शिक्षक एक ल्यापटप वितरण कार्यक्रमहरु तय गरिएका छन् ।

विद्यालय व्यवस्थापन (प्रधानाध्यापक व्यवस्थापन समेत) मा तहगत प्रधानाध्यापकको व्यवस्थापन, विद्यालय सुधार योजना तयारी तथा अध्यावधिकमा सुधार, शैक्षिक कार्ययोजनाको निर्माण, विद्यालय

नक्शाङ्कन, अभिभावक भेला, विद्यालयको लेखा तथा सामाजिक परिक्षणमा सुधार, विपद् व्यवस्थापन योजना निर्माण, नगर शिक्षा ऐन निर्माण र प्र.अ. लाई कक्षा अवलोकन सम्बन्धी अभिमुखीकरण कार्यक्रम छन् । निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाका कार्यक्रममा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन, सामूदायिक सिकाइ केन्द्रलाई बहुपक्षिय सिकाई केन्द्रका रुपमा संचालन, सामुदायिक पुस्तकालय स्थापना कार्यक्रम, अल्पकालिन व्यवसायीक सीपमुलक केन्द्र स्थापना र जेहेन्दार, छात्रा, दलित, अनाथ, असहाय र अपांग विद्यार्थीका लागि नगर प्रमुख सहायता कोष स्थापना रहेका छन् । आर्थिक तथा सामाजिक रुपमा पछाडि पारिएका कार्यक्रमहरुका लागि प्रोत्साहन कार्यक्रम, सीपमुलक केन्द्र स्थापना र रोजगार सुचना केन्द्रको स्थापना कार्यक्रमहरु तय गरिएका छन् । शिक्षामा सुचना प्रविधी ICT मा शिक्षकहरूको क्षमता विकास र IEMIS व्यवस्थापन तालिम रहेका छन् । संस्थागत संरचना र क्षमता विकास अन्तरगत विद्यालयमा एउटा अतिरिक्त क्रियाकलाप तथा सभा हल निर्माण, विद्यालयमा खेलमैदान र घेरवार सुधार, कक्षा १२ सम्म संचालित तथा प्राविधिक धार भएका विद्यालयहरुमा छात्रावास, आधुनिक र प्रविधियुक्त साविकको स्रोतकेन्द्र भवन निर्माण कार्यक्रम, विद्यालयमा बैकल्पीक उर्जाको रुपमा सौर्यवत्ती कार्यक्रम, नगर प्रमुख नमुना विद्यालय कार्यक्रम, भुकम्परहित, बालमैत्री, अपांगमैत्री विद्यालय र कक्षाकोठाहरुको निर्माण, र लैगिक तथा अपांगमैत्री शौचालय निर्माण रहेका छन् । अनुगमन तथा सुपरिवेक्षण संयन्त्र तयार गर्ने, अनुगमनका लागि विज्ञ समूह गठन, नगर स्तरीय परिक्षा संचालन, वि.व्य.स/शि.अ.स. क्षमता विकास कार्यक्रमहरु, नगर शैक्षिक क्यालेण्डर निर्माण जस्ता कार्यक्रमहरु तय गरिएका छन् ।

शिक्षा क्षेत्रको समग्र विकासका लागि तयार पारिएको यस योजनाको कार्यान्वयनमा विद्यालयको महत्वपूर्ण भूमिका रहन्छ । यसैले केहि अल्पकालिन कार्यहरु तय गरिएका छन् । ती कार्यहरुमा विद्यालयमा प्रत्येक कक्षाको विषयगत आधारमा पाठ्यक्रम एवं शिक्षक निर्देशिकाको व्यवस्था अनिवार्य रुपमा गरिनुपर्ने, शिक्षकले शैक्षिक सामग्री सहित कक्षाकोठामा प्रवेश गर्ने साथै प्रोजेक्ट कार्यमा पनि जोड दिने, बालविकास र कक्षा १ मा एउटा अक्षर वा अङ्क राम्ररी लेख्न र पढ्न नजानी अर्कोमा प्रवेश नगर्ने, घण्टी लाग्ने वित्तिकै कक्षामा जाने, शुक्रबारका दिन इन्टरभलसम्म कक्षा संचालन र त्यसपछि कक्षागत रुपमा अतिरिक्त क्रियाकलाप गर्ने, निरन्तर मुल्याङ्कन प्रणालीलाई पाठ्यक्रमले तोके बमोजिम व्यवहारिक रुपमा लागु गर्ने, पेशा तथा व्यवसायीक शिक्षा र कम्प्युटर कक्षालाई व्यवहारिक र प्रयोगात्मक बनाउने, शिक्षक र विद्यार्थीहरुले अनिवार्य रुपमा पोसाक लगाउने गर्दा विद्यालयमा असल बातावरण हुन सक्छ ।

विद्यालयमा खाली पीरिययड व्यवस्थापनका लागि बैकल्पीक समय सारणी बनाउने, कक्षा समयमा शिक्षक कक्षाबाट बाहिर जादा र आउदाको समय लेख्ने व्यवस्था गर्ने, बिद्यार्थी प्रोफाइलको व्यवस्था अनिवार्य गर्ने, विद्यालयमा बार्षिक कार्य तालिका, वार्षिक कार्य योजना, एकाई योजना, दैनिक पाठ योजना र शिक्षण सुधार योजना शैक्षिक शत्रको शुरुमा नै निर्माण गरि प्रयोगमा ल्याउने, विद्यार्थीहरुलाई परिक्षा पश्चात शिक्षकले उत्तर पुस्तीका जाँच गरि अभिभावकहरुलाई दिने व्यवस्था गर्ने, नियमितरुपमा एकाई परिक्षा तथा साप्ताहिक र मासिक परिक्षा संचालन गर्ने । साप्ताहिक परिक्षा संचालन गर्दा प्रत्येक कक्षाको एउटा शुक्रबार एउटा विषयको परिक्षा गर्ने र विद्यार्थीहरुको स्थान कायम गर्ने, मासिक रुपमा शिक्षक बैठक बसी अभिलेख राख्न, शिक्षकको हाजिरी मासिक रुपमा नगर शिक्षा शाखामा पठाउने, विद्यालयमा विषयगत समितिहरु, अतिरिक्त क्रियाकलाप समितिहरु, संगित सम्बन्धी समिति, बालक्लब तथा सदनहरु र

आवश्यक्तानुसारका समितिहरु निर्माण गर्ने र ती समितहरुले शैक्षिक शत्रको शुरुमा नै योजना बनाई कार्यक्रम संचालन गर्न आवश्यक छ ।

यस्तै गरि बैसाख देखि भाद्र सम्म ७.०–१.० बजेसम्म र असोज देखि चैत्र सम्म १०–४ बजे सम्म बिद्यालय संचालन गर्ने  प्रधानाध्यापक र शिक्षक स्टाफ कक्षमा शिक्षाका राष्ट्रिय उदेश्य र तहगत सक्षमताहरु स्पस्ट देखिने गरि राख्ने, प्रत्येक कक्षाकोठाका भित्ताहरुमा कक्षागत उद्देश्य लेखेर राख्ने र शिक्षकहरुले आफुले पढाउने विषयको विषयगत सक्षमता तयार पारेर आफुसंग राख्ने, विद्यालयमा पहेलो रङ प्रयोग गरि रङरोगन गर्ने र प्रत्येक कक्षाकोठामा एउटा घडीको व्यवस्था गर्ने, विद्यालयलाई हराभरा बनाउन वृक्षारोपण र फूलबारीको निर्माण गर्ने बाल शिक्षा देखि कक्षा ३ सम्म कार्पेटिङ र Low Table को व्यवस्था गर्ने, विद्यालयमा ई-हाजिरीको व्यवस्था गर्ने, स्थानीय जनप्रतिनिधीहरु, सरकारी कर्मचारीहरु र शिक्षकका छोराछोरीहरुलाई सामुदायीक विद्यालयमा नैतिकताका आधारमा भर्ना गर्ने, कमजोर विद्यार्थीहरुका लागि विशेष कक्षा संचालन गरि पठनपाठन गर्दा शैक्षणिक अवस्थामा सुधार आउन सकिन्छ ।
यस योजनाको कार्यान्वयनमा बजेटको महत्वपूण भुमिका रहन्छ । यस योजनाका लागि १०बर्षमा खर्चको अनुमान ९,२०,५९० हजार गरिएको छ । जस मध्ये संघ, सुदुर पश्चिम प्रदेश र बेलौरी नगरपालिकाले क्रमशः २,८९,१९३ हजार, ६७,०८६.५ हजार, र ५,६४,३१०.५ हजार व्यय भार पर्ने देखिन्छ । योजनाको प्रभावकारीताका लागि अनुगमन र मूल्यांकनको पनि व्यवस्था गरिएको छ ।

## परिच्छेद एक – परिचय

### १.१ पृष्ठभूमि

नेपाल सरकारले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सूनिश्चित गरेको छ । मानव संसाधनको विकासबाट देशको प्राकृतिक स्रोत,साधन र अवसरहरुको समुचित परिचालन हुन गई नेपाल सरकारले राखेको २५ वर्ष दिर्घकालीन सोचअनुरुप "समृद्ध नेपाल, सुखि नेपाली" सहित समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुऱ्याउन सकिन्छ । देशको तिनवटै सरकारको आपसी समन्वय र सहकार्यमा शिक्षा क्षेत्रको विकासमा टेवा पुग्ने गरि बेलौरी नगरपालिकामा दक्ष जनशक्तिको उत्पादन र समतामुलक विकासमा शैक्षिक क्षेत्रको योगदान पुऱ्याउने गरी १० वर्षे  शिक्षा योजना निर्माण गरिएको छ ।

### १.२ नगरपालिकाको योजना निर्माण प्रकिया र औचित्य

हाम्रो देशमा संघिय स्वरुपको राज्य व्यवस्था स्थापना भई तीनै तहका सरकारहरु क्रियाशील रहेका छन् । राष्ट्रिय आधार, मापदण्ड र स्तर निर्धारण गर्ने जिम्मेवारी संघीय सरकारकै हुने संवैधानिक प्रावधान अनूरुप तीनै तहका सरकारले योजनाका मर्म र गन्तव्यहरुलाई प्रतिबिम्वन गर्नुपर्ने हुन्छ । तीनै तहका योजनाहरु संगसंगै विकास गर्न सकेमा अपेक्षित उद्देश्य कार्यान्वयन योग्य हुन सक्छन् । संविधानको भावना अनुरुप समन्वय, सह-अस्तित्व,सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित शिक्षा योजना बन्छ । स्थानिय तहको समस्या पहिचान, प्राथमिकीकरण र गुणात्मकता आउँछ । साधन स्रोतको समेत

उच्चतम उपयोग हुन्छ । वैदेशिक सहयोगकर्ताको लागि सहयोगको आधार प्राप्त हुन्छ । समग्रमा भन्दा यो योजना शिक्षाको राष्ट्रिय लक्ष्य र उद्देश्य प्राप्तीमा सहयोगी सिद्ध हुनेछ ।

बेलौरी नगरपालिकाको १० वर्षे नगर शिक्षा योजना निर्माण अन्तर्गत वडा स्तरीय संयुक्त भेला आयोजना गरी राय, सल्लाह, सुझाव संकलन गरीयो । वडाका जनप्रतिनिधीहरु, स्थानीय वुद्धिजिवीहरु, राजनीतिक दलका प्रतिनिधीहरु, महिला, अपांगता भएका व्यक्तिहरु, दलित, जनजाति लगायतका समुदाय विशेष व्यक्तिहरुको वडागत भेला गरि योजनाको आवश्यकता, वडाको अवस्था विश्लेषण र प्राथमिकता निर्धारण गरियो । यी भेलाहरुमा जनप्रतिनिधी, राजनैतिक दलका पदाधिकारी, वडा सचिव समेतको उपस्थीती रहेको थियो । यस पछि सामुदायीक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरु संगको छलफल गरि सुझावहरु संकलन गरियो । साथै बेलौरी नगरपालिकाको शिक्षाका समस्या, सबल पक्ष, अवसर र चूनौतीको विश्लेषण गरि पालिकाको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य र रणनीतिहरु तयार पारियो । यसपछि योजना निर्माण समिति, सल्लाहकार समिति, शिक्षाविद्, बुद्धिजिवीहरु लगायत समाजका अगुवाहरुकाबीच तयार भएको योजना / प्रतिवेदनमाथि छलफल गरियो । शिक्षाका पुर्व योजनाहरु हेर्ने, अन्य नगरपालिकाको योजनाको अध्ययन गर्ने र तथ्य तथ्यांक संकलन गर्ने कार्य गरियो । यस्तै पालिकाहरुको जिल्ला स्तरीय छलफल र EGRP टिमको परामर्शपछि योजनाको अन्तिम रुप तयार पारियो र बेलौरी नगरकार्यपालिकाबाट स्वीकृत भई यो तयार भएको छ ।

## १.३ उद्धेश्य

क) बेलौरी नगरपालिकामा शिक्षा क्षेत्र अन्तरगतका विभिन्न उपक्षेत्रको वर्तमान अवस्थाका समस्या तथा चुनौती र उपलब्धिको विश्लेषण गरि अगामी १० वर्षका लागी शिक्षा विकासको अवसर र प्राथमिकता पहिचान गरि योजनामा सम्बोधन गर्नु ।

ख) स्थानिय तह, प्रदेश र संघबिच सहकार्य समन्वय सुनिश्चित गरि शिक्षा विकासका आधार निर्माण गर्नु ।

ग) बेलौरी नगरपालिका भित्रको उपलब्ध साधनस्रोतको उच्चतम उपयोग गरि अपेक्षीत शैक्षिक उद्देश्य प्राप्त गर्नु ।

**यस बाहेक यसका विशिष्ट उद्देश्य निम्न अनुसार रहेका छन् ।**

- नगरपालिकाको अल्पकालीन, दीर्घकालीन तथा विषयगत योजना तर्जुमा, अनुगमन तथा मूल्यांकनको लागी खण्डीकृत र एकिकृत तथ्यांकहरु उपलब्ध गराउनु,
- नगरपालिकाको विकासका लागी चासो राख्ने साझेदार निकाय, संस्थाहरु र अनुसन्धानकर्ताहरुलाई बस्तुपरक तथ्याङ्क उपलब्ध गराउनु,
- उपलब्ध तथ्यांकहरुको प्रयोगबाट नगरपालिकामा समावेशी विकास तथा श्रोतहरुको न्यायोचित वितरणमा मद्दत पुर्‍याउनु,

### १.४ मुलभूत मान्यताहरु

स्थानीय तहमा शैक्षिक विकास गर्न एवं विद्यालय शिक्षाको निमित्त दीर्घकालीन  योजना निर्माण गर्दा देहायका विषयले प्राथमिकता पाउने देखिन्छ ।

- शिक्षाको सान्दर्भिकतामा सुधार गर्ने ।
- गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्ने ।
- नतिजामा समता प्रवर्द्धन गर्ने ।
- सेवा प्रवाहमा कुशलता र प्रभावकारीता अभिवृद्धि गर्ने ।
- योजना निर्माणमा सरोकारवालाहरुको स्वामित्व र सहभागिताले उच्च महत्व पाउने ।
- कार्यान्वयन स्थलको वास्तविकता र सम्बन्धीत सरोकारवालाहरुसंग जोडिएको योजनाले भोलिको शैक्षिक स्तर उकास्न सहयोग गर्नेछ ।

### १.५ बेलौरी नगरपालिकाको संक्षिप्त परिचय

#### १.५.१  ऐतिहासिक चिनारी

बेलौरी नगरपालिका २८ डिग्री ४० मिनेट ५६ सेकेण्ड उत्तरी अक्षांस तथा ८० डिग्री २१ मिनेट ४० सेकेण्ड पूर्वी देशान्तरमा रहेको छ । सुदूरपश्चिम प्रदेश अन्तर्गत, कञ्चनपूर जिल्लाको दक्षिणी सिमावर्ती क्षेत्र भारतसँग जोडिएको यो क्षेत्र साँस्कृतिक, आर्थिक एवं प्रशासनिक महत्व बोकेको छ । यस नगरपालिकाको कुल क्षेत्रफल १२३.३७ वर्ग किलोमिटर छ । यस नगरपालिकाको उत्तर दिशामा लालझाडी गाउँपालिका, दक्षिणमा भारत, पूर्वमा पुनर्वास नगरपालिका र पश्चिममा बेल्डाँडी गाउँपालिका पर्दछ ।

#### १.५.२  भौगोलिक अवस्थिती तथा हावापानी

समुद्र सतहदेखि १७५ मी. उचाईमा रहेको यस नगरपालिकामा उष्ण र उपोष्ण प्रकारको हावापानी भएको पाईन्छ । वार्षिक सरदर वर्षा १५७५ मि.मि हुने गरेको यस नगरपालिका क्षेत्रको अधिकतम तापक्रम ४२ डिग्री सम्म पुग्ने गर्दछ भने न्युनतम तापक्रम ६.६९ डिग्री सेल्सियसमा झर्ने गर्दछ ।

#### १.५.३  धरातलीय अवस्था, भू-उपयोग

स्थानीयबासीका अनुसार मुख्य पेशा कृषि रहेको यस नगरपालिकामा अधिकांश खेतीयोग्य जमिन समथर रहेको,  बलौटे र चिम्ट्याईलो माटो पाईन्छ । यहाँका कृषकहरुले धान,गहुँ,मकै,फलफूलका साथै विभिन्न थरीका बेमौसमी तरकारी बालीको पनि उत्पादन गर्ने गरेको पाईन्छ ।

#### १.५.४  नदी तथा ताल तलैयाहरू

यस बेलौरी नगरपालिका क्षेत्र भएर बग्ने मुख्य नदी तथा खोलाहरुमा दोदा नदी र खप्टी खोला पर्दछन् भने ताल तलैयाहरुमा साना ठूला लगाएर १८ वटा तालहरु र १ सिमसार क्षेत्र नगरपालिका भित्र रहेका छन् । जस मध्ये बन्दा ताल, पुरैनी ताल, बन्तरीया ताल, लामा ताल, सिक्री कुण्डा र शोभा ताल यस क्षेत्रका मुख्य तालहरु हुन ।

### १.५.५ स्थानीय चाडपर्व, जात्रा तथा मेलाहरुको विवरण

यस बेलौरी नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने मानिसहरूको बसोवास रहेका पाईन्छ, भने बौद्ध, इस्लाम र इसाई धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू रहेको पाईन्छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका तिज, श्रीकृष्ण जन्माष्टमी, गौरापर्व पहाडी समुदायको मुख्य पर्व हुन् । त्यसैगरी, माघी र अटबारी थारु चौधरी समुदायको मुख्य पर्वका रुपमा रहेको छ भने क्रिस्मस ईसाई धर्मालम्बीहरुका लागी महान पर्वका रुपमा रहदै आएको छ । विभिन्न धर्मालम्बीहरुका आ आफ्नै चाडपर्व भएतापनि बद्लिदो समाजको स्वरुपका कारण सबै धर्मालम्बीहरुले सबैका चाडपर्वहरुमा उत्सव मनाउदै धार्मिक सहिष्णुता पनि पाईन्छ ।

### १.५.६ जातजातिको अवस्था

नेपाल विभिन्न जातजातीका मानिसहरुको साझा धरोहर भए जस्तै यस बेलौरी नगरपालिका क्षेत्र भित्र थारु चौधरी, ब्राह्मण, क्षेत्री, ठकुरी, दलित, मगर, गुरुङ्ग र अन्य गरी मुख्य जातजातिका मानिसहरु रहेका छन् । केन्द्रिय तथ्याङ्क विभागद्धारा प्रकाशन गरिएको बाह्रौ जनगणना २०७८ को प्रारम्भिक तथ्याङ्क अनुसार नगरपालिकाको कुल जनसंख्या ५३,९१८ रहेको छ, जसमा महिलाको जनसंख्या २८,३९२ अर्थात ५२.६६ प्रतिशत र पुरुषको जनसंख्या २५,५२६ अर्थात ४७.३४ प्रतिशत रहेको छ ।

## १.६ विगतमा संचालित योजनाको समिक्षा (सबल पक्षहरु)

१) विद्यालय जाने उमेरका सबै बालबालिकाहरु विद्यालय गईरहेको अवस्था ।
२) विद्यालयमा निशुल्क पाठ्यपुस्तक, छात्रवृति र दिवा खाजा उपलब्धता ।
३) सबैजसो विद्यालयमा बाल कक्षाको व्यवस्था ।
४) बिद्यालयहरुमा फर्निचरको व्यवस्था ।
५) प्रत्येक विद्यालयमा महिला शिक्षकको व्यवस्था ।
६) कोभिड–१९ को समयमा स्वास्थ्य व्यवस्थापन ।
७) विद्यालयमा Iron चक्की वितरण र सेनिटरी प्याडको व्यवस्था ।
८) सबैजसो विद्यालयमा राम्रा भवनहरुको निर्माण ।
९) निजी शिक्षक र अनुदान शिक्षक बाहेक सबै शिक्षकहरुलाई पोशाक भत्ता ।
१०) सबैजसो मा.वि. विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र ICT को व्यवस्था ।

## १.७ शिक्षा सम्बन्धी नीतिगत व्यवस्था

### १.७.१ नेपालको संविधान,

नेपालको संविधान (२०७२) को धारा १६ देखि ४६ सम्म मौलिक हक र कर्तव्य खण्ड अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरिएको छ । यसमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने, अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने, दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई

सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने, र नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउनका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ भनि उल्लेख गरिएको छ ।

**१.७.२ राष्ट्रिय शिक्षा निती २०७६**

नेपाल सरकारले मिति २०७६/७/१८ गते नेपालको राष्ट्रिय शिक्षा नीति स्वीकृत गरी जारी गरेको छ । यो नीतिमा दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति, नीति र कार्यनीति उल्लेख गरिएको छ । यसमा ५५ ओटा नीतिहरु मुख्य विस्तृत रुपमा उल्लेख गरी संघीय, प्रदेश र स्थानीय सरकारको जिम्मेवारी पनि तोकिएको छ ।

**१.७.३ दिगो विकास लक्ष्य २०३०** (रा.यो.आ २०७६ पुष १४ गते स्वीकृत गरेको ४ नं. बुदाँको कार्यक्रम)

शिक्षा सम्पूर्ण मानव जातिको उत्थान र विकासका लागि हो भन्ने कुरामा बेलौरी नगरपालिका विस्वस्त छ । शिक्षा तत्कालका लागि नभई जीवनपर्यन्त रहिरहोस् भन्नका लागि शिक्षामा निरन्तर लगानी गर्दै विद्यालयमा भौतिक र शैक्षिक गुणस्तर सुधारका लागि क्रियाशील रहेको छ ।

सन् २०३० सम्म विश्वमा निश्चित लक्ष्य हासिल गर्नका लागि १७ वटा दिगो विकासका लक्ष्यहरु निर्धारण गरीएको छ । यी लक्ष्यहरुमध्ये चौथोमा दिगो विकासको लक्ष्यले शिक्षा सम्बन्धी दिगो विकासको लक्ष्य राखेको छ । जसमा सन् २०३० सम्ममा सबैका लागि समावेशी तथा समानतामा आधारीत गुणस्तरीय शिक्षाका साथै जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्ने कुराको उल्लेख गरेको छ ।

**१.७.४ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सम्वन्धी ऐन ,२०७५**

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन,२०७५ मा केहि व्यवस्थाहरु गरिएको छ । यस ऐनको परिच्छेद २ शिक्षामा नागरिकको पहुँच र राज्यको दायित्व अन्तर्गत नागरिकको शिक्षा प्राप्त गर्ने अधिकार, शिक्षा प्रदान गर्ने राज्यको दायित्व हुने, र नागरिकको कर्तव्यको व्यवस्था गरिएको छ । यस्तै परिच्छेद ३ को अनिवार्य तथा निःशुल्क शिक्षा अन्तरगत अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने, बालबालिका भर्ना गराउनुपर्ने, पायक पर्ने विद्यालयबाट शिक्षा प्राप्त गनुपर्ने र भर्ना गर्न इन्कार गर्न नहुने व्यवस्था गरिएको छ ।

**१.७.५ विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) योजना** (मन्त्रालयले २०७३/७ /८ गते स्वीकृत गरेको ७ वर्षे कार्यक्रम)

नेपालको संविधानले परिकल्पना गरेको संघिय गणतन्त्रात्मक राज्य संरचना अनुरुप राष्ट्रको सामाजिक, आर्थिक रुपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धि, प्रवर्द्धनात्मक र मुल्य उन्मुख नागरिको विकासमा योगदान पुऱ्याउने दुरदृष्टि राखि विद्यालय क्षेत्र विकास कार्यक्रम योजनाको निर्माण गरिएको छ । यस योजनाले शिक्षकको पेशागत विकास तथा व्यवस्थापन, संस्थागत क्षमताको विकास, परीक्षा,

अनुगमन तथा मूल्याङ्कन, शिक्षामा सूचना तथा सञ्चार प्रविधि, विपद् जोखिम न्युनीकरण, स्वास्थ्य र पोषण आदि पक्षहरुमा जोड दिइएको छ ।

विद्यालयहरुको विकास बिना अन्य विकासका कार्य सम्भव छ भन्ने कुरामा बेलौरी न.पा.को प्रष्ट धारणा छ । नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नुका साथै गुणस्तर सुधारका लागि विगतमा सात वर्षे विद्यालय क्षेत्र सुधार (SSRP) कार्यान्वयनमा ल्याइएको थियो । यस योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरुलाई निरन्तरता दिन तथा शिक्षाका नवीन कार्यक्रमहरुको प्रस्ताव सहित २०७३ साउनदेखि २०७९ असार ( सन् २०१६ जुलाई देखि २०२३ जुलाई) सम्मको सात वर्षे बिद्यालय क्षेत्र सुधार योजना (SSRP) निर्माण गरिएको छ । योजनाको प्रथम पाँच वर्ष २०७३ साउन देखि २०७८ असार सम्मका लागि श्रोतसहितको कार्ययोजना तयार गरिएको छ । वि.सं. २०७९ सम्ममा नेपाललाई विकाससील राष्ट्रका रुपमा स्तरोन्नति गर्ने राष्ट्रिय दूरदृष्टिलाई आत्मसात गर्दै शिक्षा मन्त्रालयको नेतृत्वमा सहभागितामुलक पद्धतिबाट यस योजनाको तर्जुमा गरिएको छ । दिगो विकासका लक्ष्य हासिल गरि वि.सं. २०८७ (सन् २०३०) सम्म नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रुपान्तरणको लक्ष्य हासिल गर्ने महत्वपूर्ण साधनको रुपमा पनि यस योजनालाई हेरिएको छ । साविकका उपलब्धि, सिकिएका पाठहरु तथा सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (EFA सन् २००१-२०१५) अन्तर्गत संचालन गरिएका सबैका लागि शिक्षा कार्यक्रम (सन् २००४-२००९) र विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९-२०१६) का एकीकृत उद्देश्य, र ती उद्देश्यहरुलाई प्राप्त गर्नका लागि रणनीतिक योजनाहरु तयार गरिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमका उद्देश्यहरुमा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशील राखिएको छ भने यसको प्राप्तिको लागि ११ ओटा रणनीतिक योजनाहरु पनि बनाइएको छ ।

### १.७.६ स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन

राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७१ अनुसार आधारभूत तहमा २० प्रतिशत १०० पूर्णाङ्कको व्यवस्था गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७५, मा भएको प्रावधान अनुसार स्थानीय तहले विद्यालय तहको पाठ्यक्रममा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरि लागु गर्न पाउने व्यवस्था गरिएको छ । नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले तयार गरेको स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचा लगायतको बारेमा प्रष्ट मार्गदर्शन गरेको छ । आफ्नो क्षेत्र विशेषको पहिचान र विकासका लागि बालबालिकाहरुलाई त्यस क्षेत्रको चिनारी गराउंछ । स्थानीय पाठ्यक्रम मार्फत विषयवस्तु समावेश गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने पक्षमा बेलौरी नगरपालिका विस्वस्त रहेको छ ।

### १.७.७ शिक्षा सम्बन्धी अन्य शैक्षिक योजनाहरु

शिक्षा प्राप्त गर्ने सबै नागरिकको अधिकार हो । शिक्षाले सबै व्यक्ति,समुदाय र पक्षको विकास गराउछ । यसैले देशका सबै पक्षसामु शिक्षाको पहंच पुऱ्याउन विभिन्न योजनाहरु लागु गरिएका छन् । ती

योजनाहरु मध्ये १५ औं पञ्चवर्षिय योजना (रा.यो.आ.ले २०७६ फाल्गुनमा स्वीकृत गरेको) , समावेशी शिक्षा निति २०७३ , नमुना विद्यालय विकास एवं संञ्चालन निर्देशिका,२०७४ र प्राविधिक तथा व्यवसायीक शिक्षा निति,२०६४ प्रमुख रुपमा रहेका छन् । यस्तै स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को परिच्छेद ३ को दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी व्यवस्था उल्लेख गरिएको छ ।

## १.८ शैक्षिक समस्या तथा चुनौतिहरु (वर्तमान क्षेत्रगत अवस्था विश्लेषण सहित)

### १.८.१ बेलौरी नगरपालिमा रहेका शिक्षाका चुनौतीहरु

१) विद्यालयमा पूर्ण बालमैत्री वातावरण बनाउन नसकिएको ।
२) शिक्षक कर्मचारीले आफ्ना सन्तान सामुदायिक विद्यालयमा नपढाउनु ।
३) सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै जानु ।
४) अभिभावकको चाहना अनुसार सबै सामुदायिक विद्यालयहरुमा बालविकास देखि नै अँग्रेजी शिक्षा लागु गर्न नसकिनु ।
५) केही सामुदायीक विद्यालयहरुमा अँग्रेजी भाषामा शिक्षा दिन खोज्दा पनि प्रभावकारी व्यवस्थापन हुन नसक्नु ।
६) आधारभूत शिक्षामा सबैको पहुँच समान नहुनु ।
७) साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमहरु प्रभावकारी सञ्चालन हुन नसक्नु ।
८) विद्यालयमा राजनीतिक हस्तक्षेप हुने गरेको आरोप ।
९) सजाय रहित शिक्षा, निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतीले सिकाई उपलब्धी र विद्यार्थी अनुशासन झरेको गुनासो ।
१०) स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गराउन नसकिनु ।
११) प्राविधिक तथा व्यवसायीक शिक्षा लागु गर्न नसकिनु ।
१२) बालबालिकाहरुले माथिल्लो कक्षामा विद्यालय छोड्ने उच्च दर हुनु ।

### १.८.२ बेलारी नगरपालिकामा शिक्षाका समस्याहरु

**क) भौतिक समस्या**

१) केहि विद्यालयहरुमा भवन र कक्षाकोठाको कमी, रंगरोगन नभएको र अपांगमैत्री संरचनाको अभाव ।
२) केहि विद्यालयहरुमा स्वच्छ खानेपानी, बिजुली बत्तीको अभाव ।
३) केहि विद्यालयमा विज्ञान प्रयोगशाला, कम्प्युटर सामग्री र पुस्तकालयको अभाव ।
४) अपांगमैत्री, लैङ्गिकमैत्री शौचालय नभएको ।
५) केहि विद्यालयका कक्षाकोठामा बुक कर्नर, भित्ते घडी र डस्टबिनको कमी ।
६) विद्यालयमा खेलमैदान र घेरबारको अभाव ।
७) फर्निचर अभावका साथै विद्यार्थीहरुको उमेर सुहाउँदो फर्निचरको कमी ।
८) विद्यालयमा वि.व्य.स., प्रधानाध्यापक, शिक्षक स्टाफ, शैक्षिक समाग्री, खेलकुद समाग्री कक्षको अभाव

**ख) व्यवस्थापकीय समस्या**

१) विद्यालयमा विपद् व्यवस्थापन योजना नभएको ।

२) प्रधानाध्यापकले शैक्षिक नेतृत्व दिन नसकेको ।

३) वि.व्य.स. गठनमा राजनीतिक प्रभाव पर्नु र शिक्षकहरु पनि राजनीतिक दृष्टिकोणबाट परिचालित हुनु ।

४) कार्य सम्पादनका आधारमा पुरस्कार र दण्डको व्यवस्था नहुनु ।

५) प्र.अ. को शिक्षण कार्यमा बढि समय जानु र सुपरीवेक्षण तथा प्रशासनिक, अनुगमनको भूमिका गौण हुनु ।

६) शिक्षकले ड्रेस नलगाउने गरेको र विद्यार्थीहरुको न.पा. भर एकै किसिमको ड्रेस नभएको ।

७) शिक्षा ऐन, कानुन र नीतिको निर्माण र कार्यान्वयन हुन नसकेको ।

८) विद्यालय तथा नगरपालिकाले शैक्षिक क्यालेण्डर निर्माण गरि लागु गर्न नसक्नु ।

९) विद्यालय तथा कक्षाकोठाको सरसफाईमा कमी ।

१०) विद्यालयमा शिक्षक/विद्यार्थी अनुपात नमिलेको र विद्यालमा मर्जको आवश्यकता ।

११) कक्षा -८ को जस्तै कक्षा ५ मा पनि पालिका स्तरीय परिक्षा नभएको ।

१२) समयमा नै नगर शिक्षा समिति गठन हुन नसक्नु ।

१३) जथाभावी विद्यालय खोल्न अनुमति दिनु ।

१४) शिक्षामा व्यापारीकरण हुनु ।

१५) निशुल्क शिक्षा अनिवार्य नहुनु ।

१६) वि.व्य.स.मा चयन हुने व्यक्तिहरुको योग्यता निर्धारण नहुनु ।

**ग) शिक्षण सिकाईका समस्या**

१) भाषागत समस्या (राना, चौधरी जातिमा) मातृ भाषामा पठन-पाठन नभएको ।

२) शिक्षकलाई समाय अनुकुल तालिम हुन नसकेको ।

३) बालशिक्षामा विद्यालय र अभिभावकहरुको प्रयाप्त ध्यान जान नसकेको ।

४) परिक्षा प्रणाली व्यवस्थीत नहुनु ।

५) विषयगत शिक्षकको अभावले प्रभावकारी शिक्षण हुन नसक्नु ।

६) बालविकास कक्षाबाट अंग्रेजी माध्यमको सुरुवात नगरिनु र अँग्रेजी विषयको शिक्षणमा नै अँग्रेजी भाषाको प्रयोग नगरिनु ।

७) शिक्षकले शिक्षक डायरी एवं योजना बनाई शिक्षण नगर्नु ।

८) पूर्ण समय सम्म शिक्षक र विद्यार्थीहरु विद्यालयमा नबस्नु ।

९) १-५ मा अध्यापनरत शिक्षकलाई मन्टेश्वरी तालिम सहित शिक्षकहरुलाई समयानुकुल सुचनाप्रविधि( IT) सम्बन्धि तालिम नहुनु ।

१०) विद्यालयमा कम्प्यूटरको अभाव र कम्प्यूटर विषय प्रयोगात्मक हुन नसक्नु ।

११) शैक्षिक सामग्रीको समस्या ।

१२) शिक्षकले तालिममा सिकेका सिप, कला र प्रबिधिहरु प्रयोगमा नल्याउनु ।

१३) सबैजसो विद्यालयमा शिक्षण सिकाई उपलब्धी न्यून हुनु ।

१४) शिक्षकलाई दण्ड र पुरस्कारको व्यवस्था नहुनु ।

१५) आधारभूत तहको कमजोरीका कारण माथिल्लो तहमा पनि विद्यार्थीहरुको सिकाई उपलब्धीमा कमजोरी देखिनु ।

१६) शिक्षकहरुको बढुवा समयमा नहुनु ।
१७) शिक्षण सिकाई क्रियाकलापमा पाठ्यक्रमको प्रयोग नहुनु ।
१८) शिक्षकहरुलाई पालिकास्तरीय सरुवा नहुनु ।

**घ) विद्यार्थीहरुसंग सम्बन्धित समस्या**
१) विद्यार्थीहरु अनुशासित हुन नसक्नु ।
२) केहि विद्यार्थीहरु नियमित नआउने, कक्षा छोड्ने, भाग्ने र कुलतमा लाग्ने समस्या ।
३) नियमित गृहकार्य नगर्नु ।
४) विद्यालयका अतिरिक्त क्रियाकलापमा रुची नदेखाउनु ।
५) कक्षा कार्य, परियोजना कार्य लगायत शिक्षकसंगको अन्तरक्रियामा निष्कृय रहनु ।

**ङ) आर्थिक समस्या**
१) अभिभावकहरुमा आर्थिक समस्या ।
२) विद्यालयमा आन्तरिक आर्थिक अवस्था कमजोर हुनु ।
३) राज्य र अभिभावकहरुबाट शिक्षामा न्यून लगानी हुनु ।
४) बर्गिय स्तरको छात्रवृतिको व्यवस्था नभएको ।
५) निजि स्रोत शिक्षक राख्नु परेको र अभिभावकहरुबाट शुल्क लिनुपर्ने बाध्यता ।
६) धेरै जसो विद्यालयमा नियमित लेखा परीक्षण, सामाजिक परीक्षण हुन नसकेको ।
७) विद्यालयमा जिन्सी व्यवस्थापन तथा खाता पानानम्बर नराखेको ।
८) विद्यालयमा मर्मत संम्भार सम्बन्धी खर्चको व्यवस्था नहुनु ।
९) विद्यालयमा कार्यरत सबै किसिमका शिक्षकहरुलाई एकै किसिमका सेवा सुविधा उपलब्ध नगरिनु ।
१०) शिक्षा क्षेत्रमा प्रयाप्त बजेट बिनियोजन गर्न नसक्नु । साथै विद्यालयमा प्राप्त हुने बजेटको तीस प्रतिशत शिक्षण सिकाईमा विनियोजन गर्ने व्यवस्थाको कमी ।

**च) अनुगमन तथा मूल्यांङ्कनका समस्या**
१) प्रधानाध्यापकबाट शिक्षकहरुको कक्षा शिक्षणको अनुगमन नहुनु ।
२) विद्यालयमा अनुगमनका दृष्टिकोणले कुनै पनि प्रभावकारी कार्य नगरिनु ।
३) सम्बन्धित निकायबाट विद्यालयमा नियमित अनुगमन हुन नसकेको ।
४) अनुगमनकर्ताहरुले तयार गरेको प्रतिवेदन कार्यान्वयन गराउने पद्धतिको कमी ।

**छ) अतिरिक्त क्रियाकलापका समस्या**
१) विद्यालयमा नियमित रुपमा अतिरीक्त क्रियाकलाप नभएको ।
२) कम्प्यूटर, शारीरिक शिक्षा लगायत प्रयोगात्मक बिषयहरुको आवश्यकतानुसार सहक्रियाकलाप हुन नसकेको ।
३) शुक्रबारका दिन योजना बनाई अतिरिक्त क्रियाकलाप हुन नसकेको र सिमित किसिमका क्रियाकलापहरु मात्र गर्ने गरिएको ।
४) अतिरिक्त क्रियाकलापबाट बालबालिकाहरुको विविधता छनोट गरी व्यक्तित्व विकास गर्न नसकिएको ।

**ज) अभिभावकसंग सम्बन्धित समस्या**

१) विद्यालयका भेला, बैठक र कार्यक्रमहरुमा उपस्थित नहुनु ।

२) अभिभावकहरुमा शैक्षिक चेतनाको कमी हुनु ।

३) घरमा छोराछोरीहरुलाई उपयुक्त हेरचाह र पढाईमा सहयोग नगरेको ।

४) सरकारी र संस्थागत विद्यालयमा पढ्ने आफ्नै छोरा छोरीहरुलाई, पोशाक, शैक्षिक सामग्री र खाजा व्यवस्थापनमा भेदभाव गर्नु ।

५) सिमान्तकृत समुदायका अभिभावकहरुले आफ्ना आधारभूत आवश्यकताको पूर्ति गर्ने क्रममा शिक्षालाई कम महत्व दिनु ।

६) अभिभावकहरुमा शिक्षा सम्बन्धि चेतनाको कमी ।

७) अभिभावकहरुमा शिक्षकसंग भेटघाट, छलफल अन्तरक्रिया एवं समन्वय गर्ने पद्धतिको कमी ।

**झ) अनौपचारिक तथा जीवनोपयोगी शिक्षा सम्बन्धी समस्या**

१) निरक्षर जनसंख्याको वास्तविक तथ्यांक नहुनु ।

२) अनौपचारीक शिक्षा प्रक्रियामुखी मात्र हुनु ।

३) विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई साक्षर बनाउने अभियानको कमी ।

४) अनौपचारिक शिक्षालाई जीवनोपयोगी ज्ञान, सीप, तथा तालिमसंग जोडन नसक्नु ।

"

.

## परिच्छेद दुई – नयाँ शिक्षा क्षेत्र योजना

### २.१ सन्दर्भ र औचित्य

नेपालको संविधानको भाग ३ को धारा ३१ मा शिक्षा सम्वन्धी हकलाई मौलिक हकको रुपमा राखिएको छ, भाग ४ को धारा ५१ को राज्यका नीतिमा पनि शिक्षालाई आधारभुत आवश्यकताको रुपमा वर्गिकरण गरेको छ । यसका साथै दिगो विकास लक्ष्य अन्तर्गत गुणस्तरीय शिक्षालाई लक्ष्य नम्बर ४ मा राखेको छ । नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनका लागी राज्यबाट विभिन्न प्रयासहरु भईरहेका छन् । शिक्षालाई अझै व्यवहारिक तथा सिपमुलक बनाई जीवनोपयोगी बनाउनका लागी संविधानले शैक्षिक क्षेत्रको पूर्वाधार विकास, व्यवस्थापकीय, नीति तथा कार्यक्रम बनाई गुणस्तरीय शिक्षा प्रदान गर्ने अधिकार स्थानीय तहलाई दिईएको छ । सो अधिकार बमोजिम हाल नगरपालिकाले शिक्षा नीति, कार्यक्रम बनाई कार्यान्वयन गर्दै आईरहेको सन्दर्भमा यो योजना निर्माण भएकोछ ।

२.२ **दिर्घकालीन राष्ट्रिय सोच** : आर्थिक तथा सामाजीक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने ।

२.३ **बेलौरी नगरपालिकाको दिर्घकालीन सोच तथा गन्तव्य :**

देश विदेशका लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्नुका साथै अन्तराष्ट्रिय स्तरमा प्रतिष्पर्धा गर्न सक्षम नागरिक तयार गर्ने ।

२.४ **ध्येय :** विभिन्न सरोकारवालाहरुसंग सहकार्य र समन्वय गरि शिक्षालाई रोजगारमूलक र उत्पादनमूखीका साथै अन्तरराष्ट्रिय परिवेश अनुकुल विकास गर्ने ।

२.५ **लक्ष्य :** समावेशी सिद्धान्तको भावनालाई मध्यनजर गरि गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

२.६ **प्रमूख उद्देश्यहरु :**

१) आधारभूत तहसम्म अनिवार्य सहित माध्यमिक तह सम्मको शिक्षा निःशुल्क बनाउने ।
२) दक्ष र स्वरोजगारमूलक जनशक्ति उत्पादन गर्न प्राविधिक तथा व्यावसायीक शिक्षालाई प्राथमिकता प्रदान गर्ने ।
३) सवै विद्यालहरुलाई बालमैत्री, छात्रामैत्री, अपाङ्ग मैत्री र शान्ति क्षेत्रको रुपमा विकास गर्ने ।
४) बालबालिकाहरुलाई स्थानीय परिवेशसंग परिचित गराउन स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ ।
५) विद्यालयको आवश्यकतामा आधारित भौतिक पक्षको व्यवस्थापन गर्ने ।
६) गरिव, बिपन्न तथा दलित परिवारका लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरु संचालन गरी उनीहरुका बालबालिकाका लागि विद्यालय तहको शिक्षा सूनिश्चित गर्ने ।
७) सामुदायीक शिक्षाको गुणस्तर विकासका लागि शिक्षक व्यवस्थापन गर्ने ।
८) बिद्यालयहरुका शिक्षण सिकाई र शैक्षिक कार्यक्रमहरु सूचना प्रविधियुक्त बनाउने ।
९) शिक्षण सिकाईका वैकल्पीक मार्गहरु सुनिश्चित गर्ने ।
१०) शिक्षकहरुको पेशागत सिप विकास तालिम मार्फत दक्षतामा वृद्धि गर्ने ।
११) सामुदायिक तथा संस्थागत विद्यालयको असल अभ्यास आदान प्रदानको वातावरण सिर्जना गर्ने ।
१२) विद्यालय अनुगमन तथा मूल्यांकनमा प्रभावकारिता ल्याउने ।

२.७ **कार्यनीति र रणनीतिक क्रियाकलाप**

**२.७. १ आधारभुत तहसम्म अनिवार्य सहित माध्यमिक तह सम्मको शिक्षा निःशुल्क बनाउने ।**

क) सबै नागरिकलाई आधारभूत शिक्षाको हक सुनिश्चित गरिनुका साथै सबै बालबालिकाहरुका लागि आधारभूत तह सम्मको शिक्षा अनिवार्य र नि :शुल्क बनाईनेछ ।
ख) वडा कार्यालय मार्फत विद्यालय सेवा क्षेत्र भित्रका सरोकारवालाहरुको भेला गराई आधारभुत शिक्षामा पहुँच नपुगेका बालबालिकाहरुको पहिचान गरि बिद्यालय भर्ना गरिनेछ ।

ग) बिद्यालयको आवश्यकतानुसार अभिभावक सहयोग कोष स्थापना गरिनेछ ।
घ) नगर स्तरमा कोष परिचालन निर्देशिका तयार गरी विद्यालय सहायता कोष स्थापना लागु गरिनेछ ।
ङ) नगरपालिकाले प्रदान गर्ने सुविधाका लागि अनिवार्य तथा आधारभुत शिक्षा उमेर समुहको विद्यार्थी भर्ना अनिवार्य गरिनेछ ।

**२.७.२ दक्ष र स्वरोजगारमूलक जनशक्ति उत्पादन गर्ने प्राविधिक तथा व्यवसायीक शिक्षालाई प्राथमिकता प्रदान गर्ने ।**

**क) प्राविधिक शिक्षामा शिक्षकको दक्षता वृद्धि गर्न व्यवसायिक शिक्षा सीप विकास तालिम प्रदान गरिनेछ ।**

- विद्यालय मार्फत सामाजका आवश्यकता तथा सीपमूलक शिक्षाका चाहाना पूरा गर्न विद्यार्थीलाई आत्म निर्भर बनाउन छोटो अवधिको एक विद्यालय एक सीपमूलक तालिम प्रदान गरिनेछ ।
- व्यवसायिक शिक्षाको विकास गर्न शिक्षकको पेशागत दक्षता अभिवृद्दि गरिनेछ ।
- प्राविधिक शिक्षामा शिक्षकको सीप विकास गर्न पुनर्ताजगी तालिम प्रदान गरिनेछ ।

**ख) आत्म निर्भरउन्मुख प्राविधिक तथा व्यवसायिक शिक्षाको विकास तथा विस्तार गरिनेछ ।**

- नगरपालिका भित्र विद्यार्थीको चाहाना एवम् समाजको आवश्यकता बमोजिम प्राविधिक बिद्यालयहरु संचालन गरिनेछन्
- नगरपालिकामा पाँच वर्ष भित्र बहुप्राविधिक विद्यालय संचालन गरिनेछ ।
- नगरपालिकामा एउटा रोजगार सुचना केन्द्रको स्थापना गरिनेछ । नमुना विद्यालयका मापदण्ड तयार पारी नगरपालिका भित्र नगर प्रमुख नमुना विद्यालय कार्यक्रम संचालन गरिनेछ ।

**२.७.३ सबै विद्यालयहरुलाई बालमैत्री, छात्रामैत्री, अपाङ्ग मैत्री र शान्ती क्षेत्रको रुपमा विकास गर्ने ।**

**क) विद्याललाई बालमैत्री स्थलको रुपमा विकास गरिनेछ ।**

- विद्यालयमा बाल उद्यान निर्माण गरिनेछ ।
- प्रत्येक विद्यालयहरुमा र नगरपालिका स्तरमा एक बालक्लब गठन गरिनेछ ।
- बालविकास देखि कक्षा ३ सम्मका लागि बालमैत्री पूर्वाधार विकासगरिनेछ ।
- बालबालिका लागि खेलकुद तथा खेलौना सामग्रीका लागि अनुदान प्रदान गरिनेछ ।
- बेवारिसे र असहाय बालबालिकाहरुका लागी नगरपालिकामा एक बालगृह निर्माण गरिनेछ ।

**ख) विद्यालयमा सुरक्षित, संरक्षित र सहयोगी सिकाई वातावरणका लागि विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्य ढाँचाको व्यवहारिक कार्यान्वयनमा जोड दिइनेछ ।**

- विद्यालयलाई विगतमा शान्ति क्षेत्रको रुपमा घोषणा गरेकोमा राजनीतिक दलका स्थानीय प्रतिनिधि मार्फत ऐक्यबद्धता गर्न लगाई विद्यालय शान्ति क्षेत्र घोषणा गरिनेछ ।
- विद्यालय विद्यार्थी, अभिभावक र वि.व्य.स. मिलेर विद्यालयलाई शान्ति क्षेत्रका आचारसंहिता तयार पारी  कार्यान्वयनमा लगिनेछ ।
- विद्यार्थीहरुलाई विद्यालयमा दण्डरहित सिकाई वातावरण निर्माण गरिनेछ ।

**ग) विद्यालयमा अपाङ्गतामैत्री वातावरण तयार गरिनेछ ।**

- विशेष क्षमता र अवस्था भएका बालबालिकाहरुलाई विभिन्न उपाय अवलम्बन गरी शिक्षाको हक सुनिश्चित गरिनेछ ।
- विद्यालयमा अपाङ्गतामैत्री भौतिक संरचनाको व्यवस्था गरिनेछ ।

- अपांगता भएका बालबालिकाहरुको अवस्था अनुसार पाठ्यसामग्रीहरु वितरण गरिनेछ ।
- नगर क्षेत्रभित्र संचालित विशेष शिक्षा प्रदान गर्ने विद्यालयलाई थप प्रोत्साहन गरिनेछ ।

**२.३.४ बालबालिकाहरुलाई स्थानीय परिवेशसंग परिचित गराउन स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ ।**

क) विज्ञ समुहबाट स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ साथै पाठ्यक्रम निर्माण प्रक्रिया सहभागितामूलक बनाईने छ ।

ख) पाठ्यक्रम निर्माणका मापदण्ड अनुकुल स्थानीय परिवेश सुहाउदो पाठ्यक्रम विकास गरिनेछ|

ग) स्थानीय पाठ्यक्रमको आधारमा शिक्षण गर्न शिक्षकहरुलाई अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ ।

घ) स्थानीय भाषाभाषिकालाई पहिचान गर्नुका साथै बहुभाषिक विद्यार्थीहरुलाई सम्बोधन गर्न बहुभाषिक नीति अवलम्बन गरी प्रत्येक बालबालिकालाई मातृ भाषामा शिक्षा पाउने अधिकार सुनिश्चित गर्न प्रयत्न गरिनेछ ।

ङ) गुण मानक निर्धारण गरि सूचकका आधारमा स्थानीय पाठ्यक्रमको विकास गरिनेछ ।

च) तयार पारिएको स्थानीय पाठ्यक्रम र सन्दर्भ सामग्रीहरु विद्यालयलाई निःशुल्करुपमा वितरण गरिनेछ ।

छ) स्थानीय परिवेश अनुसार बहुभाषिक सीप विकास गर्न शिक्षकहरुलाई अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ ।

**२.७.५ विद्यालयको आवश्यकतामा आधारित भौतिक पक्षको व्यवस्थापन गर्ने ।**

**क) योजना अवधिभरमा सबै सामुदायिक विद्यालयहरुको अवस्थामा सुधार गरि भौतिक रुपमा सुविधा सम्पन्न बनाइनेछ ।**

- विद्यार्थी सुहाउदो फर्निचर निर्माण गरिनेछ ।
- अपांगतामैत्री, लैङ्गिकमैत्री शौचालय निर्माण गरिनेछ ।
- बालमैत्री कक्षाकोठा निर्माण कार्यक्रम सञ्चालन गरिनेछ ।
- विज्ञान प्रयोगशाला, कम्प्युटर सामग्री र पुस्तकालय व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय मर्मत सम्भार तथा रंगरोगन गरिनेछ ।
- प्रत्येक विद्यालयका कक्षा कोठामा बुक कर्नरको व्यवस्था गरिनेछ ।

**ख) प्रत्येक विद्यालयमा अतिरिक्त संरचना निर्माण गरिनेछ ।**

- प्रत्येक विद्यालयमा एउटा अतिरीक्त क्रियाकलाप कक्ष तथा सभा हल निर्माण गरिनेछ ।
- आवश्यकता अनुरुप प्रत्येक विद्यालयमा खेलमैदान र घेरवार सुधार कार्य गरिनेछ ।
- कक्षा १२ सम्म सञ्चालित तथा प्राविधिक धार भएका विद्यालयहरुमा छात्रावासको व्यवस्था गरिनेछ ।
- हाल संचालनमा रहेको स्रोतकेन्द्र भवनलाई नगरपालिकाभरकै लागि आधुनिक र प्रविधीयुक्त बनाईनेछ ।

- विद्यालयहरुलाई सिकाइ र सुन्दरताको केन्द्रविन्दु बनाउन अर्थपूर्ण कक्षाकोठा व्यवस्थापन, नक्साकार्य निर्माण स्थल, नाट्य प्रदर्शनी स्थल योगध्यान, संगित, खेलकुद, कला, साहित्य र स्वास्थ्य शिक्षाका कार्यक्रमहरु प्राथमिकताका साथ संचालन गरिनेछ ।
- अब उपरान्त निर्माण हुने विद्यालय भवनहरुमा टिनको छानाको सट्टा लेन्टरको संरचना निर्माण गरिनेछ ।
- प्रत्येक विद्यालयमा उज्यालोको नियमितता र खर्चमा मितब्ययिता ल्याउन वैकल्पिक उर्जाको रुपमा सौर्यबत्ती जडान गरिनेछ ।

**२.७.६ गरिब,विपन्न तथा दलित परिवारका लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरु संचालन गरी उनीहरुका बालबालिकाका लागि विद्यालय तहको शिक्षा सुनिश्चित गर्ने ।**

क) आर्थिक र सामाजिक रुपले विपन्न वर्गका बालबालिका तथा लक्षित वर्गका बालबालिकाहरुका लागि विद्यालयको पहुँच सुनिश्चित गरिनेछ ।

ख) शिक्षक दरबन्दी मिलान गर्दा प्रत्येक विद्यालयमा स्थानीय भाषा संग परिचित शिक्षकको व्यवस्था मिलाइने छ ।

ग) बहुसंख्यक समुदायको बाहुल्यता भएका विद्यालयमा सोही भाषा समुदायका शिक्षकको प्रतिनिधित्व हुने व्यवस्था मिलाइनेछ ।

घ) संस्थागत विद्यालयहरुलाई सामाजिक उत्तरदायित्व अन्तरगत विपन्न समुदायका बालबालिकालाई निःशुल्क शिक्षाका व्यवस्थापन गर्न प्रयत्न गरिनेछ ।

ङ) समाजका लब्ध प्रतिष्ठित र विज्ञ व्यक्तिलाई विपन्न बालबलिकाको अभिभावकत्व ग्रहण गरी पठन पाठनको व्यवस्था मिलाउन प्रोत्साहन गरिनेछ ।

च) दलित बालबालिकालाई लक्षित गरि निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति र सन्दर्भ सामग्री उपलब्ध गराईनेछ ।

छ) बिपन्न, दलित र अपांगता भएका बालबालिकालाई प्राविधिक तथा उच्च शिक्षा अध्ययनका लागि नगरपालिकामा  छात्रवृतिको व्यवस्था गरी पठनपाठनमा सहयोग पुऱ्याइनेछ ।

**२.७.७) सामुदायिक शिक्षाको गुणस्तर विकासका लागि शिक्षक व्यवस्थापन गर्ने ।**

**क) विद्यालयको अपुग दरबन्दी व्यवस्थापन गरि शिक्षण सिकाईको सूनिश्चिता गरिनेछ ।**

- प्रत्येक विद्यालयमा कम्प्यूटरतथा खेलकुद शिक्षकको व्यवस्था गरिनेछ ।
- शिक्षकहरुलाई ५। ५ बर्षमा पालिका स्तरीय सरुवा गर्ने नीति बनाई लागु गरिने छ ।
- नगरपालिका क्षेत्रभित्र नियमानुसार शिक्षक दरबन्दी मिलान गरिनेछ ।
- प्रत्येक विद्यालयमा विषयगत शिक्षकको व्यवस्था गरिनेछ ,सो व्यवस्था नहुन्जेल सम्मका लागि प्रति विद्यार्थी अनुदानको व्यवस्था गरिने छ ।
- विद्यालयहरुमा अंग्रेजी माध्यमको शुरुवात गर्ने सामुदायिक विद्यालयहरुलाई प्रोत्साहन गरिने छ ।

**२.७.८) बिद्यालयहरुका शिक्षण सिकाई र शैक्षिक कार्यक्रमहरु सूचना प्रविधियुक्त बनाउने ।**

- नवीनतम शिक्षण सिकाइ प्रविधिको उपयोग गरि सिकाइ प्रक्रियालाई प्रभावकारी र दिगो बनाउन नवीनतम प्रविधिको पहुँच वृद्दि गर्ने ।
- सवै बिद्यालयमा प्रविधियुक्त शिक्षणका लागि आवश्यक पूर्वाधारको पहुँचको वृद्दि गरिनेछ ।
- सवै विद्यालयलाई इन्टरनेट सुविधाको पहुँचमा ल्याइनेछ ।
- माहामारी तथा विपद्को समयमा पनि शिक्षण सिकाइ कार्यलाई निरन्तरता दिन प्रविधिको प्रयोगमा बिद्यालयलाई जिम्मेवार बनाइनेछ ।
- शिक्षण सिकाइमा विकास भएका नविनतम प्रविधिको प्रयोग गरी शिक्षण सिकाइलाई सिर्जनात्मक ,मनोरञ्जनात्मक, प्रयोगात्मक र प्रभावकारी बनाइनेछ ।
- विद्यालय तहमा कम्प्युटर तथा आईसिटिको उचित व्यवस्था गरिनेछ ।
- स्मार्टबोर्डको प्रयोग एवं प्रोजेक्टर मार्फत पढाइ हुने वातावरण विकास गरिनेछ ।
- नगरपालिकाभरिका सवै विद्यालयहरुमा एक शिक्षक एक ल्यापटप, शिक्षक झोला र शिक्षक डायरी वितरण कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालयहरुमा शिक्षण सिकाई र शैक्षिक कार्यक्रमहरु सूचना प्रविधियुक्त बनाइनेछ ।

**२.७.९) शिक्षण सिकाईका वैकल्पिक मार्गहरु सुनिश्चित गर्ने ।**

**क) आवश्यकतानुसार सिकाई केन्द्रहरुको स्थापना गरिनेछ ।**

- सामुदायिक सिकाई केन्द्रलाई निरन्तर सिकाई केन्द्रको रुपमा विकास गरिनेछ ।
- नगरपालिकाका विभिन्न क्षेत्रमा पुस्तकालय स्थापना गरी आम नागरिकको अध्ययन स्थलको रुपमा विकास गरिनेछ ।

**ख) शिक्षालाई श्रमसँग, श्रमलाई सिपसँग र सिपलाई उत्पादनसँग जोड्न प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिइनेछ ।**

- परम्परागत सीपमा आधारित प्रविधिलाई स्थानीय विषयको रुपमा लिई आधुनिक सीप विकास गरिनेछ ।
- सामुदायमा भएको सिपलाई प्रयोग गरी बालबालिकाहरुको पठनपाठन गरिनेछ ।
- सिप विकासका लागि छोटो अवधिको सिपमुलक तालिमहरुको आयोजना गर्ने प्रयत्न गरिनेछ ।
- नगरपालिकामा एउटा सिपमूलक र अल्पकालिन व्यवसायीक सीपमुलक केन्द्र स्थापना गर्ने प्रयत्न गरिनेछ ।
- विपन्न वर्गका लागि जीवनोपयोगी ज्ञान, सीप, सम्बन्धी तालिम प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

**ग) सिमान्तकृत समुदायका बालबालिका लागि प्रोत्साहन कार्यक्रम संचालन गर्ने ।**

- नगरपालिकामा एउटा नगर प्रमुख सहायता कोष स्थापना गरि जेहेन्दार विद्यार्थी, छात्रा, दलित, अनाथ, असहाय र अपांग विद्यार्थीलाई छुट्टाछुट्टै छात्रवृति वितरण गरिनेछ ।
- विद्यालयमा अति विपन्न बालबालिकालाई पोशाक र कापी कलमको व्यवस्था गरिनेछ ।

**२.७.१०) शिक्षकहरुको पेसागत सिप विकास तालिममार्फत दक्षतामा वृद्धि गर्ने ।**

**क) गुणस्तरिय शिक्षा प्रदान गर्नका लागि विद्यालयमा कार्यरत सबै शिक्षकहरुको पेसागत सुदृढिकरण गरिनेछ ।**

- बालविकास कक्षामा अध्यापनरत शिक्षकलाई मन्टेश्वरी तालिम प्रदान गरिनेछ ।
- प्र.अ./ वि.व्य स., शिक्षक र लेखापालका लागि आवश्यकतानुसारका विविध तालिमहरु संचालन गरिनेछ ।

ख) शैक्षिक क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा सुनिश्चित गर्न अनुभव आदान प्रदान तालिम तथा पेसागत वृद्धि विकासका अवसरहरु प्रदान गरिनेछ ।

ग) आवश्यकता अनुसार शिक्षक क्षमताको उपयोग गर्न आन्तरिक सरुवाका लागि पहल गरिनेछ ।

घ) शिक्षकको पेशागत क्षमतामा सहयोग पुऱ्याउन उच्च शिक्षाका विषय विज्ञद्वारा शिक्षकलाई प्राविधिक सहयोगको व्यवस्था मिलाइने छ ।

ङ) नगरपालिकाभरका विद्यालयबाट उत्कृष्ट शिक्षक र विद्यार्थीलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

च) शिक्षकहरुलाई प्रविधीमैत्री बनाईनेछ ।

**२.७.११) सामुदायीक तथा संस्थागत विद्यालयको असल अभ्यास आदान प्रदानको वातावरण सिर्जना गर्ने ।**

क) सामुदायिक र संस्थागत विद्यालयका राम्रा अभ्यासहरुलाई एक आपसमा आदान प्रदान गर्ने वातावरण सृजना गरिनेछ ।

ख) संस्थागत विद्यालयहरुलाई भविश्यमा निर्माण हुने नगर शिक्षा ऐन मार्फत नियमन गरिनेछ ।

ग) सामुदायिक तथा निजी विद्यालयलाई एक अर्काको परिपुरकको रुपमा विकास गरिनेछ ।

घ) निर्धारित मापदण्ड तयार गरी सो आधारमा संस्थागत विद्यालयको सञ्चालन, अनुगमन र नियमन गरिनेछ ।

ङ) शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सामुदायिक र संस्थागत विद्यालय बिच प्रतिस्पर्धात्मक वातावरण तयार गरिनेछ ।

च) सामुदायिक ,सामुदायिक र संस्थागत, संस्थागत विद्यालयहरुकाबीच विद्यालय एकीकरण नीति बनाई लागु गरिनेछ ।

**२.७.१२) विद्यालय अनुगमन तथा मूल्यांकनमा प्रभावकारिता ल्याउने ।**

क) नगरपालिकामार्फत विद्यालयहरुमा नियमित अनुगमन र मूल्यांकनका कार्यहरु संचालन गरिनेछ ।

ख) सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई शैक्षिक तथ्यांक समयमा अध्यावधिक गरि नगरपालिकामा बुझाउने व्यवस्थालाई प्रभावकारीरुपमा लागु गरिनेछ ।

ग) कक्षा ८ जस्तै कक्षा ५ को परीक्षालाई नगर स्तरीय परीक्षाका रुपमा संचालन गर्न पहल गरिनेछ ।

घ) नगरपालिका भर एकै किसिमको मूल्यांकन तथा परिक्षाका कार्यक्रमहरु संचालन गरिनेछन् ।

ङ) मूल्याङ्कन प्रणालीलाई क्रमशः प्रविधिमा आधारित तथा व्यवस्थित गर्दै लगिनेछ ।

च) नगरपालिका भरिका माध्यमिक तहका ग्रेडवृद्धि तथा एक्जाम्टेड परिक्षामा सहभागी हुने विद्यार्थीहरुका लागि नगरपालिकाभित्र नै SEE परीक्षा केन्द्र संचालन गर्नका लागि पहल गरिनेछ ।

छ) विद्यालय व्यवस्थापन समिति तथा प्र.अ.लाई विद्यालय संचालन व्यवस्थापन र अनुगमनमा जिम्मेवार बनाई आवश्यकताका आधारमा क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।
ज) विद्यालय तथा समुदायको सम्बन्ध सुमधुर बनाइ विद्यालय प्रति समुदायको अपनत्व विकास गर्न अभिभावक शिक्षा,मनोपरामर्श कार्यक्रम, वि.व्य.स/ शि.अ.स. क्षमता विकास जस्ता कार्यक्रमहरु संचालन गरिनेछन ।
झ) नगरपालिका मार्फत विद्यालयमा प्रदान गरिने बजेटको वास्तविक कार्यान्वयन अवस्था हेर्न नियमित अनुगमन गरिनेछ ।
ञ) नगरपालिका भित्र विज्ञ समूह गठन गरी सो समूहको अनुगमनमा अधिकतम उपयोग गरी विद्यालय अनुगमनमा प्रभावकारिता ल्याइनेछ ।

## २.८ उपलब्धी, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धी**

१ बालबालिकाहरु आधारभूत तहसम्म अनिवार्य र माध्यमिक तहको निःशुल्क गुणस्तरीय शिक्षा प्राप्त गरिरहेका हुनेछन् ।

२ आत्मनिर्भर उन्मुख प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुच भएको हुनेछ ।

३ सबै विद्यालयहरु बालमैत्री, छात्रामैत्री, अपाङ्गमैत्री र शान्तिक्षेत्रको रुपमा विकास भएका हुनेछन् ।

४ बालबालिकाहरुले स्थानीय परिवेश अनुकुलको स्थानीय पाठ्यक्रम अनुसार सिकाई प्राप्त गरिरहेका हुनेछन् ।

५ विद्यालयको आवश्यकतामा आधारित भौतिक पक्षको विकास भएको हुनेछ ।

६ आयमूलक तथा सीपमूलक कार्यक्रमहरु मार्फत गरिब, महिला, दलित र विपन्न वर्गका बालबालिकाहरुको विद्यालय तहको शिक्षा सूनिश्चित भएको हुनेछ ।

७) शिक्षकहरुको व्यवस्थापन र पेशागत सिप विकास तालिममार्फत दक्षता विकास भई सामुदायीक शिक्षाको गुणस्तरमा उत्साहपूर्ण वृद्धि भएको हुनेछ ।

८) विद्यालयहरुका शिक्षण सिकाइ र शैक्षिक कार्यक्रमहरु सूचना प्रविधियुक्त भएका हुनेछन् ।

९) शिक्षण सिकाईका विभिन्न वैकल्पिक मार्गहरुको माध्यमबाट निरक्षरताको अन्त्य भएको हुनेछ ।

१०) सामुदायीक तथा संस्थागत विद्यालयको असल अभ्यासहरुबाट शिक्षामा उच्च गुणस्तर प्राप्त भएको हुनेछ ।

११) प्रभावकारी अनुगमन तथा मूल्यांकनले शिक्षण सिकाइमा सुधार भएको हुनेछ ।

१२). बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधारआइ सिकाइ स्तर अभिवृद्धि भएको हुनेछ ।
१३ ) विद्यालयमा विपद् व्यवस्थापनका लागि उचित वातावरण सृजना भएको हुनेछ ।

ख) सूचक तथा लक्ष्यहरु :

तालिका :

मुख्य कार्य सम्पादन, सूचक तथा लक्ष्यहरु :

| क्र.सं. | सूचकहरु | आधार बर्ष २०७७ | लक्ष्य | |
|---|---|---|---|---|
| | | | २०८२ | २०८७ |
| १ | **प्रारम्भिकबालविकास र शिक्षा** | | | |
| १.१ | कूल भर्ना दर | ९४ | ९१ | १०० |
| १.२ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | १०० | १०० | १०० |
| १.३ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० |
| १.४ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालविकास शिक्षाको अनुभव प्राप्त बालबालिका प्रतिशत | ८५.५ | ९५ | १०० |
| २ | **आधारभूत शिक्षा** | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेश दर | १०५.४ | १०२ | १०० |
| २.२ | कक्षा १ मा खुद प्रवेश दर | ९७ | ९८ | १०० |
| २.३ | कक्षा १-५ मा कुल भर्ना दर | १०३.६ | १०१ | १०० |
| २.४ | कक्षा १-५ मा खुद भर्ना दर | ९६.८ | ९९ | १०० |
| २.५ | कक्षा १-८ मा कुल भर्ना दर | १०४.१ | १०१ | १०० |
| २.६ | कक्षा १-८ मा खुद भर्ना दर | ९४.९ | ९७ | १०० |
| २.७ | कक्षा १-८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.११ | १.० | १.० |
| २.८ | कक्षा ८ मा टिकाउ दर | ७२ | ९० | १०० |
| २.९ | आधारभूत शिक्षाको तह पुरा गर्ने दर | ७६.१ | ९१ | १०० |
| ३ | **माध्यमिक शिक्षा** | | | |
| ३.१ | कक्षा ९-१० को कुल भर्ना दर | ६५ | ७० | ८० |
| ३.२ | कक्षा ९-१० को खुद भर्ना दर | ६० | ६५ | ७५ |
| ३.३ | कक्षा ९-१२ को कुल भर्ना दर | ७४.६ | ८६ | ९८ |
| ३.४ | कक्षा ९-१२ को खुद भर्ना दर | ६२.६ | ७२ | ८५ |
| ३.५ | कक्षा ९-१२ को कुल भर्ना दर | ७४.६ | ७८ | ८० |
| ३.६ | कक्षा ९-१२ को खुद भर्ना दर | ६२.६ | ६५ | ७० |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ६२ | ७० | ८५ |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | ४२ | ५० | ६५ |
| ४ | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | |
| ४.१ | ६ बर्ष माथिको साक्षरता दर | ७१.८ | ९० | ९७ |
| ४.२ | १५-२४ बर्षको साक्षरता दर | ७९ | ८८ | ९८ |
| ४.३ | १५ बर्ष माथिको साक्षरता दर | ५६.६ | ८० | ९० |
| ५ | **महिला शिक्षक प्रतिशत** | | | |
| ५.१ | आधारभूत तह(१-८) | ३८.७ | ४० | ४२ |
| ५.२ | माध्यमिक तह(१-८) | ५.१७ | १५ | २० |
| ७ | **शिक्षामा बजेटको प्रतिशत (बेलौरी नगरपालिका)** | १.९२ | ६.७१ | ६.७१ |

## परिच्छेद तीन - शिक्षाका क्षेत्रहरु

### ३.१ प्रारम्भिक बालविकास

### ३.१.१ पृष्ठभुमि

बालबालिकाको सर्वाङ्गीण विकासका लागि शिक्षाले महत्वपुर्ण भुमिका खेल्दछ । शिक्षा विकासको आधार स्तम्भ नै १ -५ वर्ष उमेर समुहका बालबालिकाहरुको विकास गर्नु हो । यस उमेर समुहको शारीरिक, मानसिक, बौद्धिक एवं संवेगात्मक विकासले व्यक्तिको जिवनभरमा महत्वपूर्ण प्रभाव पार्ने हुन्छ । शिक्षा ऐन २०२८ (संशोधन सहित) ले चार वर्ष उमेर पूरा गरेका बालबालिकाहरुलाई एक वर्षको प्रारम्भिक बालशिक्षा दिने व्यवस्था गरेको छ भने चार वर्ष उमेर पूरा नगरेका बालबालिकाहरुलाई शारीरिक, मानसिक वा बौद्धिक शिक्षा ,शिक्षा स्याहार केन्द्रको स्थापना गर्न सकिने व्यवस्था गरिएको छ । यस्तै नेपालको संविधान र शिक्षा सम्बन्धी नीतिहरुमा बालबालिकाको विकासका लागि महत्वपूर्ण व्यवस्थाहरु गरिएका छन् । विशेष गरी बालविकास कक्षाबाट नै बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गरि शिक्षाका पछिल्ला चरणहरुमा सकरात्मक प्रभाव पार्नमा टेवा पुऱ्याउने ध्येयले बालविकास शिक्षाका लागि बेलौरी नगरपालिकाले १० बर्षे शिक्षा योजनामा बालबालिकास शिक्षाका नीति एवं कार्यकमहरु तय गरिएका छन् ।

### ३.१.२ वर्तमान अवस्था

यस बेलौरी नगरपालिकामा ३१ वटा सामुदायिक र२३वटा संस्थागत विद्यालयहरु गरि जम्मा ५४ विद्यालयहरु संचालमा रहेकामा सामुदायिक तर्फ सबै विद्यालयहरुमा गरि कुल ५१ वटा बाल विकास कक्षाहरु सञ्चालनमा रहेका छन । शैक्षिक सत्र २०७८ मा यस नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा ८२१२ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन ।बालविकासमा खुद भर्ना दर राष्ट्रिय तहमा ४७.६ रहेको छ भने यस नगरपालिकामा ६५.८रहेको छ । यस्तै कुल भर्ना दर राष्ट्रिय तहमा ७१.४ रहेको छ भने यस नगरपालिकामा ९४ रहेको छ । यस नगरपालिकामा कक्षा १ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहितको भर्नादर ८५.५ रहेको छ । प्रारम्भिक बालविकास र शिक्षामा कार्यरतशिक्षक सबै महिला रहेका छ्न् । कार्यरत शिक्षकहरु मध्ये प्रायः सबै जना छोटो अवधीको तालिम प्राप्त रहेका छ्न् ।

### ३.१.३ समस्या र चुनौतिहरु

- विद्यालयमा पूर्ण बालमैत्री वातावरण बनाउन नसकिएको ।
- अभिभावकको चाहाना अनुसार सबै सामुदायिक विद्यालयहरुमा बालविकास देखि नै अँग्रेजी शिक्षा लागु गर्न नसकिएको
- अभिभावकहरुमा शैक्षिक चेतनाको कमी हुनु विद्यालयका भेला, बैठक र कार्यक्रमहरुमा उपस्थित नहुनु र घरमा छोराछोरीहरुलाई उपयुक्त हेरचाह र पढाइमा सहयोग नगरेको ।

- सरकारी र संस्थागत विद्यालयमा पढ्ने आफ्नै छोराछोरीहरुलाई, पोशाक, शैक्षिक सामग्री र खाजा व्यवस्थापनमा भेदभाव गर्नु ।
- सिमान्तकृत समुदायका अभिभावकहरुले आफना आधारभूत आवश्यकताको पूर्ति गर्ने क्रममा शिक्षालाई कम महत्व दिनु र अभिभावकहरुमा शिक्षकसंग भेटघाट, छलफल अन्तरक्रिया एवं समन्वय गर्ने पद्धतिको कमी ।

३.१.४ लक्ष्य

प्रारम्भिक बालविकास शिक्षालाई नैतिक आदर्श मूल्यवान जीवनको आधारशीलाको रुपमा विकास गरी सवै बालबालिकालाई रमाइलो वातावरणमा मनोरञ्जनात्मक तरिकाले सिक्ने अवसर प्रदान गर्ने ।

३.१.५ उद्देश्य

- चार बर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु

३.१.६ रणनीतिहरु

- लोपोन्मुख तथा सिमान्तकृत समूदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने
- लागत सहभागिता अभिबृद्धि गर्ने
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने
- विद्यालयलाई बालमैत्री स्थलको रुपमा विकास गरिनेछ ।
- बालबालिकका लागि बाल उद्यान लगायतका बालमैत्री पूर्वाधार विकास गरिनेछ ।
- बलबालिकाका लागि खेलकुद तथा खेलौना सामग्रीका लागि अनुदान प्रदान गरिनेछ ।
- बेवारिसे र असहाय बालबालिकाहरुका लागी नगरपालिकामा एक बालगृह निर्माण गरिनेछ ।

३.१.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धि

सबैजसो विद्यालयमा बाल कक्षाको बालमैत्री व्यवस्था भई बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

ख) प्रमुख नतिजाः

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकारूलाई एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने
- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुने
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने

ग) प्रमुखक्रियाकलाप र गन्तव्य **(Target) :**

- प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधिकरण
- प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण
- वैकल्पिक प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन
- परिवार, समुदाय, गैर सरकारी संघसंस्था, निजीक्षेत्रसँगको सहकार्य
- अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने
- सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था
- बालबालिकाको अभिलेखीकरण
- पोषणयुक्त दिवा खाजाको व्यवस्था
- पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन
- शिक्षकको योग्यता र क्षमता विकास
- बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन,
- बालकको वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने
- स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग
- अभिभावक शिक्षा
- अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था
- बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने
- शिक्षक पेसागत विकास
- परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी संघसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी बृद्धि

### ३.२ आधारभूत शिक्षा

#### ३.२.१ परिचय

हाम्रो देशमा पछिल्लो समयमा शिक्षाको संरचनामा आएको परिवर्तनका क्रममा कक्षा १ देखि ८ सम्मको शिक्षालाई आधारभुत शिक्षाको रुपमा लिईएको छ । आधारभूत शिक्षाको प्रभावकारिता तथा कार्यक्रमको गुणस्तर सबैका लागि समतामूलक पहुँच, सिकाइ सक्षमताको प्राप्ति, पूर्वाधार विकास, आर्थिक लगानी, शिक्षकहरुको क्षमता विकास, सिकाइ वातावरण, शैक्षिक सुशासन तथा व्यवस्थापकीय सक्षमता विकास जस्ता कुराहरुमा निर्भर गर्छ । आधारभुत शिक्षाले दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् बनाउन महत्वपूर्ण हुने सामाजिक र प्राकृतिक वातावरण प्रति सचेत भई मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने कर्तव्य निष्ठ नागरिक उत्पादन गर्ने,अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, भएकाले अन्तर्राष्ट्रिय अवस्थाका साथै हाम्रो देशमा पनि अनिवार्य र निःशुल्क गुणस्तरीय आधारभुत शिक्षाको पहुँच अभिवृद्धि गर्ने कार्यलाई लिएको छ ।

#### ३.२.२ बर्तमान अवस्था

बेलौरी नगरपालिकामा रहेका विद्यालयहरु मध्ये जम्मा १० वटा कक्षा ८ सम्म संचालित विद्यालयहरु रहेका छन् । सामुदायिक तर्फ ५ वटा र संस्थागत तर्फ ५ वटा रहेका छन । शैक्षिक सत्र २०७८ मा यस नगरपालिका अन्तरगतका सामुदायिक निमाविमा ४६५४ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन ।यस्तै कुल  भर्ना दर नगरपालिकामा ८२  रहेको छ । निम्न माध्यमिक तहको लैङ्गिक समता सूचकाङ्क १.१५ रहेको छ ।

#### ३.२.३ चुनौतीहरु

- सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै जानु ।
- आधारभूत शिक्षामा सबैको पहुच समान नभएको ।
- सजाय रहित शिक्षा, निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतिले सिकाई उपलब्धी र विद्यार्थी अनुशासनमा कमी भएको गुनासो ।
- स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गराउन नसकिनु ।
- विपन्न,अपाङ्ग, दलित भौगोलिक कठिनाइमा रहेका बालबालिकाहरुको आधारभूत शिक्षाको अवसर र पहुँचमा सुनिश्चितता हुन नसकेको ।
- विद्यालयको नक्साङ्कन, समायोजन, एकीककरण तथा समन्वायिक पुहँचको कमी
- योग्यता प्राप्त, अनुभवी, व्यवस्थापकीय दक्षतायुक्त प्रधानाध्यापकको कमी
- विपद्को समयमा सिकाइको निरन्तरता र उत्थानशीलता
- शिक्षक कर्मचारीले आफ्ना सन्तान समुदायिक विद्यालयमा नपढाउनु ।
- विद्यार्थीको सिकाइप्रति सरोकारवालाहरुले जवाफदेहिता तथा उत्तरदायित्व लिन नसकिएको ।
- सामुदायिक र संस्थागत विद्यालयको प्रभावकारी अनुगमन, मूल्याङ्कन, नियमन र गुणस्तरमा एकरुपता नआएको ।

३.२.४ **अवसर:**
- शिक्षा तीनवटै तहका सरकारको साझा अधिकार सुचीमा रहेको तथा लगानी अभिवृद्धि,
- शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्दै अधिकार र जिम्मेवारी सहित स्थानीय तहलाई जिम्मेवार गराउने संवैधानिक आधार भएकाले शिक्षामा सहभागिता र पहुँचमा वृद्दि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना भएको छ ।
- लैङ्गिक मैत्री,अपाङ्गमैत्री तथा वृहत यौनिकता शिक्षाको प्रवर्द्धनका लागि पैरवीकर्ता समूहको सक्रियता,
- बालबालिकाको पठनपाठनप्रति अभिभावकहरुको चासो,सरोकार तथा सहभागिता बढिरहेको ।
- खुद भर्नादर र लैङ्गिक समता सुचकाङ्कमा सुधार,
- आधारभूततहका विद्यालयमा विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दीको समायोजन र पुनर्विर्तरण कार्य आरम्भ,

३.२.५ **उदेश्यहरु**

यस योजना अन्तर्गत आधारभूत शिक्षाको मुख्य उद्देश्य गुणस्तरीय आधारभूत शिक्षामा समन्यायिक पहुँच सुनिश्चित गर्नु रहेको छ । यसका लागि योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्न लिखित विशिष्ट उद्देश्यहरु तय गरेको छ :
- आधारभूत तह उमेर समूहका सम्पूर्ण बालबालिकाहरूलाई अनिवार्य रुपमा गुणस्तरीय आधारभूत शिक्षाको प्रत्याभूति दिलाई उच्चस्तरीय सिकाइ उपलब्धि सहित माध्यमिक शिक्षाको लागि तयारी गराउनु ,
- विविधताको सम्मान गर्दै स्वावलम्बी,उद्यमशील जीवनोपयोगी सीप र मूल्यमा आधारित शिक्षा हासिल गराउनु,आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री तथा सिकाइमैत्री बनाउनु
- विद्यालय शिक्षा प्रणालीको व्यवस्थापकीय सुधारमार्फत जवाफदेहिता र सुशासनको प्रत्याभूति गराउनु ।

३.२.६ **रणनीतिहरु**
- सबै नागरिकलाई आधारभूत शिक्षाको हक सुनिश्चित गरिनुका साथै सबै बालबालिकाहरुका लागि आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क बनाइने छ ।
- वडा कार्यालय मार्फत विद्यालय सेवा क्षेत्र भित्रका सरोकारवालाहरुको भेला गराई आधारभूत शिक्षामा पहुँच नपुगेका  बालबालिकाहरुको पहिचान गरि विद्यालय भर्ना गरिनेछ ।
- विद्यालयको आवश्यकतानुसार अभिभावक सहयोग कोष स्थापना गरिनेछ ।
- नगर स्तरमा कोष परिचालन निर्देशिका तयार गरी विद्यालय सहायता कोष स्थापना लागु गरिनेछ ।
- नगरपालिकाले प्रदान गर्ने सुविधाका लागि अनिवार्य तथा आधारभुत शिक्षा उमेर समुहको विद्यार्थी भर्ना अनिवार्य गरिनेछ ।
- प्रत्येक विद्यालयहरुमा र नगरपालिका स्तरमा एक बाल क्लब गठन गरिनेछ ।
- बाल विकास देखि कक्षा ३ सम्मका लागि बालमैत्री पूर्वाधार विकास गरिनेछ ।

- विद्यालयमा सुरक्षित, संरक्षित र सहयोगी सिकाई वातावरणका लागि विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्य ढाँचाको व्यवहारिक कार्यान्वयनमा जोड दिइनेछ ।
- विद्यालयलाई विगतमा शान्ति क्षेत्रको रुपमा घोषणा गरेकोमा राजनीतिक दलका स्थानीय प्रतिनिधि मार्फत ऐक्यबद्धता गर्न लगाई विद्यालय शान्ति क्षेत्र घोषणा गरिनेछ ।
- विद्यालय विद्यार्थी, अभिभावक र वि.व्य.स. मिलेर विद्यालयलाई शान्ति क्षेत्रका आचारसंहिता तयार पारी कार्यान्वयनमा लगिनेछ ।
- विद्यार्थीहरुलाई विद्यालयमा दण्डरहित सिकाई वातावरण निर्माण गरिनेछ ।

### ३.२.७ उपलब्धी, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

**क) उपलब्धी**

आधारभूत तह(कक्षा १-८) र (कक्षा १-५) खुद भर्नादर १०० प्रतिशत पुगेको हुनेछ । यसैगरी आधारभूत तह (कक्षा १-८) को सहजै देखिने भर्ना दर १०० प्रतिशतमा झरेको हुनेछ । कक्षा ५ र कक्षा ८ सम्मको टिकाउ दर शत प्रतिशत पुगेको हुनेछ । बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको संख्यामा उल्लेख्य वृद्धि हुनेछ । आधारभूत तहमा विद्यालय छोड्ने दर र कक्षा दोहर्‍याउने दरमा उल्लेख्य कमी आइ कक्षा उत्तीर्ण दर शत प्रतिशत पुगेको हुनेछ ।

**ख) नतिजाहरुः**

- आधारभूत शिक्षामा भर्ना तथा टिकाउ दर शत प्रतिशत पुगेको हुनेछ ।
- आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरुले अनिवार्य तथा निःशुल्क शिक्षाको समतामूलक अवसर प्राप्त गरेका हुनेछन् ।
- शिक्षक तथा विद्यालयको कार्यसम्पादनमा सुधार भएको हुनेछ ।
- अपाङ्गतामैत्री तथा बालिकामैत्री पूर्वाधारहरु निर्माण भएका हुनेछन् ।
- आधारभूत विद्यालयहरुको शैक्षिक, प्रशासनिक एवं व्यवस्थापकीय क्षमता अभिवृद्धि भएको हुनेछ ।
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरु वैकल्पिक सिकाइको माध्यमबाट औपचारिक शिक्षाको मुलप्रवाहमा आएका हुनेछन् ।
- आधारभूत विद्यालयहरुका भौतिक पूर्वाधार आधुनिक र प्रविधिमैत्री भएका हुनेछन् ।
- पालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण संयन्त्र तयार भइ कार्य सञ्चालन भएको हुनेछ ।
- शिक्षण सिकाइमा सुधार तथा विद्यार्थीको समतामुलक सिकाई उपलब्धि वृद्धि भएको हुनेछ ।
- शिक्षक पेशागत विकासका लागि विभिन्न प्रकारका तालिम,अनुसन्धान, सेमिनार, अवलोकन भ्रमणको अवसर प्रदान भइ शिक्षण सिकाइमा सुधार भएको हुनेछ ।

**ग)मुख्य क्रियाकलाप तथा लक्ष्यहरु**

- भर्ना अभियान र स्वागत कार्यक्रम

- स्थानिय तह गैरसरकारी संस्था लगायतका निकायहरुसँगको समन्वय र सहकार्यमा जनचेतनामुलक क्रियाकलाप सञ्चालन
- अनुगमन तथा सुपरिबेक्षण संयन्त्र तयार
- छात्रबृत्ति ,खाजा ,पोषाक ,झोला ,स्यानिटरी प्याड,स्टेसनरी शैक्षिक सामग्री आदि बितरण तथा बिद्यार्थी प्रोत्साहन
- सुरक्षित लैङ्गिक तथा बालमैत्रि भौतिक पुर्वाधार बिकास
- शिक्षकको क्षमता अभिबृद्दिका लागि पुनर्ताजगी तालिम तथा अन्य क्रियाकलापहरु सञ्चालन
- कक्षाकोठाको निरन्तर मुल्याङ्गनलाई शिक्षण सिकाइ प्रक्रियासँग एकिकृत गरी सिकाइमा सुधार
- विद्यार्थी मैत्री सिकाई वातावरण तयार

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ पृष्ठभुमि

नेपालमा कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षाको रुपमा लिइएको छ । आधारभूत तहको सीप सिकेर हरेक व्यक्तिमा लुकेर रहेको गुण, क्षमता र प्रतिभाको पहिचान गरी त्यसको प्रस्फुटन र विकास गर्ने महत्वपूर्ण ठाउँ माध्यमिक तह हो । साथै उच्च शिक्षासंग जोड्ने यो महत्वपुर्ण माध्यम पनि हो । नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हक र राज्यको जिम्मेवारीको रुपमा परिभाषित गर्दै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक शिक्षा निःशुल्क हुने, गरिब, दलित, असहाय र अपांगको लागि उच्च शिक्षा समेत निःशुल्क हुने व्यवस्था गरेको छ । शिक्षामा राज्यको लगानी बढाउदै निजी लगानीमा रहेका विद्यालयहरुलाई नियमन र व्यवस्थापन गर्दै त्यसलाई सेवामूलक बनाउने र उच्च शिक्षा समेत निःशुल्क बनाउँदै लैजाने विषय संविधानमा उल्लेख छ ।संविधानमा नागरिकका आधारभुत आवश्यकता सम्बन्धि नीति अन्तर्गत शिक्षालाइ वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमूखी बनाउदै सक्षम प्रतिस्पर्धी नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने भन्ने उल्लेख छ ।

माध्यमिक शिक्षा विद्यार्थीलाई सिपमूलक शिक्षा दिई कामको संसारसँग सम्बन्धित हुनु सान्दर्भिक हुन्छ । आज विद्यालयमा सिकेको सीपले भोलिको संसारमा बिक्ने जनशक्ति उत्पादनमा माध्यमिक शिक्षा केन्द्रित हुनु पर्दछ । उत्पादित जनशक्ति सैद्धान्तिक ज्ञानमा मात्र सीमित भइ रोजगार उन्मुख हुन नसकेको अवस्थामा यस योजनाले कुन क्षेत्रमा के कस्ता र कति जनशक्ति उत्पादन गर्ने र तिनीहरूलाई स्वरोजगार, उद्यमशील, राष्ट्रप्रेमी कसरी बनाउने भन्ने कुरालाई हेक्का राख्नु अपरिहार्य हुन्छ । विद्यार्थीहरूमा सैद्धान्तिक ज्ञानको साथै प्रयोगात्मक ज्ञान र सिकेको सिपको व्यवहारमा उपयोग गराउनेतर्फ  शिक्षा योजना केन्द्रित हुनु पर्दछ ।

### ३.३.२ वर्तमान अवस्था

कञ्चपुर जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने यस बेलौरी नगरपालिकामा ३१ वटा सामुदायिक र २३ वटा संस्थागत विद्यालयहरु गरि जम्मा ५४ विद्यालयहरु संचालनमा रहेका छन् । सामुदायिक तर्फ १४ वटा र संस्थागत तर्फ ९ वटा गरी जम्मा २३ वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन । शैक्षिक

सत्र २०७८ मा यस नगरपालिका अन्तरगतका सामुदायिक माविमा ८२१२ जना र संस्थागत माविमा ३२२५ जना गरी जम्मा ११४३७ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन । माध्यमिक तह ( कक्षा ९-१२) मा खुद भर्ना दर राष्ट्रिय तहमा ४७.६ रहेको छ भने यस नगरपालिकामा ७४.६ रहेको छ । माध्यमिक तह (कक्षा ९-१०) मा कुल भर्ना दर राष्ट्रिय तहमा ७१.४ रहेको छ भने यस नगरपालिकामा ८९.७ रहेको छ । त्यसैगरी यस नगरपालिकामा कक्षा ९-१० मा खुद भर्नादर रहेको छ यसै गरी माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक संख्या राष्ट्रिय स्तरमा २०.६ प्रतिशत र यस नगरपालिकामा ३०.११ प्रतिशत रहेका छन । माध्यमिक तह कक्षा ९-१२ मा लैङ्गिक समता सूचकाङ्क १.१० रहेको छ ।

### ३.३.३ चुनौती र अवसर

संविधानको मर्मअनुसार माध्यमिक शिक्षालाई व्यवस्थापन गर्नु नै प्रमुख चुनौतीको रुपमा रहेको छ । माध्यमिक तह (कक्षा १२) सम्मको शिक्षाको व्यवस्थापनको कार्य स्थानिय तहको अधिकार क्षेत्रमा रहेकाले शिक्षा क्षेत्र कम प्राथमिकतामा पर्नु, संघीय शिक्षा ऐन नआइसकेकाले प्रदेश तथा स्थानिय शिक्षा ऐन ल्याउन नसक्नु, संविधानअनुसार माध्यमिक तहसम्मको शिक्षा निःशुल्क बनाउनु (दुई थरी विद्यालय सामुदायिक र संस्थागत), माध्यमिक शिक्षामा लगानी न्यून हुनु, माध्यमिक तहमा विद्यार्थी संख्या र विषयगत दक्ष शिक्षकको व्यवस्थापन, विद्यालय सुपरीवेक्षण, माध्यमिक शिक्षामा समतामूलक पहुँच, शैक्षिक गुणस्तर र सान्दर्भीकता कायम राख्नु, प्राविधिक तथा व्यावसायिक शिक्षामा विस्तार, तीन वटै सरकारहरुको समन्वय र संविधानको साझा अधिकारको बुझाइ मुख्य चुनौतीको रुपमा रहेका छन् यस्तै केहि सामुदायीक विद्यालयहरुमा अँग्रेजी भाषामा शिक्षा दिन खोज्दा पनि प्रभावकारी व्यवस्थापन हुन नसकेको, बालबालिकाहरुले माथिल्लो कक्षामा विद्यालय छोड्ने उच्च दर उच्च हुनु र विद्यालयमा राजनीतिक हस्तक्षेप हुने गरेको जस्ता चुनौतीहरु रहेका छन् ।

संघीय सरकारले नमूना विद्यालय विकास गर्ने कार्यक्रम अन्तर्गत विभिन्न माध्यमिक विद्यालयहरुलाई नमूना विद्यालयको रुपमा विकास गरिराखेको, सुदुरपश्चिम सरकारले ठूला विद्यालय विकासका लागि विद्यालय छनौट गरिराखेको, संघीय तहमा १० बर्षे शिक्षा क्षेत्र योजना बन्ने क्रममा रहेको, संविधान अनुसार स्थापना भएका राज्यका नयाँ तहहरु क्रमशः संस्थागत र अनुभवी भएका, संविधानको प्रस्तावना, मौलिक हक, राज्यका नीति निर्देशक सिद्धान्त र सरकारका अधिकार सूचीहरुले शिक्षा सम्बन्धी आवश्यक निर्देश गरेको, संघीय सरकारबाट राष्ट्रिय शिक्षा नीति ,२०७६ र राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ पारित भएको, जसले माध्यमिक शिक्षालाई व्यवस्थापन, सञ्चालन, प्रमाणिकरण र पाठ्यक्रम निर्माणमा निर्देश गरेको छ । संघीय सरकारबाट जारी भएका शिक्षा ऐन तथा नियमावली कार्यान्वयनमै रहनु, तीनवटै राज्यका तहबाट विभिन्न निर्देशिका /कार्यविधिहरु जारी भइ कार्य सूचारु हुनु, स्थानिय सरकार सञ्चालन ऐनले स्थानिय तहले गर्ने शिक्षाका २३ काम स्पष्ट गर्नु, माध्यमिक शिक्षकको अभाव कम गर्न गणित, विज्ञान र अंग्रेजी विषयमा शिक्षण सिकाइ अनुदान प्रदान हुनु, दरबन्दी मिलान र विद्यालय समायोजनको कार्य सञ्चालनमा रहनु, अधिकाशं माध्यमिक विद्यालयहरुमा पुस्तकालय, विज्ञान ल्याब, आइसिटी ल्याबको व्यवस्था भइ प्रविधियुक्त शिक्षण हुनु, नयाँ संविधानको सुरुवातसंगै शिक्षामा विकेन्द्रिकरण सुरु हुनु माध्यमिक शिक्षाको लागि अवसरको रुपमा रहेका छन् ।

### ३.३.४ लक्ष्य

गुणस्तरीय माध्यमिक शिक्षा मार्फत सिर्जनशिल, प्रतिस्पर्धी, उत्पादनशिल, नवप्रवर्तनशील र श्रम प्रति सकारात्मक सोच भएका नागरिक तयार गर्ने ।

### ३.३.५ उद्देश्यहरू

- गुणस्तरीय माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु
- माध्यमिक शिक्षाको गुणस्तर तथा सान्दर्भिकता सुनिश्चित गर्नु
- प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र विस्तार गरी स्वरोजगार,उद्यमशील र राष्ट्र निर्माणको लागि योग्य र मूल्यमा आधारित जनशक्ति उत्पादन गर्नु,
- उच्च शिक्षाका लागि आवश्यक योग्य, दक्ष, क्षमतावान र स्व-पहिचान सहितको जनशक्ति उत्पादन गर्नु,
- दैनिक जीवनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी नवीनतम सूचना लिन र दिन साथै पेसा तथा व्यवसायमा यसको सहज प्रयोग गर्न सक्षम बनाउनु,
- राष्ट्र,राष्ट्रियता,लोकतान्त्रिक भावना र संस्कारको विकास गर्नु
- विद्यालय शिक्षा प्रणालीमा जवाफदेहिता र सुशासनको प्रत्याभूति गराउनु ।

### ३.३.६ रणनीतिक क्रियाकलापहरु

- माध्यमिक शिक्षाका उल्लेखित उद्देश्यहरु पूरा गर्न निम्नानुसारका रणनीतिक क्रियाकलापहरु सञ्चालन गरिनेछन ।
- माध्यमिक शिक्षामा पहुँच नभएका बालबालिकाहरूको पहिचान गरी आवश्यकतामा आधारित लक्षित कार्यक्रम सञ्चालन गर्ने र सरोकारवाला निकायहरूमा चेतनाको विकास गरी पहुँच विस्तार गर्ने,
- शारीरिक,मानसिक बौद्धिक लगायत विभिन्न प्रकृतिका अपाङ्गता भएका बालबालिकाहरुको माध्यमिक तहको अध्ययनलाइ निरन्तरता दिन सम्बन्धित कार्यक्रमहरु सञ्चालन भएका विद्यालयहरुमा सिफारिस गरिनेछ ।
- गरिबी,विपन्न र विविध समस्याका कारणले माध्यमिक शिक्षा अध्ययन गर्न नसक्ने अवस्थाका बालबालिकाहरुका लागि आर्थिक सहयोग तथा आवास सहितको अवसरको व्यवस्था गर्ने,
- विद्यार्थीको मनोबल बढाउन मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालयहरूको भौतिक पूर्वाधार विकास गरी विद्यालय सरसफाइ, हरियो विद्यालय, सुरक्षित घेरबारको व्यवस्था गर्ने,
- प्रत्येक माध्यमिक विद्यालयमा इ-पुस्तकालय, विज्ञान प्रयोगशाला, पुस्तकालय तथा कम्प्युटर ल्याबको अनिवार्य व्यवस्था गर्ने,
- प्रत्येक माध्यमिक विद्यालयमा विषयगत दरबन्दीका लागि नेपाल सरकार समक्ष माग गर्ने,दरबन्दी उपलब्ध नभएसम्मका लागि नगरपालिकाले प्रतिस्पर्धाका आधारमा शिक्षण स्वयम्सेवकको व्यवस्था गर्ने र शिक्षकको क्षमता विकासका लागि मागमा आधारित पेशागत विकास तालिम प्रदान गर्ने,
- छात्रवृत्ति,शैक्षिक सामग्री लगायतका कार्यक्रमहरू थप प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने,
- प्राविधिक शिक्षामा पहुँच विस्तार गर्न प्राविधिक एवं व्यावसायिक धारका कार्यक्रमहरु सञ्चालन गर्ने,

- प्रत्येक माध्यमिक विद्यालयहरूमा गुणस्तरमा आधारित तहगत रुपमा प्रतिस्प्रर्धात्मक कार्यक्रम सञ्चालन गर्ने,
- विद्यार्थीहरूको बहुमुखी प्रतिभाको विकास गराउन स्थानीय तह स्तरीय प्रतिस्पर्धात्मक कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक एवं लेखा सम्बन्धी काम गर्ने शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने
- अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरी विद्यार्थीहरुको सर्वाङ्गीण विकासमा टेवा पुर्याउने ।

### ३.३.७ उपलब्धी, नतिजा/प्रमुख कियाकलाप तथा लक्ष्यहरु

#### क) अपेक्षित उपलब्धि

यस योजनाको अन्त्यमा माध्यमिक शिक्षामा पहुँचको सुनिश्चितता भइ गुणस्तर वृद्धि भएको हुनेछ । माध्यमिक तह कक्षा ९ - १२ को खुद भर्ना दर ७० प्रतिशत र कुल भर्ना दर ८० प्रतिशत पुगेको हुनेछ । २ वटा प्राविधिक तथा व्यावसायिक माध्यमिक विद्यालयको स्थापना भइ प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँचको अवसर सिर्जना हुनेछ ।

#### ख) प्रमुख नतिजा

- सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेको हुने
- पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने
- माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने
- माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने
- माध्यमिक विद्यालयहरू प्रकोप, संकट तथा महामारीलगायतका परिस्थिति प्रति उत्थानशील हुने
- सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने

#### ग) प्रमुख क्रियाकलाप र लक्ष्य

- निःशु्ल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानून, कार्यविधि र निर्देशिका तयारी
- विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन
- विज्ञान, गणित तथा कम्प्यूटर विज्ञान विषय अध्ययनका लागि अवसर
- मापदण्ड अनुसार शिक्षक व्यवस्था
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने
- आवश्यकताअनुसार खुला तथा दूर शिक्षालगायतका वैकल्पिक प्रबन्ध

- विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास
- विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण
- शिक्षक क्षमता विकास
- विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन
- सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास
- विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम
- अपाङ्गता भएका विद्यार्थीलाई सहयोग
- निःशुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, ड्रेस तथा स्टेशनरी, दिवा खाजा, छात्रवृत्ति र सिकाइ सामग्री व्यवस्था
- कक्षाकोठामा आधारित मूल्याङ्कन
- व्यवस्थीत परीक्षा प्रणाली
- शैक्षिक मानव संशाधन सूचना प्रणाली स्थापना
- विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास
- अभिभावक अभिमुखिकरण
- लक्षित बालबालिकाहरूका लागि आवासीय प्रबन्ध

## ३.४ उच्च शिक्षा र माध्यमिक तहको शिक्षासंग उच्च शिक्षाको अन्तरसम्बन्ध

### ३.४.१ पृष्ठभुमि

शिक्षा राष्ट्रको सर्वाङ्गीण विकासका लागि अनिवार्य साधन हो । उच्च शिक्षाले ज्ञान विकाश/ अनुसन्धानका लागि महत्वपूर्ण भुमिका निर्वाह गर्छ । यसले मानव संसाधनको विकास गर्दै आर्थिक सामाजिक विकासमा आवश्यक भूमिका खेल्दछ। नेपालको संविधानले लोकतान्त्रिक, न्यायपूर्ण,समावेशी संस्कृतिको माध्यमबाट सबैका लागि न्याय, स्वतन्त्रता, समानता सहितको समाजवाद उन्मुख राष्ट्रको रुपमा विकसित गर्ने परिकल्पना गरेको छ। राष्ट्रको आर्थिक तथा दिगो विकास र स्थायित्व कायम गर्न पनि उच्च शिक्षाको महत्वपूर्ण योगदान रहेको हुन्छ । माध्यमिक तहमा धारण गरेका ज्ञान, सिप र अभिवृद्धिलाई संश्लेषण ,विश्लेषण र मूल्याङ्कन क्षमताको विकास गराउन उच्च शिक्षाको महत्त्वपूर्ण स्थानमा रहेको हुन्छ

### ३.४.२ वर्तमान अवस्था

सन २०१९ सम्ममा देशभरी १४३२ उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरु छन जस मध्ये १४७ वटा आंगिक र ७४७ वटा निजी र ५२८ सामुदायिक क्याम्पस संचालनमा रहेका छन (UGC, 2077)। विश्वविद्यालय अनुदान आयोगको EMIS प्रतिवेदन २०१८।०१९ (UGC,2020) का अनुसार ,सुदूरपश्चिम प्रदेशमा एउटा विश्वविद्यालय र ९५ वटा क्याम्पसहरु सञ्चालनमा रहेका छन । ९५ वटा क्याम्पस मध्ये २० वटा विभिन्न विश्वविद्यालयका आंगिक क्याम्पस र ७५ वटा सम्बन्धन प्राप्त क्याम्पस रहेका छन । सम्बन्धन प्राप्त क्याम्पस मध्ये ५० वटा सामुदायिक र २५ वटा निजी लगानीमा आधारित क्याम्पस रहेका छन । प्राविधिक धारका ४ वटा, विज्ञान र प्रविधिका ३ वटा मात्र क्याम्पस रहेका छन ।

सुदूरपश्चिम प्रदेश भित्र करीब २७७०० विद्यार्थीहरु उच्च शिक्षामा अध्ययनरत छन जस मध्ये ९प्रतिशत प्राविधिक शिक्षा र ९१ प्रतिशत साधारण शिक्षामा रहेका छन । बेलौरी नगरपालिकामा २ वटा क्याम्पसहरु रहेका छन । ती २ क्याम्पस समुदायबाट सञ्चालित छन । यी क्याम्पसहरुमा छात्रछात्र गरि जम्मा ४८७ विद्‍यार्थी अध्ययन छन ।.

### ३.४.३ अवसर

- नेपालको संविधानले संघीय संरचना अनुसार उच्च शिक्षाको सञ्चालनको साथै प्रदेश विश्वविद्यालय स्थापना गर्न सक्ने अधिकार प्रदेश सरकारलाई दिएको छ ।
- राज्यको नीति निर्माणमा केन्द्रीय भूमिकामा रहेका प्रायःसबै राजनीतिक दलका चुनावी घोषणापत्रहरुमा उच्च शिक्षालाई सर्वसुलभ र सबैको सहज पहुँचमा पुर्याउने, प्रदेश स्तरमा स्तरीय विश्वविद्यालय स्थापना गर्ने, गुणस्तरीय, रोजगारमुलक र व्यावसायिक शिक्षामा जोड दिने जस्ता पक्षहरु उल्लेख गरिएको छ ।
- राष्ट्रिय शिक्षा नीति,२०७६ ले प्रदेशको आवश्यकतालाई ध्यानमा राखी प्रदेश विश्वविद्यालय खोल्ने वा प्रदेश भित्र सञ्चालनमा रहेका विश्वविद्यालयहरुलाई नै प्रदेश अन्तर्गत कायम राख्ने उल्लेख गरेको छ ।

### ३.४.४ समस्या र चुनौतीहरु :

बेलौरी नगरपालिकामा उच्च शिक्षाका समस्या र चुनौतीहरु देहाय अनुसार रहेका छन ।

- उच्च शिक्षामा पर्याप्त लगानीको अभाव हुनु ।
- पर्याप्त भौतिक संरचना तथा मानवीय श्रोतको अभाव रहनु ।
- शिक्षकमा पेशागत दक्षताको र विद्यार्थीहरुमा पठन संस्कृतिको अभाव रहनु ।
- आवश्यक जनशक्ति उत्पादन गर्न सक्ने शैक्षिक संस्थाको अभाव हुनु ।
- उच्च शिक्षाको आधार मानिएको माध्यमिक शिक्षाको गुणस्तर कमजोर हुनु ।
- विद्यालय तहको पाठ्यक्रम र उच्च शिक्षाको पाठ्यक्रमबीच सह सम्बन्ध हुन नसक्नु ।
- स्थानीय ज्ञान सीप र प्रविधिको सम्भावनालाई उच्च शिक्षामा जोड्न नसक्नु जस्ता पक्षहरु उच्च शिक्षामा प्रमुख समस्या हुन ।
- बलबालिकाहरुले माथिल्लो कक्षामा विद्यालय छोड्ने उच्च दर हुनु ।

माथिका समस्याहरुका अतिरिक्त उत्पादित जनशक्तिलाई रोजगारीको अवसर सिर्जना गर्नु, मानव संशाधनको आँकलन र नक्शाङ्कन नगरी स्थापना गरिएका शैक्षिक संस्थाहरुको व्यवस्थापन गर्नु, उच्च शिक्षालाई अनुसन्धान केन्द्रित रोजगारमुलक बनाउनु, प्राविधिक विषयमा उच्च शिक्षा प्रदान गर्ने संस्थाहरु स्थापना र सञ्चालन गर्नु, प्रविधिलाई पाठ्यक्रम, शिक्षण सिकाइ र अनुसन्धानमा आबद्ध गरी प्रयोगमा ल्याउन सक्ने जनशक्ति विकास गर्नु मुख्य चुनौतीहरु रहेका छन् ।

### ३.४.५ दीर्घकालिन सोच :

बेलौरीको सामाजिक आर्थिक रुपान्तरण सहित सन्तुलित विकासका लागि मानव संशाधनको विकास ।

३.४.६ लक्ष्य :

पालिकामा एउट उच्च तहको शैक्षिक सस्था स्थापना गर्दै सिर्जनशील, प्रतिस्पर्धी, व्यावसायिक, प्रविधिमैत्री,रोजगारमूलक, उत्पादनमूलक र मानवीय मूल्यमा आधारित शिक्षा मार्फत पालिकाको विकासमा योगदान गर्न सक्ने मानव संसाधनको विकास गर्ने ।

३.४.७ उद्देश्य :

- पालिकाको विभिन्न स्थानमा गुणस्तरीय शिक्षा दिने गरी शैक्षिक संस्थाहरुको सुदृढीकरण गर्नु ।
- उच्च शिक्षाको पहुँच र गुणस्तर वृद्धि गरी विभिन्न क्षेत्रका योग्य, दक्ष, वैज्ञानिक, सिर्जनशील, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने अनुसन्धानमुखी जनशक्तिको उत्पादन गर्नु ।
- व्यावसायिक तथा प्राविधिक उच्च शिक्षालाई समावेशी, समतामूलक र सर्वसुलभ पहुँचको अवसर सिर्जना गर्नु ।
- उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्ने .
- सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित,प्रतिस्पर्धी र उद्यमशील मानव संशाधनको विकास गर्ने .
- उच्च शिक्षाका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने .
- प्राविधिक,व्यावसायिक तथा सीपमूलक उच्च शिक्षाको विकासका लागि संघीय सरकार तथा विश्वविद्यालय र प्रादेशिक विश्वविद्यालयसंग सहकार्य गर्ने ।

३.४.८ रणनीतिहरू

- उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने
- स्थानीय तह क्षेत्र भित्र आवश्यकताअनुसार उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू स्थापना गर्ने
- खुला शिक्षा मार्फत उच्च शिक्षामा पहुँच वृद्धिका लागि पहल गर्ने
- महिला, आदिवासी/जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिकरूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्न
- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने
- उच्च शिक्षा विकासका लागि सार्वजनिक, सामूदायिक तथा निजी स्तरमा साझेदारी कार्यलाई प्रोत्साहन गर्ने
- उच्च शिक्षाको सञ्चालन सार्वजनिक सामुदायिक र निजी संस्थाको रुपमा विकसित गर्ने ।
- उच्च शिक्षाको मूल प्रवाहमा आउन नसकेका सबै वर्ग, क्षेत्र र समुदायका विद्यार्थीहरुलाई उच्च शिक्षाको मूलधारमा ल्याउनु पर्ने ।

- समुदायद्वारा सञ्चालित क्याम्पसहरुलाई नमूना क्याम्पसको रुपमा विकसित गर्न आवश्यक भौतिक संरचनाको विकास सूचना प्रविधि इ-पुस्तकालय तथा अनुसन्धान कार्य अनुदानमा लगानी वृद्धि गर्न पहल गरिनेछ ।
- उच्च शिक्षा प्रदायक संस्थाको स्थापना तथा सञ्चालनमा निजी लगानी वृद्धि गर्न पहल गरिनेछ ।
- परम्परागत तथा स्थानीय ज्ञान सीप तथा प्रविधिको सम्बर्द्धन र संरक्षण गर्दै वैज्ञानिक खोज तथा अनुसन्धानलाई उच्च शिक्षामा आवद्ध गरी नवीन प्रविधिलाई प्रदेशको हरेक क्षेत्रको विकासमा उपयोगमा ल्याउन सक्ने शैक्षिक वातावरण निर्माण गरिनेछ ।
- अपाङ्गता भएका व्यक्ति, उत्पीडित, दलित, पछाडी पारिएका वर्ग र समुदायका जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि पूर्ण निःशुल्कीय छात्रवृत्ति प्रदान गरिनेछ ।
- उच्च शिक्षाको अध्ययन पुरा गर्न नपाएका कामकाजी व्यक्तिहरुलाई खुला तथा वैकल्पिक माध्यमबाट अध्ययनको व्यवस्था गर्न खुला विश्वविद्यालय संग समन्वय गरिनेछ ।
- विज्ञान तथा प्राविधिक जनशक्तिको उत्पादनका लागि अनिवार्य शर्त मानिने विज्ञान विषयमा कक्षा १२ को पठनपाठन हुने विद्यालयको स्थापना र सञ्चालनमा सहयोग गरिनेछ ।
- गरीब तथा जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक विषयमा उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गरिनेछ ।
- रोजगार बजारको माग अनुसार उच्च तथा प्राविधिक शिक्षाको ज्ञान भएको जनशक्ति आपुर्ति गर्न क्याम्पस तथा विश्वविद्यालय संग समन्वय गरिनेछ ।
- उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग हुने गरी नक्साङ्कनका आधारमा क्याम्पस स्थापना र सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।
- पालिकामा एउटा आवासीय सुविधा सहितको सुविधा सम्पन्न नमूना क्याम्पस स्थापना र सञ्चालनमा सहयोग गरिनेछ ।
- प्रतिभाशाली विद्यार्थीहरुलाई उच्च शिक्षाको विशिष्टतम सैद्धान्तिक तथा व्यवहारिक ज्ञान आर्जन गर्ने मौका दिइनेछ ।
- प्राविधिक विषयमा उच्च शिक्षा हासिल गरेका विद्यार्थीलाई आफ्नो विषयक्षेत्रमा उत्पादनशील काम थालनी गर्न आर्थिक सहुलियत गरिनेछ ।

### ३.४.९ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः**

- उच्च शिक्षामा पहुँच अभिवृद्धि भएको हुने .
- सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित,प्रतिस्पर्धी र उद्यमशील मानव संशाधनको विकास भएको हुने .
- उच्च शिक्षाका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनमा टेवा पुगको हुने .

**ख) प्रमुख नतिजा**

- उच्च शिक्षा उत्पादन र आर्थिक उपार्जनसँग जोडिने

- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने
- स्थानीय तहमा उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना हुने
- उच्च शिक्षामा सार्वजनिक, निजी तथा सामूदायिक सहभागितामा लगानी अभिवृद्धि हुने
- स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थी क्षमता र योग्यता अनुसार उच्च शिक्षामा पहुँच हुने

ग) प्रमुख क्रियाकलाप र लक्ष्य

- उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूको स्थापना
- उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूको  न्यूनतम भौतिक पूर्वाधार विकास
- अनुसन्धान केन्द्रको स्थापना
- शिक्षक व्यवस्था
- छात्रबृत्ति कार्यक्रम
- उच्च शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थिति प्रति उत्थानशील बनाउन योजना निर्माण गरी कार्यान्वयन गर्न सहयोग

## ३.५ प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तथा तालिम

### ३.५.१ पृष्ठभुमि

कुनै निश्चित पेसा वा व्यवसायको ज्ञान, सीप तथा प्रवृत्ति प्रदान गरिने शिक्षालाई व्यावसायिक शिक्षा भनिन्छ भने कुनै पेसागत तथा व्यवसायको लागि आवश्यक पर्ने ज्ञान, सीप र प्रवृत्ति विकास गर्न दिइने छोटो समयको तालिमलाई व्यावसायिक तालिम भनिन्छ । प्राविधिक शिक्षाले व्यक्तिलाई उसमा रहेको क्षमताको उजागर र उपयोगबाट जीवन निर्वाह, सन्तुष्टि र सम्मानप्राप्तिमा सहयोग पुर्याउँछ । हाम्रो देशको संविधानले रोजगारीको हक र श्रम सम्बन्धी हकको व्यवस्था गरेकोले जनशक्तिको उत्पादन र रोजगारीको सिर्जना गर्नुपर्ने, वर्तमानका युवा तथा वयस्कहरूलाई प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गरी उत्पादनशील जनशक्तिमा रुपान्तरण गर्दै स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्षम बनाउनु आजको आवश्यकता हो। प्राविधिक सीप र व्यवसायीक सीपको पहुँचबाट वञ्चित वर्गलाई समावेश गर्न आवश्यक छ । बेलौरी नगरपालिकाले तय गरेको दुरदृष्टि बमोजिम देश विदेशका लागि आवश्यक जनशक्ति उत्पादन गर्न व्यवसायीक तथा प्राविधिक शिक्षाले महत्वपूर्ण स्थान ओगटेको छ। यसैले यस नगरपालिकामा यस किसिमको शिक्षाको विकास गर्न निकैनै सान्दर्भीक छ।

### ३.५.२ वर्तमान अवस्था

यस बेलौरी नगरपालिकामा सबै वर्ग, क्षेत्र र समुदायका व्यक्तिहरुमा व्यवसायीक र प्राविधिक शिक्षाका लागि उच्च चाहाना र आकांक्षा रहेको छ । प्राविधिक र व्यवसायीक ज्ञान र सीपको खोजीमा यहाँ जनसमुदाय रहेका छन् । यहाको सबैको चाहानामा यस किसिमको शिक्षाको चाहाना रहेता पनि

आवश्यकतानुसार प्राविधिक तथा व्यवसायीक शैक्षिक संस्था खुल्न सकेका छैनन् । शैक्षिक सत्र २०७८ मा यस नगरपालिका अन्तरगतका सामुदायिक माविका २ वटा विद्यालयहरुमा ६५ जना विद्यार्थीहरु प्राविधिक विषयमा अध्ययनरत रहेका छन । जुन कुल विद्यार्थी संख्याको ०.७९ प्रतिशत हो .

बेलारी नगरपालिकामा हाल प्राविधिक शिक्षा अन्तर्गत कृषि तर्फ बाली बिज्ञान र पशु विज्ञान बिषयहरु संचालनमा रहेका छन र वन विज्ञान, इन्जिनियरिङ. तर्फ सिभिल, ईलेक्ट्रिकल, सर्भे, कम्प्यूटर, अटोमोबाईल र मेकानिकल, पर्यटन तर्फ होटल ब्यवस्थापन, स्वास्थ्य तर्फ नर्सिङ., सामान्य चिकित्सा, ल्याब टेक्निसियन र फार्मेसी जस्ता शिक्षालयहरुको स्थापना हुन सकेको छैन । यस्तै प्रदेशमा हाल सम्म बहु व्यावसायिक प्रशिक्षण केन्द्र स्थापना गर्न सकिएको छैन ।

### ३.५.३ समस्या, चुनौतीहरु एवं अवसरहरु

यस बेलौरी नगरपालिकामा व्यवसायिक तथा प्राविधिक शिक्षामा आवश्यकतानुसार प्राविधिक तथा व्यावसायिक धारका विद्यालय स्थापना गर्ने, प्राविधिक धार सञ्चालन भएका माध्यमिक विद्यालयहरुको प्राविधिक धार सञ्चालनका लागि आवश्यक सक्षमताको विकास गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका लागि दक्ष शिक्षक र प्रशिक्षकको व्यवस्था गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा सबै क्षेत्र,वर्ग र समुदायको समतामूलक पहुँच सुनिश्चित गर्ने जस्ता मुख्य चुनौतीहरु रहनुका साथै तपसिलका समस्याहरु रहेका छुन् ।

- प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमका लागि प्राथमिकता प्राप्त क्षेत्रको पहिचान गर्न नसकिएको ।
- प्राविधिक एवं व्यावसायिक शिक्षा प्रदान गर्ने विद्यालय स्थापना गर्नका लागि सरकारी एवं निजी क्षेत्रबाट पहल नगरिनु,
- प्राविधिक एवं व्यावसायिक शिक्षा प्रदान गर्ने विद्यालयका लागि अभिभावकहरुलाई उत्प्रेरित गर्न नसक्नु

यसरी विभिन्न समस्या र चुनौतीहरु रहेता पनि देशका विभिन्न योजना राज्यको नीति र सोच साथै यस नगरपालिकामा व्यवसायीक तथा प्राविधिक शिक्षाको प्रयाप्त अवसर रहेका छुन । यहाँका जनसमुदायमा व्यवसायीक शिक्षाप्रतिको उच्च चाहना छ । यहा भौगोलिक एवं जनसांख्यिक रुपले उपयुक्त अवस्था छ । यहा कृषि क्षेत्र लक्षित कियाकलाप संचालन गर्न सुहाउदो वातावरण छ । यहाँको राजनीतिक एवं शैक्षिक वर्गमा प्राविधिक एवं व्यवसायीक शिक्षाका लागि उच्च चाहाना रहेको छ ।

### ३.५.४ लक्ष्य

उत्पादनशील जनशक्तिलाई आवश्यकताअनुसारका व्यावसायिक तथा पेसागत क्षेत्रहरूमा प्रयाप्त दक्षता हासिल हुने गरी सिपमूलक शिक्षा र तालिम उपलब्ध गराई जनताको आर्थिक स्तरमा सुधार ल्याउने ।

### ३.५. ५ प्राविधिक तथा व्यवसायिक शिक्षाका उद्देश्यहरू

- प्राविधिक धारबाट उच्च शिक्षा हासिल गर्न सक्ने जनशक्ति उत्पादन गर्नु

- प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच विस्तार गर्नु,
- प्राविधिक तथा व्यावसायिक शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धी गराउनु
- बेलौरी नगरपालिका क्षेत्रको विकासका लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्नुका साथै समग्र देश विकासमा विशेष भूमिका निर्वाह गर्ने दक्ष जनशक्ति उत्पादन गर्नु,

३.५.६ रणनीतिक क्रियाकलापहरु

- विद्यालय मार्फत सामाजका आवश्यकता तथा सीपमूलक शिक्षाका चाहना पूरा गर्न विद्यार्थीलाई आत्म निर्भर बनाउन छोटो अवधिको एक विद्यालय एक सीपमूलक तालिम प्रदान गरिनेछ .
- व्यवसायिक शिक्षाको विकास गर्न शिक्षकको पेशागत दक्षता अभिवृद्धि गरिनेछ
- नगरपालिकामा पाँच वर्ष भित्र बहुप्राविधिक विद्यालय संचालन गरिनेछ
- नगरपालिकामा एउटा रोजगार सुचना केन्द्रको स्थापना गरिनेछ
- नमुना विद्यालयका मापदण्ड तयार पारी नगरपालिका भित्र नगर प्रमुख  नमुना विद्यालय कार्यक्रम संचालन गरिनेछ
- कृषि उत्पादनलाई व्यवसायसंग जोड्ने तरिकाले आधुनिक तरकारी खेती, बेमौसमी फलफुल, उन्नत जातका बिउबिजन, उत्पादन , बाख्रापालन , दुध डेरी, पंक्षीपालन, चल्ला उत्पादन, माछा पालना, आधुनिक कृषिऔजार प्रयोग तरिका, व्यवस्थित कृषि प्रणाली सम्बन्धी छोटो अवधिक तालिमहरु सञ्चालन गरिनेछन
- समय अनुकुल बुटिक, Beauty Parlour, Tailoring , Furnishing, Painter, Cleaner, Cook जस्ता मानिसको गुजारा बन्न सक्ने विषयमा तालिमको व्यवस्था मिलाइनेछ।
- बहुप्राविधिक शिक्षालय र तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने
- विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने

३.५.७ उपलब्धी, नतिजा / प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

क) उपलब्धि

यस योजनाको अन्त्यमा प्रत्येक वडामा एउटा एउटा प्राविधिक धारको विद्यालल स्थापना भएका हुनेछन् । नगरपालिका क्षेत्र भित्र स्थानीय मागमा आधारित छोटो अवधिका व्यावसायिक तालिम प्रदायक संस्थाहरुको स्थापना भएको हुनेछ । प्राविधिक तथा व्यासायिक शिक्षामा पहुँच तथा गुणस्तर अभिवृद्धी

भएको हुनेछ । विभिन्न विपद्का कारण प्राविधिक शिक्षा क्षेत्रमा हुने क्षति न्युनिकरण गर्न प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको क्षेत्र सक्षम भएको हुनेछ र विपद प्रतिकार्यका लागि प्रविधिको विकास साथै पर्याप्त जनशक्तिको उत्पादन भई सक्षम र सबल भैकार्य गरेको हुनेछ । उत्पादित जनशक्तिले स्थानीय श्रम बजार, बैदेशिक रोजगार तथा स्वरोजगारयुक्त भै जीवन स्तर उकासेको हुनेछ । उत्पादित वस्तु तथा सेवाले बजार प्राप्त गरेको हुनेछ । प्राविधिक शिक्षामा आम नागरिक तथा समुदायको अपनत्व विकास भइ शैक्षिक गुणस्तरमा सहयोग प्राप्त भएको हुनेछ । समग्रमा भन्दा प्रदेशलाई आवश्यक पर्ने बिभिन्न पेशा तथा व्यवसायका आधारभूत, मध्यम तथा उच्च स्तरको जनशक्ति बजार माग अनुसार उत्पादन भएको हुनेछ ।

**ख) प्रमुख नतिजाः**

- बेलौरी नगरपालिकमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुनेछ
- स्थानीय तहमा बहुप्राविधक शिक्षालय र प्राविधक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन भएका हुनेछन्
- स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवर्द्धन  हुनेछन्
- वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणीकरण तथा उपयोग हुने वातावरण सृजना भएको हुनेछ
- खोज, नवप्रवर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुनेछ
- उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि भएको हुनेछ
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामूदायिक सहभागितामा लगानी अभिवृद्धि  हुनेछ ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्यः**

- प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन
- प्राविधक धार सञ्चालन भएका विद्यालयहरूको भौतिक पूर्वाधार विकास
- बहुप्राविधक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन
- छोटो अवधिका सिपमूलक तालिम सञ्चालन
- शिक्षक व्यवस्था
- छात्रवृत्ति कार्यक्रम
- स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा
- स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रवर्द्धन कार्यक्रम
- वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणिकरण तथा उपयोग सम्बन्धि कार्यक्रम
- उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग

- आर्थिकरूपमा पिछडिएका प्रतिभावान् तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था

**३.६ पाठ्यक्रम र पाठ्यसामग्री (स्टेम,अतिरिक्त/ सह क्रियाकलाप, परम्परागत र मौलिक विषय, पुर्वीय दर्शन र शिक्षा, मातृ भाषा, स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री तथा राष्ट्रिय तथा प्रदेश ढाँचा अनकुलको पाठ्यसामग्री)**

३.६.१ परिचय

हामीले कस्तो किसिमको जनशक्ति उत्पादन गर्ने त्यस्को मार्गदर्शन पाठ्यक्रमले निर्धारण गर्दछ । निश्चित शैक्षिक उद्देश्यहरू प्राप्त गर्न सिकाइ अनुभवहरू छनोट गर्ने, संगठित गर्ने र यी उद्देश्यहरू पूरा भएको वा नभएको मूल्याङ्कन गर्ने योजनाको रुपमा पाठ्यक्रमलाई लिन सकिन्छ । पाठ्यक्रममा शिक्षाका उद्देश्यहरू, समाजका चाहनाहरू, विद्यार्थीका रुचि र उमेर अनुसारको स्तरयुक्त, समसामयिक, वैज्ञानिक तथा प्रभावकारी विषयवस्तुका साथै विषयवस्तुलाई प्रभावकारीपूर्ण ढंगले शिक्षण गर्न उपयुक्त शिक्षण विधि र प्रविधि, सामग्री, प्रक्रिया र मूल्याङ्कन प्रविधिसमेत निर्धारित हुन्छ। पाठ्यक्रमले समग्र मानव जीवनमा प्रभावपार्ने खालको हुनुपर्दछ । पाठ्यक्रम निर्माण गर्ने मात्र होईन यसको कार्यान्वयनलाई ध्यान दिनु पनि त्यत्तिकै आवश्यक हुन्छ । पाठ्यक्रम निर्माण गर्दा विभिन्न पक्षहरुलाई ध्यान दिनुपर्दछ ।

**क) स्टेम (STEM) : Science, Technology, Engineering, and Maths** को संयुक्त रुप हो । । कक्षा १ देखि नै गणित र विज्ञान विषय पाठ्यक्रममा समेटिएको छ । कक्षा ९ देखि प्राविधिक धारका विद्यालयहरु सञ्चालन गरिएका छन । विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित विषयको संस्थागत विकास गरी देश निर्माणको लागि आवश्यक जनशक्ति उत्पादन गर्नमा विद्यालय शिक्षाले आधार प्रदान गर्नुपर्दछ । प्राविधिक तथा व्यावसायिक धारका विद्यालयहरु सञ्चालनमा ल्याएर प्राविधिक जनशक्ति उत्पादनमा जोड दिएको छ । विद्यालयको तहको शिक्षामा गणित, विज्ञान जस्ता विषयहरुको अध्यापनले स्टेम शिक्षाका लागि आधार तय गरेको छ ।

**ख) अतिरिक्त र सह क्रियाकलापः**

विद्यालयमा पाठ्यक्रमका उदेश्यहरु पुरा गराउन सह -क्रियाकलाप र अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिन्छन । पाठ्यक्रमले राखेका अपेक्षा एकोहोरो शिक्षण पद्दतिले पुरा गर्न नसक्ने भएकाले रुचिपूर्ण र विद्यार्थीको सक्रिय सहभागितामा उनीहरूमा ज्ञान, सिप र अभिवृद्धिको विकास गर्न अतिरिक्त क्रियाकलापमा जोड दिनु उपयुक्त हुन्छ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि पाठ्यक्रमसंग

सम्बन्धित सहकार्यकलाप र अतिरिक्त क्रियाकलापहरु गरिनुपर्दछ । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पुरा गर्न कार्यकलापको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

**ग) परम्परागत र मौलिक विषयः**

विश्वमा ज्ञानको विस्फोटन भईरहेको छ । हिजो प्राप्त गरेको ज्ञान आजका लागि पूरानो मात्र होईन असत्य पनि हुन सक्छ । यसैले पाठ्यक्रम समय समयमा परिवर्तन भइरहनुपर्दछ । लामो समय देखि उहि विषय र उही पाठ्यवस्तु शिक्षण गर्दा समयसापेक्ष जनशक्ति उत्पादनमा बाधा पर्ने हुन्छ । परम्परागत विषयका रूपमा धर्म, संस्कृति सम्बद्ध विषयहरुलाई पाठ्यक्रममा समेटिने गरिएको छ भने मौलिक विषयहरूमा प्राथमिक तहमा स्थानीय पाठ्यक्रम सम्बद्ध र माथिल्ला कक्षामा पेशा, व्यवसाय तथा प्रविधि शिक्षा,नैतिक शिक्षा,कम्प्युटर शिक्षा आदिको व्यवस्था गरिदै आएको छ । यसैले समयको गतिसँगै पाठ्यक्रम, पाठ्यपुस्तक र विषयवस्तुमा नविनता ल्याउनुपर्दछ ।

**घ) पूर्वीय दर्शन र शिक्षा :**

विशेषतः ईश्वरीय शक्तिमा विश्वस राख्दै आदर्शवान,चरित्रवान् नागरिक विकासको अपेक्षा  राख्ने दर्शन पूर्वीय दर्शन हो । शिक्षाका ३ वटा धारहरु मध्ये परम्परागत तथा संस्कृत धारको रुपमा पठन पाठन हुदै आएको छ । स्वधर्म, स्वदेश र मातृभूमिको मोह जगाउन प्रारम्भिक बाल शिक्षा देखि नै शिक्षा दिइ चरित्र निर्माणमा जोड दिइनुपर्दछ । माता , पिता र गुरुप्रति सम्मान भाव व्यक्त गर्दै आफ्नो धर्म संस्कृतिको  जगेर्नामा तत्पर जनशक्तिको उत्पादनले आफ्नो देशको मौलिक संस्कृतिको संरक्षणमा सहयोग पुग्दछ ।विशेषतः व्यक्तिको शारीरिक मानसीक र बौद्धिक विकासका साथै आध्यात्मीकताको विकास पनि आवश्यक हुन्छ । हरेक व्यक्तिको चौतर्फी विकासका लागि आध्यात्मीकताको आवश्यकता पर्दछ ,जसमा  पुर्वीय दर्शनको आवश्यकता पर्दछ ।

**ङ) मातृभाषा र स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री :**

नेपालको संविधानले मातृभाषामा शिक्षा पाउने कुरालाई मौलिक हकका रूपमा लिएको छ । यस्तै विभिन्न शैक्षिक योजना तथा नीतिहरु पनि मातृभाषामा शिक्षा पाउने अधिकारलाई उच्च प्राथकिकतामा राखेको पाइन्छ । सबैका लागि शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताले समेत आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने कुरालाई जोड दिएको छ । हाम्रो  पाठ्यक्रमले कक्षा १ देखि नै मातृभाषा तथा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ । अहिले नयाँ पाठ्यक्रम अनुसार कक्षा ६ मा समेत यो व्यवस्था शुरु भईसकेको अवस्था छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ अनुसार प्रत्येक स्थानीय तहले विद्यालय तहको स्थानीय पाठ्यक्रम विकास तथा परिमार्जन, ऐच्छिक विषय छनोट, पाठ्यक्रमको कार्यान्वयन तथा सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्ने छ । यस कार्यका लागि स्थानीय तहले स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक समन्वय समिति गठन गरी सो समितिलाई विद्यालय स्तरीय राष्ट्रिय पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रभावकारी कार्यान्वयन, राष्ट्रिय पाठ्यक्रम प्रारूपको परिधिभित्र रही स्थानीय पाठ्यसामग्री विकास, स्वीकृति, परिमार्जन र कार्यान्यिन, पाठ्यक्रम सम्बन्धी सुपरिवेक्षण, अनुगमन, अनुसन्धान तथा पृष्ठपोषण जस्ता कार्यका लागि जिम्मेवार बनाएको छ ।

३.६.३ वर्तमान अवस्था (समस्या तथा चुनौतीहरु)

- विद्यालयमा नियमित रुपमा अतिरिक्त क्रियाकलाप नभएको ।
- पुर्ख्यौली पेसालाई सुधार एवम् आत्मसात गर्न र अपेक्षित रूपमा पारिवारिक कार्यमा सहयोग पुऱ्याउन सकेको छैन ।
- सामाजिक मूल्य र मान्यता तथा सत्कर्म जस्ता पक्षलाई अपेक्षित रूपमा सम्बोधन गर्न सकेको छैन ।
- अतिरिक्त क्रियाकलापबाट बालबालिकाहरुको विविधता छनोट गरी व्यक्तित्व विकास गर्न नसकिएको ।
- विद्यालय तहको पाठ्यक्रमले एकातिर पूर्वीय दर्शनका मूल्य र मान्यताका उपयोगी पक्षहरूलाई प्रवर्धन गर्न नसकेको देखिन्छ भने अर्कातिर पश्चिमी ज्ञान प्राप्तिका मूल्य र मान्यताहरूलाई पनि अपेक्षित रूपमा समावेश गर्न नसकेको देखिन्छ ।
- शुक्रबारका दिन योजना बनाई अतिरिक्त क्रियाकलाप हुन नसकेको र सिमित किसिमका क्रियाकलापहरु मात्र गर्ने गरिएको ।
- जीवनोपयोगी सिपको विकासलाई टेवा पुग्ने गरी पाठ्यक्रम विकास र कार्यान्वयन गर्न सकिरहेको छैन ।
- कम्प्यूटर, शारीरिक शिक्षा लगायत प्रयोगात्मक विषयहरुको आवश्यकतानुसार सहक्रियाकलाप हुन नसकेको ।
- मातृभाषाको व्यवस्थापन गर्ने सम्बन्धमा ठोस प्रगति हुन सकिरहेको छैन । विद्यालय तह देखि लागु गरिएको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन भएको पाइँदैन ।

माथिका समस्याहरुका साथै पाठ्यक्रम र निरन्तर मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन गर्ने, पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक भौतिक पूर्वाधार,उपयुक्त वातावरण, शिक्षक तयारी र क्षमता विकास आदिको उचित प्रबन्ध मिलाउने,स्थानीय पाठ्यक्रम विकासका निम्ति प्राविधिक तथा आर्थिक स्रोतको पर्याप्त व्यवस्था मिलाउने, स्टेम शिक्षाको प्रभावकारी कार्यान्वयन एवं व्यवस्थापन गर्ने, स्थानीय सक्रियतामा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने वातावरणको विकास गर्ने,पाठ्यक्रममा परम्परागत तथा मौलिक विषयहरु एवं पूर्वीय दर्शन र विज्ञान प्रविधिको सन्तुलन मिलाउने,पाठ्यक्रम प्रबोधीकरण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण जस्ता कार्यहरुमा प्रभावकारिता वृद्धि गर्ने जस्ता मुख्य चुनौतिहरु रहेका छन ।

३.६.३ उदेश्य

- स्टेम शिक्षाको प्रभावकारी व्यवस्थापनमा सहयोग पुर्‍याउनु ।
- अतिरिक्त र सह क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गराउनु ।
- नैतिकता एवं सदाचार विकासका लागि आधार प्रदान गर्नु ।

- पाठ्यक्रम तथा मूल्याङ्कनको प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त वातावरण तयार गर्नु ।
- स्थानीय आवश्यकतामा आधारित जीवनोपयोगी पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याउनु ।

### ३.६.४ रणनीतिक क्रियाकलापहरु

- पालिकाका मौलिक विशिष्टताको अध्ययन तथा अध्यापन गर्ने पाठ्यक्रमको निर्माण गरी स्वदेशी तथा विदेशी विद्यार्थीहरु आकर्षित हुने शैक्षिक वातावरण निर्माण गरिनेछ ।
- विज्ञ समुहबाट स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ साथै पाठ्यक्रम निर्माण प्रक्रिया सहभागितामूलक बनाईने छ ।
- वैदिक तथा परम्परागत दर्शन ज्ञान अनुभव तया सीपलाई वैज्ञानिक अनुसन्धान मार्फत आधुनिक ज्ञानसंग आवद्ध गरेर उच्च शिक्षाको पाठ्यक्रममा समावेश गरिनेछ ।
- स्थानीय भाषाभाषिकालाई पहिचान गर्नुका साथै बहुभाषिक विद्यार्थीहरुलाई संबोधन गर्न बहुभाषिक नीति अवलम्बन गरी प्रत्येक बालबालिकालाई मातृ भाषामा शिक्षा पाउने अधिकार सुनिश्चित गर्न प्रयत्न गरिनेछ ।
- तयार पारिएको स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्रीहरु विद्यालयलाई निशुल्क रुपमा वितरण गरिनेछ ।
- गणित र विज्ञान शिक्षकहरुको नेटवर्क गठन गरी आवश्यक क्रियाकलापहरु सञ्चालनमा ल्याइनेछ ।
- स्टेम शिक्षाको प्रभावकारी परिचालनका लागि विद्यालयहरुमा गणित र विज्ञान प्रयोगशालका विषयगत सामग्री एवं अन्य सन्दर्भ सामग्रीको व्यवस्था गरिनेछ ।
- नगरपालिका भित्रका आधारभूत तह ( कक्षा १-५ ) मा वडागत रूपमा र आधारभूत तह ( कक्षा ६-८ ) र माध्यमिक तह ( कक्षा ९-१२) मा पालिकास्तरीय प्रतियोगिताहरू सञ्चालनमा ल्याइनेछ ।
- आधारभूत तह (कक्षा १-५) मा मातृभाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरी मातृभाषाको जगेर्ना र भाषिक सिप विकासमा सहयोग पुर्याइनेछ ।
- पाठ्यक्रम निर्माणका मापदण्ड अनुकुल स्थानीय परिवेश सुहाउदो पाठ्यक्रम विकास गरिनेछ ।
- स्थानीय पाठ्यक्रमको आधारमा शिक्षण गर्न शिक्षकहरुलाई अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ ।
- प्रत्येक वडाहरूमा खेलमैदानको व्यवस्था गरी प्रयोगमा ल्याउने ।
- प्रत्येक विद्यालयमा खेल शिक्षकको व्यवस्था गरिने र समयसमयमा तालिम प्रशिक्षणको व्यवस्था गरिने ।
- सहक्रियाकलापका लागि शिक्षकहरूलाई क्षमता अभिवृद्धि तालिम प्रदान गर्ने ।
- नगरपालिकाले सहक्रियाकलाप सम्बन्धमा सिकाइ सामग्री उत्पादन गरी विद्यालयलाई उपलब्ध गराउने ।
- नैतिक आचरण र सदाचार विकासका सम्वद्ध विषयहरु पाठ्यक्रममा समावेश गरिनेछ
- माता , पिता र गुरुप्रति सम्मान भाव व्यक्त गर्दै आफ्नो धर्म संस्कृतिको जगेर्नामा तत्परता गराउने,

- प्रारम्भिक बाल विकास शिक्षामा मातृभाषाको प्रयोगलाई जोड दिने र स्थानीय भाषा,कला संस्कृति, रहनसहन सम्बद्ध विषयमा आधारित भएर बालबालिकाहरूको भाषिक क्षमता विकासमा जोड दिइने,पाठ्यक्रममा आधारित सिकाइको सुनिश्चितता गर्नका लागि शिक्षकहरुलाई अभिमुखीकरण तथा पेसागत सहयोग प्रदान गरिनेछ ।

- स्थानीय ज्ञान, सिप, पेसा तथा व्यावसायको प्रवर्द्धनमा केन्द्रित स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सिकारुको सिकाइ उपलब्धिप्रति शिक्षकलाई जिम्मेवार तथा जवाफदेही बनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गर्दै पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गरिने छ ।
- विद्यार्थीहरुको प्रतिभा प्रस्फुटन गराउन तहगत (१-५, ६-८, ९-१०, ११-१२) रुपमा विभिन्न आईडल कार्यक्रमहरु संचालनन गरिनेछ ।

### ३.६.५ उपलब्धी, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

**क) उपलब्धि**

कक्षा ८ सम्मको पाठ्यक्रम तथा पाठ्यसामग्री स्थानीय आवश्यकतामा आधारित भई विकास र कार्यान्वयन भएको हुनेछ । सबै विद्यालयहरुमा स्टेम शिक्षाको कार्यान्वयन भएको हुनेछ । सबै विद्यालयहले अतिरिक्त तथा सहक्रियाकलापहरु नियमित रुपमा सञ्चालन गरेका हुनेछन । पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाको कार्यान्वयन पद्धतिमा सुधारमार्फत सिकाइको गुणस्तर तथा सान्दर्भिकतामा अभिवृद्धि भएको हुनेछ । पाठ्यक्रममा आधारित सिकाइ प्रणालीमा प्राविधिक सहयोग पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

**ख) प्रमुख नतिजाः**

- पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुनेछ
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुने
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण भएको हुनेछ
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ

**ग) प्रमुख क्रियाकलाप र लक्ष्यः**

- पाठ्यक्रम अभिमुखिकरण
- शिक्षक तालिम
- शिक्षक पेसागत सहयोग

- कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन
- आवधिक विद्यार्थी मूल्याङ्कन
- डिजिटल सामग्रीको प्रयोग
- सुचना तथा सञ्चार प्रविधिको प्रयोग
- निःशुल्क पाठ्यपुस्तक
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन
- माध्यम भाषाका रूपमा मातृभाषाको प्रयोग
- सुपरिवेक्षण तथा अनुगमन
- परीक्षा सञ्चालन

## ३.७ शिक्षक व्यवस्थापन र विकास

### ३.७.१ परिचय

शिक्षक शैक्षिक गुणस्तर विकासका लागि मेरुदण्डका रूपमा रहने हुँदा शिक्षक शिक्षा र शिक्षक प्रशिक्षण गुणस्तरीय शिक्षाका लागि अपरिहार्य तत्वहरू हुन् । शिक्षकहरू शैक्षिक गुणस्तर विकास अभियानको केन्द्रिय भूमिकामा रहेका हुन्छन् । शिक्षकहरू दक्ष भएमा मात्र उनीहरूले दिने ज्ञान शिक्षार्थीहरूमा निर्बाध रूपमा पुग्छ (उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०५५) । शिक्षाका सरोकारवालाहरू मध्ये शिक्षक, विद्यार्थी र अभिभावकको शिक्षा क्षेत्रमा विशेष भूमिका हुन्छ । बालबालिकाहरूको सिकाइ उपलब्धि बढाउन र गुणात्मक शिक्षा प्रदान गर्न शिक्षकहरूको निर्णायक भूमिका रहन्छ । गुणस्तरीय शिक्षाको लागि शिक्षकको पेसागत विकास र दक्षता पनि अपरिहार्य हुन्छ । शिक्षकको पेसागत विकासमा शिक्षक तालिमको महत्वपूर्ण भूमिका हुन्छ । विद्यार्थीको सिकाइ वा शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू मध्ये शिक्षक एक महत्वपूर्ण तत्व हो । भनिन्छ, यदि विद्यार्थीले सिकेन भने शिक्षकले पढाएन । शिक्षकको शिक्षण प्रभावकारिता अर्थात् कार्यसम्पादनको स्तर अन्य पक्षहरूका अतिरिक्त उसको शैक्षिक योग्यता, लिएको तालिम, शिक्षण पेसाप्रतिको अभिवृत्ति आदिमा निर्भर हुन्छ ।

### ३.७.२ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा ऐन, शिक्षा नियमावली र शिक्षक सेवा आयोग नियमावली, विद्यालय क्षेत्र विकास योजनामा शिक्षक शिक्षा र तालिम सम्बन्धी विभिन्न प्रावधानहरू राखिएका छन् । सुदूरपश्चिम प्रदेशमा शिक्षक तालिमका लागि एक शिक्षा तालिम केन्द्रको सँरचना विद्यमान रहेको छ । यसै गरी शिक्षा सम्बन्धी कामकाजका लागि प्रत्येक जिल्लामा  संघीय सरकारको निकायको रुपमा शिक्षा विकास तथा समन्वय इकाइहरू रहेका छन् भने प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय र निर्देशनालय ,प्रदेशको जिल्ला संरचनाको रुपमा सामाजिक विकास कार्यालय तथा ८८ ओटै स्थानीय तहहरूमा शिक्षा ,युवा तथा खेलकुद शाखा/महाशाखा स्थापना भइ कार्यसम्पादन भइरहेको अवस्था छ । तालिमका कार्यक्रम सञ्चालन गर्न प्रशिक्षकहरू, तालिम केन्द्र प्रमुख, शिक्षा सेवाका कर्मचारी, शिक्षाका प्राध्यापक, स्रोतव्यक्ति, सेवा निवृत्त शिक्षक तथा कर्मचारीहरू विद्यमान रहेका छन् । हाल बेलौरी

नगरपालिकामा माध्यमिक, निम्न माध्यमिक / प्राथमिक तहमा क्रमश ४९, ६९ र १६८ शिक्षकहरु रहेका छन् । विद्यार्थी सङ्ख्या एवम् विषयगत आधारमा शिक्षक अपुग रहेको र दरबन्दी मिलान पनि हुन नसकेकाले विद्यालयहरूमा शिक्षक अभाव रहेको छ ।

### ३.७.३ अवसर

नेपालको बदलिँदो राजनैतिक प्रशासनिक र शासकीय प्रणाली एवम् शिक्षाक्षेत्रमा भएका प्रगति र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू समेतका आधारमा सुदूरपश्चिम प्रदेशको शिक्षक शिक्षा र जनशक्ति विकासका लागि हाल निम्नानुसारका अवसरहरू विद्यमान रहेका छन् ।

- नेपालको संविधान(२०७२) ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभुत गरी ज्ञानमा आधारित शिक्षालाई महत्वपुर्ण माध्यमको रुपमा स्वीकार्दै आधारभूत तहसम्मको शिक्षामा पहुँच, आधारभूत तहसम्म अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभुत गरेको छ ।
- नेपाल सरकारले हाल शिक्षकहरूको पेसागत दक्षता विकास र तालिमसँग सम्वन्धित विभिन्न नीति, निर्देशिका, योजना तथा कार्यक्रमहरू तयार गरिरहेको छ ।
- शिक्षकको पेसागत तथा वृत्ति विकासका लागि सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा शिक्षा क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरू एवम् गैरसरकारी सँघ सँस्थाहरूसँगको सहकार्य गर्न सकिने अवसर रहेको छ ।
- सुदूरपश्चिम प्रदेश भित्र शैक्षिक क्रियाकलाप सञ्चालनका लागि सरकारी तथा गैर सरकारी सँघ सँस्थाहरूको सहयोगमा स्थापना भएका मौजुदा सँरचनाहरू प्रयोग गर्न सकिने अवसर रहेको छ ।
- शिक्षा क्षेत्रमा लामो समयसम्म काम गरेका शिक्षक र शिक्षा लगायतका कार्यक्रम सञ्चालन गर्न स्रोत व्यक्ति तथा सहजीकरण गर्न सक्ने सिपयुक्त मानव संशाधन पर्याप्त रहेको छ ।
- सङ्घीय सरकार अन्तर्गतका विद्यमान सँरचनाहरूबाट पनि पेसागत विकासका लागि पाठ्य सामग्रीहरू, शैक्षिक सामग्रीहरू,शिक्षक तालिमको पाठ्यक्रम विकास, प्रशिक्षक प्रशिक्षण लगायतका कार्यहरू भईरहेका छन् ।
- हाल विद्यालय तहको शिक्षण पेसामा अध्यापन अनुमतिपत्र प्राप्त व्यक्ति मात्र शिक्षक सेवा आयोगको प्रतिस्पर्धात्मक परीक्षा मार्फत छनोट भई सेवा प्रवेश गरिरहेकाले उनीहरूमा शिक्षण विधि लगायतका आधारभूत विषयवस्तुको ज्ञान र सीप विद्यमान रहेको छ ।
- शिक्षक शिक्षाका क्षेत्रमा विश्वमा भएका नयाँ प्रविधिको विकास र प्रयोग सँगै नेपालमा पनि ती नौला प्रविधि र कार्यक्रमहरू प्रयोग गर्न सकिने छ ।
- विद्यालयमा शिक्षक पदपूर्ति व्यवस्थामा सुधार तथा माध्यमिक तहमा विषयगत शिक्षक पदको सिर्जना लगायतका अवसरहरू छन् ।
- खुला तथा दूर शिक्षा विधि एवम् अनलाईनबाट स्वाध्यन तथा तालिम सञ्चालन र पेसागत विकासका अवसरहरू विद्यमान रहेका छन् ।
- प्रादेशिक विश्वविद्यालयको स्थापना भएकोमा त्यसमा प्रदेश सुहाउँदो जनशक्ति विकासका लागि विशिष्टीकृत क्याम्पस तथा सँस्थाहरू सञ्चालन गर्ने अवसर रहेको ।

### ३.७.४ समस्या र चुनौतीहरू

बेलौरी नगरपालिकामा हाल मुख्यतया निम्नानुसारका समस्या र चुनौतीहरू विद्यमान रहेका छन् ।

- सबै सामुदायिक विद्यालयहरूमा तहगत र विषयगतरुपमा शिक्षकहरू व्यवस्थापन गर्न नसकिनु र सो बमोजिम पेसागत क्षमता विकास गरी जिम्मेवार गराउन नसकिनु ।
- माग र आवश्यकता बमोजिम विशेष शिक्षाका लागि शिक्षकहरूको व्यवस्था र उनीहरूको पेसागत विकासका कार्यक्रम सञ्चालन गर्न नसकिनु ।
- शिक्षक शिक्षा र तालिमको कक्षाकोठामा स्थानान्तरण एकदमै न्यून हुनु ।
- शिक्षक शिक्षा र तालिमको कक्षाकोठामा प्रभावकारी स्थानान्तरणका लागि पर्याप्त शिक्षक दरबन्दी, विद्यालयको भौतिक तथा आर्थिक अवस्था, आधुनिक प्रविधि र प्रयोगशालाको अभाव हुनु ।
- शिक्षण पेसा र शिक्षकहरूलाई तालिममा सिकेका सिपहरूलाई कक्षाकोठामा कार्यन्वयनका लागि उत्प्रेरणाको अभाव हुनु ।

### ३.७.५ लक्ष्यः

शिक्षक शिक्षा तथा तालिममार्फत शिक्षा क्षेत्र र शिक्षण पेसामा नव-प्रवर्तनशील, दक्ष एवम् जिम्मेवार जनशक्ति विकास गर्दै शिक्षणलाई एक सम्मानित तथा आकर्षक पेसाका रुपमा स्थापित गर्ने ।

### ३.७.६ उद्देश्यहरू

- स्थानीय तहमा विकास गरिने पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री विकास तथा उत्पादन गर्न सक्षम जनशक्ति विकास गर्ने ।
- शिक्षक शिक्षा र तालिमको कक्षाकोठामा प्रभावकारी स्थानान्तरणका लागि शिक्षक शिक्षा र तालिमका पाठ्यक्रम, सहजीकरण प्रक्रिया र मूल्याङ्कन लगायतका पक्षहरूमा सुधार गरी उत्प्रेरणा बढाउने, स्थलगत विज्ञ सहायता, अनुगमन तथा सुपरिवेक्षणमा प्रविधिको प्रयोग एवम् शिक्षण प्रयोगशाला स्थापना गर्ने ।

### ३.७.७रणनीतिहरु

- विद्यालयको अपुग दरबन्दी व्यवस्थापन गरि शिक्षण सिकाईको सूनिश्चिता गरिनेछ ।
- प्रत्येक विद्यालयमा कम्प्यूटर तथा खेलकुद शिक्षकको व्यवस्था गरिनेछ ।
- शिक्षकहरुलाई ५। ५ बर्षमा पालिकास्तरीय सरुवा गर्ने नीति बनाई लागु गरिने छ ।
- नगरपालिका क्षेत्रभित्र नियमानुसार शिक्षक दरबन्दी मिलान गरिनेछ ।
- प्रत्येक विद्यालयमा विषयगत शिक्षकको व्यवस्था गरिनेछ ,सो व्यवस्था नहुन्जेल सम्मका लागि प्रति विद्यार्थी अनुदानको व्यवस्था गरिने छ ।
- विद्यालयहरुमा अंग्रेजी माध्यमको शुरुवात गर्ने सामुदायिक विद्यालयहरुलाई प्रोत्साहन गरिने छ ।
- गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि विद्यालयमा कार्यरत सबै शिक्षकहरुको पेशागत सुदृढीकरण गरिनेछ ।
- बालविकास कक्षामा अध्यापनरत शिक्षकलाई मन्टेश्वरी तालिम प्रदान गरिनेछ ।

- प्र.अ./ वि.व्य स., शिक्षक र लेखापालका लागि आवश्यकतानुसारका विविध तालिमहरु संचालन गरिनेछ ।
- शैक्षिक क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा सुनिश्चित गर्न अनुभव आदान प्रदान गरिनेछ ।
- तालिम तथा पेशागत वृद्धि विकासका अवसरहरु प्रदान गरिनेछ ।
- आवश्यकता अनुसार शिक्षक क्षमताको उपयोग गर्न आन्तरिक सरुवाका लागि पहल गरिनेछ ।
- शिक्षकको पेशागत क्षमतामा सहयोग पुऱ्याउन उच्च शिक्षाका विषय विज्ञद्वारा शिक्षकलाई प्राविधिक सहयोगको व्यवस्था गरिनेछ ।
- नगरपालिकाभरका विद्यालयबाट उत्कृष्ट शिक्षक र विद्यार्थीलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- सामुदायिक र संस्थागत विद्यालयका राम्रा अभ्यासहरुलाई एक आपसमा आदान प्रदान गर्ने वातावरण सृजना गरिनेछ ।
- संस्थागत विद्यालयहरुलाई भविश्यमा निर्माण हुने नगर शिक्षा ऐनमार्फत नियमन गरिनेछ ।
- सामुदायिक तथा निजी विद्यालयलाई एक अर्काको परिपुरकको रुपमा विकास गरिनेछ।
- निर्धारित मापदण्ड तयार गरी सो आधारमा संस्थागत विद्यालयको सञ्चालन, अनुगमन र नियमन गरिनेछ।
- शैक्षिक गुणस्तर अभिवृद्घि गर्न सामुदायिक र संस्थागत विद्यालय विच प्रतिस्पर्धात्मक वातावरण तयार गरिनेछ ।
- समुदाय समुदाय र सँस्थागत सँस्थागत विद्यालयहरुका बीच विद्यालय एकिकरण नीति बनाई लागु गरिनेछ ।

### ३.७.८ उपलब्धी, नतिजा / प्रमुख कियाकलाप तथा लक्ष्यहरु

**क) उपलब्धी**

- शिक्षकको व्यवस्थापन सम्बन्धी नीति, कानुन तथा मापदण्ड विकास भई कार्यान्वयनमा आएको हुनेछ ।
- दक्ष / लगनशील शिक्षकको व्यवस्था भई विद्यार्थी सिकाइ उपलब्धि वृद्धि भएको हुनेछ ।
- पाठ्यक्रममा आधारित सिकाइ तथा नवीन प्रविधिसंग परिचित गराउन मागमा आधारित शिक्षक तालिम कार्यक्रमको विकास गरी संञ्चालनमा आएको हुनेछ ।
- शिक्षकको उपस्थिति, कक्षाकोठामा बिताउने समय, शिक्षण विधि तथा नतिजामा सुधार आएको हुनेछ ।

**ख) प्रमुख नतिजाः**

- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुनेछ
- शिक्षकको उपस्थिति, शिक्षण विधितथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुनेछ
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुनेछ

- शिक्षकको वृत्ति विकासका लागि पारदर्शी, र वस्तुनिष्ठ आधार सहितको पद्धति स्थापित हुनेछ

**ग) प्रमुख क्रियाकलाप र लक्ष्यः**

- शिक्षक नियुक्ति र सरूवा
- अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी
- अपाङ्गता भएका व्यक्ति, दलित, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि
- कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन
- उपचारात्मक शिक्षण पद्धति लागु गर्ने
- अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था
- पुस्तकालय र पुस्तक कर्नरको व्यवस्था
- सूचना प्रविधि प्रयोगशाला
- विज्ञान प्रयोगशाला
- प्राविधिक व्यावसायिक शिक्षा धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको प्रबन्ध
- शिक्षण तथा सिकाइ सामग्री विकास
- ईन्टरनेट सेवाको व्यवस्था
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग
- निरन्तर विद्यार्थी मूल्याङ्कन
- परीक्षाको नतिजा विश्लेषण
- शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि
- विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास
- शिक्षक पेसागत सहयोग
- असल अभ्यासको अवलोकन भ्रमण
- सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकीकरण
- विज्ञ समूहको गठन
- सहपाठी कक्षा अवलोकन
- छोटो अवधिको शिक्षक तालिम
- विद्यालय तहमा शिक्षकको पेसागत विकास
- कार्यसम्पादन मूल्याङ्कन
- तहगत प्रधानाध्यापकको व्यवस्था
- शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण

## ३.८ विद्यालय व्यवस्थापन (प्रधानाध्यापक व्यवस्थापन समेत)

### ३.८.१ पृष्ठभुमि

औपचारिक शिक्षाको ज्ञान प्राप्तीको मुख्य स्थलको रुपमा विद्यालयलाई लिईन्छ । विद्यालय व्यवस्थापन एवं शिक्षा सम्बन्धी नीति तथा कार्यक्रमहरु निर्माण र कार्यान्वयनका लागि नेपालमा केन्द्रीय तहदेखि स्थानीय तहसम्म विभिन्न संस्थागत संरचनाहरु रहेका छन् । विशेषत: केन्द्रिय तहहरु नीति निर्माणका कार्यमा बढि रहन्छन् भने तल्ला तहहरु नीतिको कार्यान्वयनमा बढि केन्द्रित रहन्छन् । हालको बदलिदो संघीय स्वरुप अनुसार आवश्यक ऐन कानुन निर्माण हुन नसक्दा विभिन्न तहका सरकारको काम, कर्तव्य र अधिकारको बाँडफाँड हुन सकेको छैन् । संस्थागत संरचना पुर्नसंरचना हुननसक्दा कर्मचारीको पनि उति व्यवस्थापन हुन सकिरहेको अवस्था छैन ।

विद्यालयको रेखदेख र संचालनमा विद्यालय व्यवस्थापन समितिको महत्वपूर्ण भूमिका रहन्छ भने शैक्षिक गुणस्तर उकास्नमा शिक्षक अभिभावक संघले त्यतिकै जिम्मेवारी निर्वाह गर्नुपर्ने हुन्छ । विद्यालयको प्राज्ञिक एवं प्रशासनिक व्यक्तिको रुपमा प्रत्येक विद्यालयमा प्रधानाध्यापक हुने व्यवस्था छ । यसरी यी सबै पक्षको जिम्मेवारी र प्रभावकारीताले विद्यालय संचालनमा टेवा प्रदान गर्दछ ।

### ३.७.२) बर्तमान अवस्था (समस्या तथा चुनौतिहरु)

- विद्यालयमा विपद् व्यवस्थापन योजना नभएको ।
- प्रधानाध्यापकले शैक्षिक नेतृत्व दिन नसकेको ।
- वि.व्य.स. गठनमा राजनीतिक प्रभाव पर्नु र शिक्षकहरु पनि राजनीतिक दृष्टिकोणबाट परिचालित हुनु ।
- कार्य सम्पादनका आधारमा पुरस्कार र दण्डको व्यवस्था नहुनु ।
- प्र.अ. को शिक्षण कार्यमा बढि समय जानु र सुपरीवेक्षण तथा प्रशासनिक, अनुगमनको भूमिका गौण हुनु ।
- शिक्षकले ड्रेस नलगाउने गरेको र विद्यार्थीहरुको न.पा. भर एकै किसिमको ड्रेस नभएको ।
- शिक्षा ऐन, कानुन र नीतिको निर्माण र कार्यान्वयन हुन नसकेको ।
- विद्यालय तथा नगरपालिकाले शैक्षिक क्यालेण्डर निर्माण गरि लागु गर्न नसक्नु ।
- कक्षामा विद्यार्थीहरुलाई Rotation wiseबसाल्न नसक्नु र विद्यालय तथा कक्षाकोठाको सरसफाईमा कमी ।
- विद्यालयमा शिक्षक/विद्यार्थी अनुपात नमिलेको र विद्यालमा समायोजनको आवश्यकता ।
- कक्षा -८ को जस्तै कक्षा ५ मा पनि पालिका स्तरीय परिक्षा नभएको ।
- समयमा नै नगर शिक्षा समिति गठन हुन नसक्नु ।

- विद्यालय नक्सांकन नगरीकन विद्यालय खोल्न अनुमति दिनु ।
- वि.व्य.स.मा चयन हुने व्यक्तिहरुको योग्यता निर्धारण नहुनु ।

**३.८.३ लक्ष्य**

सबै विद्यालयहरू बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन सक्षम हुने

**३.८.४ उद्देश्य**

- विद्यालको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउनु
- विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु
- विद्यालयको शासकीय प्रबन्धलाई उच्च नतिजाका लागि प्रोत्साहित गर्नु
- विद्यालयहरूको सक्षमतामा सुधार गरी रूपान्तरणको गतिलाई तीव्रताप्रदान गर्नु
- योग्यतम् प्रधानाध्यापकको छनौट तथा नियुक्ति गर्नु
- विभिन्न समिति, प्रधानाध्यापकर लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास गर्नु
- विद्यालय व्यवस्थापनलाई समावेशी, समन्यायिक र जवाफदेही बनाउनु
- विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि गर्नु
- विद्यालयको सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।

**३.८.५ रणनीतिहरू**

- विद्यालय नक्शाङ्कन गरी विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना गरिनेछ ।
- शिक्षक दरबन्दी मिलान तथा तहगत प्रधानाध्यापक नियुक्ति गरिनेछ ।
- विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विनियम तयार गरी कार्यान्वयन गरिनेछ ।
- विद्यालयको विपद् व्यवस्थापन योजना बनाई कार्यान्वयन गरिनेछ ।
- नियमित रूपमा विद्यालयको लेखा तथा सामाजिक परिक्षण गरिनेछ ।
- विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागिता, पारदर्शिता, र जवाफदेहिताको सुनिश्चितता गरिने छ ।
- नियमित रूपमा विभिन्न समितिहरू, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरूको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने छ ।
- विद्यालयको सुधार योजना बनाई कार्यान्वयन गरिने छ ।
- प्रत्येक विद्यालयमा तहगत प्रधानाध्यापकको व्यवस्थापनका लागि संघीय र प्रदेश सरकार संग समन्वय गरी अपुग शिक्षक दरबन्दी थप गर्नका लागि पहल गरिनेछ ।
- पूर्ण सहभागितामा विद्यालय सुधार योजना र गुणस्तर सुधारका योजना बनाइ कार्यान्वयन गरिनेछ ।
- विद्यालयका शिक्षक,कर्मचारी र व्यवस्थापकहरूको राजनीतिप्रतिको आबद्धता हटाइ विद्यालयप्रति जिम्मेवार हुनुपर्ने रणनीति अबलम्वन गरिनेछ ।
- प्रधानाध्यापकको सेवा सुविधा बढाइ थप जिम्मेवार बनाइनेछ ।

- सरोकारवालाका गुनासो सुन्न पालिकास्तरमा गुनासो सुन्ने संयन्त्रको व्यवस्था गरिनेछ ।
- विद्यालयका लेखा कर्मचारी र प्रधानाध्यापकहरूका लागि लेखा व्यवस्थापन तालिमको व्यवस्था गरिनेछ ।
- प्रधानाध्यापकहरूलाई दोहोरो जिम्मेवारीको बोझबाट मुक्त गरी प्रशासनिक र विद्यालय सुधारका कार्यमा मात्र विशेष जिम्मेवारी प्रदान गरिनेछ ।
- बाल क्लब, रेडक्रस, इको क्लब, स्काउट जस्ता विद्यार्थीको सामूहिक समितिहरू गठन गरिनेछ ।
- प्रधानाध्यापकहरुका लागि प्र अ व्यवस्थापन तालिममा पहुँच बढाइनेछ ।
- विद्यालयलाई हराभरा एवं आकर्षणको केन्द्र बनाउन हरित विद्यालय कार्यक्रम संचालन गरिनेछ ।

### ३.८.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः

यस योजनाको अन्त्य सम्ममा सवै विद्यालयहरु गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम हुनेछन् । प्रत्येक विद्यालयमा तहगत प्रधानाध्यापकको व्यवस्था भएको हुनेछ । विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघको क्षमता विकास भएको हुनेछ । प्रधानाध्यापक विद्यालय संचालनमा उच्च किसिमको सिप र दक्षताको विकास भएको हुनेछ ।

**ख) प्रमुख नतिजाः**

- विद्यालको शैक्षिक, भौतिक तथा आर्थिक अवस्था सुदृढ भएको हुनेछ ।
- विद्यालयकोविकास, सञ्चालन तथा व्यवस्थापन प्रभावकारी हुनेछ ।
- विद्यालयमा गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबालिकाको सहजपहुँचको आधार तयार हुनेछ ।
- विद्यालयको शासकीय प्रबन्ध उच्च नतिजाका लागि प्रोत्साहित भएको हुनेछ ।
- विद्यालयहरूको सक्षमतामा सुधार भइ रूपान्तरणको गतिलाई तिव्रताप्रदान गरेको हुनेछ ।
- योग्यतम् प्रधानाध्यापकको छनौट तथा नियुक्ति हुनेछ ।
- विभिन्न समित, प्रधानाध्यापकर लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास हुनेछ ।
- विद्यालय व्यवस्थापन समावेशी, समन्यायिक र जवाफदेही हुनेछ ।
- विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि हुनेछ ।
- विद्यालयको सेवा प्रवाह प्रभावकारी हुनेछ ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्यः**

- विद्यालय सुधार योजना तयारी तथा अध्यावधिक
- शैक्षिक कार्ययोजनाको निर्माण
- विद्यालय नक्शाङ्कन
- विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना

- शिक्षक दरबन्दी मिलान
- प्रधानाध्यापक नियुक्ति
- विद्यालय सञ्चालन तथा व्यस्थापन विनियम तयारी
- वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन
- अभिभावक भेला
- विद्यालयको लेखा तथा सामाजिक परीक्षण
- विपद् व्यवस्थापन योजना निर्माण
- क्षमता विकास र प्रोत्साहनका कार्यक्रम

### ३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा

#### ३.९.१ परिचय

अनौपचारिक शिक्षालाई औपचारिक शिक्षाको परिपूरक, वैकल्पिक, अतिरिक्त, समकक्षी र जीवनपर्यन्त चलिरहने शिक्षाको रुपमा लिन सकिन्छ । यो लचिलो, स्थानीय परिवेशअनुकूल र विविधतापूर्ण सिकाइ प्रक्रियाहो । औपचारिक शिक्षालय प्रणालीभन्दा बाहिर निश्चित उद्देश्य हासिल गर्नका लागि व्यवस्थित ढङ्गबाट दिइने शिक्षालाई अनौपचारिक शिक्षा भनिन्छ । औपचारिक शिक्षाजस्तै अनौपचारिक शिक्षा पनि उद्देश्यपूर्ण र सक्रिय रूपमा संगठित र व्यवस्थित हुन्छ ।
अनौपचारिक शिक्षालाई साक्षरतासंग जोडेर पनि हेर्ने गरेको हुन्छ तर यो अनौपारिक शिक्षाको एउटा पक्ष मात्र हो । सामान्य अर्थमा साधारण लेखपढ गर्न सक्नेलाई साक्षर भनिन्छ । हाम्रो सन्दर्भमा आफ्नो मातृभाषामा लेखिएको दैनिक जीवनसँग सम्बन्धित छोटा र साधारण वाक्यहरु बुझेर लेखपढ गर्न सक्ने र बुझेका कुरा एक आपसमा राम्ररी सञ्चार गर्न सक्ने तथा साधारण हरहिसाब गर्नसक्ने व्यक्तिलाई साक्षर मानिएको छ । युनिसेफकाअनुसार शहरी क्षेत्रमान्युनतम २००० र ग्रामीण क्षेत्रमा न्युनतम १५०० शब्दजान्नुनै साक्षर हुनु हो जसले समाजमाप्रभावकारी रुपमाजीवनयापन गर्नका लागिआवश्यक पढाइ, लेखाइ र गणितीय सीपमाक्षमता राख्नको लागि सहयोग पुऱ्याउँदछ ।

#### ३.९.२ वर्तमान अवस्था

वि.सं. २०६८ सालको जनगणना अनुसार नेपालको साक्षरता ६५.९ प्रतिशत रहेकोमा रहेको थियो । कञ्चनपूरजिल्लाको साक्षरता दर ७०.६७प्रतिशत रहेको थियो । जसमा पुरुषको साक्षरता दर ८१.३५ प्रतिशत र महिलाको साक्षरता ६१.०२ प्रतिशत रहेको थियो । अहिले कञ्चनपुर जिल्ला साक्षर जिल्ला घोषणाको अवस्थामा रहेको छ । बेलौरी नगरपालिकाको पनि यसमा महत्वपूर्ण योगदान रहनेछ ।

#### ३.९.३ समस्या एवं चुनौती

यस बेलौरी नगपालिकामा वर्तमान अवस्थामा कोभिड महामारीका साथै खुला तथा वैकल्पिक शैक्षिक कार्यक्रममा पहुँच विस्तार तथा गुणस्तर सुनिश्चित गर्नु प्रमुख चुनौती रहेका छन् ।  साथै बैकल्पिक शिक्षाका देहाय बमोजिमका समस्याहरु हाम्रो सामु रहेका छन ।

- यस नगरपालिकामा खुला सिकाइ तथा निरन्तर सिकाइका प्रयाप्त व्यवस्था गर्न नसकिएको ।

- नगर क्षेत्रमा विगतमा साक्षरता कक्षाहरु सञ्चालन गरिए पनि सिकाइ प्रमाणीकरण गरी साक्षर नगरपालिका घोषणा गर्न नसकिएको ।अनौपचारिक एवम् साक्षरता सम्बन्धी व्यवस्थीत सूचना प्रणालीको अभाव ।
- निरन्तर सिकाइ, कार्यमूलक सिकाइ र डिजिटल सिकाइको व्यवस्थापन, सिकारुको आवश्यकता पहिचान गरी सोअनुसार कार्यक्रमको व्यवस्थापन गर्न नसकिनु ।
- सामुदायिक सिकाइ केन्द्रहरुलाई समयसापेक्ष कार्यक्रम विकास गरी सञ्चालन गर्न सक्षम बनाउन नसकिएको ।
- निरक्षर जनसंख्याको वास्तविक तथ्यांक नहुनु ।
- अनौपचारिक शिक्षा प्रक्रियामुखी मात्र हुनु ।
- विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई साक्षर बनाउने अभियानको कमी ।
- अनौपचारिक शिक्षालाई जीवनोपयोगी ज्ञान, सीप, तथा तालिमसंग जोड्न नसक्नु
- साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमहरु प्रभावकारी संचालन हुन नसक्नु ।

### ३.९.४ अवसर

- नेपालको संविधान २०७२ को अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तह लाई प्रदान गरिएको ।
- अनौपचारिक शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नका लागि संघीय सरकारबाट सर्शत अनुदान अर्न्तगत बजेट व्यवस्था हुनु ।
- नगरका जनताहरुलाइ साक्षर गराउनजनप्रतिनिधिहरु सकारात्मक हुनु ।
- स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ ले अभिभावकशिक्षा, अनौपचारिक शिक्षा, खुलातथा वैकल्पिकनिरन्तर सिकाइ, सामुदायिक सिकाइ सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन गर्ने, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीयतहलाई प्रदान गरेको ।
- यस बेलौरी नगरपालिका अर्न्तगत ३ वटा सामुदायिकसिकाइ केन्द्रको स्थापना हुनु ।

### ३.९.१ उदेश्य

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका उद्देश्यहरु निम्न अनुसार निर्धारण गरिएका छन् ।

- औपचारिक शिक्षाबाट वञ्चित बालबालिका तथा प्रौढहरूलाई शैक्षिक संसारसँग परिचित गराई जीविकोपार्जनमा सहयोग पुर्‍याउनु
- सबैका लागि जीवन पर्यन्त सिकाइका अवसर उपलब्ध गराउनु ।
- अनौपचारिक शिक्षा⁄ निरन्तर सिकाइका लागि संस्थागत सुदृढीकरण गर्नु ।
- वैकल्पिक सिकाइ मार्फत विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्नु ।

- परम्परागत र स्थानीय ज्ञान, सीप र प्रविधिको संरक्षण गर्दै वैज्ञानिक खोज र अनुसन्धानलाई प्राथमिकता दिई नवीन प्रविधिलाई समाजको समग्र विकासमा उपयोग गर्ने ।
- नगरपालिका भित्र रहेका निरक्षर र साक्षरता शिक्षा प्राप्त गरेका व्यक्तिहरूका लागि क्षमता विकास तालिम सञ्चालन गर्ने ।
- निरक्षर व्यक्तिहरुलाइ साक्षरता कक्षा सञ्चालन गरी साक्षर बनाउने ।
- साक्षरता शिक्षा प्राप्त व्यक्तिहरूलाई निरन्तर शिक्षाको अनिवार्य व्यवस्था गर्ने ।

३.९.६ रणनीतिहरु

- सामुदायिक सिकाई केन्द्रलाई निरन्तर सिकाई केन्द्रको रुपमा विकास गरिनेछ ।
- नगरपालिकाका विभिन्न क्षेत्रमा पुस्तकालय स्थापना गरी आम नागरिकको अध्ययन स्थलकोरुपमा विकास गरिनेछ ।
- निरन्तर सिकाइ संस्कृतिको विकास गराउन सामुदायिकसिकाइ केन्द्र, विद्यालय, सञ्चार माध्यम, नागरिक समाज, अभिभावक र अन्य साझेदार संस्थाहरुको परिचालन गरिने छ ।
- युवा तथा प्रौढहरूका लागि मागमा आधारित सिप विकास तालिम सञ्चालन गरिनेछ र सिप लिएकाहरूका लागि पुनर्ताजगी तालिम सञ्चालन गर्ने।
- सामुदायिकसिकाइ केन्द्रमार्फत डिजिटल साक्षरता, वित्तीय साक्षरताको र आयमूलककार्यक्रमहरु सञ्चालनमाल्याइने छ ।
- सामुदायिक सिकाइ केन्द्रहरुको पुनर्संरचना गर्दै विद्युतीय पुस्तकालय, सूचना प्रविधिसहित जीवनपर्यन्त सिकाइको पहुँच उपलब्ध गर्ने गरी सुदृढीकरण गरिने छ ।
- सामुदायिक पुस्तकालय र विद्युतीय पुस्तकालय स्थापना गरी सञ्चालन गर्ने
- गैरसरकारी संस्था, स्थानीय समुदायमा आधारित संघसंस्थाहरुसँग साझेदारी गरी अनौपचारिक तथा निरन्तर सिकाइका लागि आवश्यक स्रोतको व्यवस्था गरिने छ ।
- वैकल्पिकतथाखुलाविद्यालय सम्बन्धी मापदण्ड विकास गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- स्थानीय प्रविधिको संरक्षण गरी सीप तथा अनुभव हस्तान्तरणका कार्यक्रमहरु संचालन गरिनेछ ।
- निरन्तर शिक्षा खुला सिकाइ, अनौपचारिक शिक्षा जीवनपर्यन्त सिकाइ र शिक्षाका लागि तथ्याङ्क विश्लेषण गरि आवश्यक कार्यक्रम संचालन गरिनेछ र यसका लागि अनौपचारिक विद्यालय र सामुदायिक सिकाइकेन्द्रको परिचालन गरिनेछ ।
- साक्षर पालिका घोषणा गरि साक्षरोत्तर र आयआर्जनका कार्यक्रमका माध्यमबाट सिकाइलाई निरन्तरता दिइनेछ ।

**३.९.७ उपलब्धी, नतिजा / प्रमुख कियाकलाप तथा लक्ष्यहरु**

**क) उपलब्धि**

- यस योजनको अन्त्यमा ५ वर्ष भन्दा माथिको साक्षरता दर ९५ प्रतिशत पुगेको हुनेछ । १५ देखि २४ वर्षसम्मको साक्षरता ९९ प्रतिशत पुगेको हुनेछ ।

- विद्युतीय पुस्तकालय तथा सामुदायिक सूचना केन्द्रको व्यवस्था सहित सामुदायिक सिकाइ केन्द्रहरुको सुदृढीकरण भएको हुनेछ ।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि साझेदारीमा स्रोत साधनको व्यवस्था भएको हुनेछ ।

**ख) प्रमुख नतिजाः**
- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त भएको हुनेछ
- स्थानीय तह पूर्ण साक्षर घोषणा भएको हुनेछ.
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन भएको हुनेछ
- सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुनेछन्
- अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अध्यावधिक भएको हुनेछ
- सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास भएको हुनेछ

**ग) प्रमुख क्रियाकलाप र लक्ष्यः**
- निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डीकृत डाटावेस तयारी
- साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन
- सामूदायिक सिकाइ केन्द्र सञ्चालन
- सामूदायिक सिकाइ केन्दलाई सामूदायिक पुस्तकालयका रूपमा सञ्चालन
- सामूदायिक सिकाइ केन्द्रको सुदृढीकरण
- सरकारी तथा गैर सरकारीनिकायसँग साझेदारी र सहकार्य
- मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग
- सिकाइ सामग्री र सिकाइको प्रमाणीकरण
- अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, र धार्मीक प्रकृतिका विद्यालयहरूलाई अनुदान
- पूर्णसाक्षर पालिका घोषणा

## ३.१० गुणस्तरीय सार्वजनिक शिक्षा

### ३.१०.१ परिचय

सार्वजनिक शिक्षाको प्रभावकारिता यसको गुणस्तरमा आधारित हुने भएकोले गुणस्तरीय शिक्षाका लागि आवश्यक सम्पूर्ण अवयवहरुको प्रभावकारिता वृद्धि गरि सार्वजनिक शिक्षाप्रति समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन गर्न आवश्यक छ । यसमा आवश्यक स्रोत पहिचान र परिचालनमा सरोकावालासगँ सहकार्य को पनि खाचो छ । शिक्षामा गुणस्तर वृद्धिका लागि सामुदायिक विद्यालयहरुलाई भौतिक रुपमा सुविधा सम्पन्न वनाइनु, विषयगत सिकाइ उपलब्धि वृद्धि गर्न विद्यालयहरुको दरवन्दीको व्यवस्था र मिलान गर्न पनि त्यत्तिकै सान्दर्भिक छ । विद्यालयहरुलाई सिकाइ र सुन्दरताका केन्द्रविन्दु वनाउन र कक्षाकोठाकोप्रभावकारी व्यवस्थापनले शिक्षामा गुणस्तर बढाउछ ।शिक्षकको क्षमता विकास गरि

प्रविधियुक्त शिक्षालाई दिगो र प्रभावकारी बनाउन सकेमा बेलौरी नगरपालिकाको स्तर राष्ट्रिय मानकमा पुग्न सक्छ ।

३.१०.२ **वर्तमान अवस्था (समस्या तथा चूनौतीहरु)**

- भाषागत समस्या (राना, चौधरी जातिमा) मातृ भाषामा पठन-पाठन नभएको ।
- शिक्षकलाई समय अनुकुल तालिम हुन नसकेको ।
- बालशिक्षामा विद्यालय र अभिभावकहरुको प्रयाप्त ध्यान जान नसकेको ।
- परीक्षा प्रणाली व्यवस्थित नहुनु ।
- विषयगत शिक्षकको अभावले प्रभावकारी शिक्षण हुन नसक्नु ।
- बालविकास कक्षाबाट अंग्रेजी माध्यमको शुरुवात नगरिनु र अँग्रेजी विषयको शिक्षणमा नै अँग्रेजी भाषाको प्रयोग नगरिनु ।
- शिक्षकले शिक्षक डायरी एवं योजना बनाई शिक्षण नगर्नु ।
- पूर्ण समय सम्म  शिक्षक र विद्यार्थीहरु विद्यालयमा नबस्ने ।
- १-५ मा अध्यापनरत शिक्षकलाई मन्टेश्वरी तालिम सहित शिक्षकहरुलाई समयानुकुल ITC सम्बनधी तालिम नहुनु
- विद्यालयमा कम्प्यूटरको अभाव र कम्प्यूटर विषय प्रयोगात्मक हुन नसक्नु ।
- शैक्षिक सामग्रीको समस्या ।
- शिक्षकले तालिममा सिकेका सिप, कला र टेक्निकहरु प्रयोगमा नल्याउनु ।
- सबैजसो विद्यालयमा शिक्षण सिकाई उपलब्धी न्यून हुनु ।
- शिक्षकलाई दण्ड र पुरस्कारको व्यवस्था नहुनु ।
- आधारभूततहको कमजोरीका कारण माथिल्लो तहमा पनि विद्यार्थीहरुको सिकाई उपलब्धीमा कमजोरी देखिनु ।
- शिक्षकहरुको बढुवा समयमा नहुनु ।
- शिक्षण सिकाई क्रियाकलापमा पाठ्यक्रमको प्रयोग नहुनु ।
- शिक्षकहरुलाई पालिकास्तरीय सरुवा गरिने व्यवस्था नहुनु ।
- विद्यार्थीहरु अनुशासीत हुन नसक्नु र केहि विद्यार्थीहरु नियमित नआउने, कक्षा छोड्ने, भाग्ने र कुलतमा लाग्ने गरेको ।
- विद्यार्थीहरुले नियमित गृहकार्य नगनु ,विद्यालयका अतिरिक्त क्रियाकलापमा रुची नदेखाउनु र कक्षा कार्य, परियोजना कार्य लगायत शिक्षकसंगको अन्तरक्रियामा निष्कृय रहनु ।

३.१०.३ **लक्ष्य**

सार्वजनिक शिक्षाको गुणस्तरमा अभिबृद्धि गर्ने ।

३.१०.४ **उद्देश्य**

- सबै बालबालिकाका लागि गुणस्तरीय विद्यालय शिक्षा सुनिश्चित हुने

- क्षमता तथा योग्यताका आधारमा गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा पहुँच पुग्ने
- क्षमता तथा योग्यताका आधारमा गुणस्तरीय उच्च शिक्षा उपलब्ध हुने
- शिक्षाका सबै निकाय, विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षा प्रदायक संस्थाहरूमा कार्यरत जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्ने
- दैनिक जीवनमा आवश्यक पर्ने आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार हुने

### ३.१०.५ रणनीतिहरू

- शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुनेगरी भौतिक, आर्थिक, शैक्षिक तथा जनशक्ति व्यवस्थापन गरिने छ ।
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संसथाहरूमा पेसागत रूपमा दक्ष, स्वप्रेरित र उत्तरदायी शिक्षक उपलब्ध गराइने छ ।
- शिक्षण पेसामा उच्चयोग्यता र सिप भएका मेधावी व्यक्तिहरू प्रवेश गर्ने वातावरण सिर्जना गरिनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षालाई सामयिक बनाउन आधुनिक प्रविधिमैत्री क्रियाकलापमाआधारित विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ ।
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धिका लागि प्रयाप्त पठन सामग्रीको व्यवस्था, प्रारम्भिक कक्षा शिक्षण पद्धतिको प्रयोग, शिक्षक पेसागत विकास तथा पेसागत सहयोग उपलब्ध गराइनेछ ।
- प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि उनीहरूको मातृभाषामा शिक्षण सिकाइ हुने वातावरण सृजना गरिनेछ ।
- विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संसथाहरूमा पुस्तकालय, प्रयोगशाला, Computer Lab आदिको व्यवस्था गरिनेछ ।
- कक्षाकोठामा आधारित निरन्तर मूल्याङ्कन तथा आवधिक रूपमा विद्यार्थी उपलब्धि परीक्षण, विश्लेषण, तथा समीक्षा गरी निरन्तर पृष्ठपोषणको लागि संयन्त्र तयार गरिनेछ ।
- सार्बजनिक शिक्षामा सुशासन प्रबर्धन गर्न नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिकमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणाली तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी कार्यान्वयन गरिनेछ ।

### ३.१०.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः**

सबै बालबालिका तथा युवाहरूलाई गुणस्तरीय सार्वजनिक शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित हुनेछ ।

**ख) प्रमुख नतिजाः**

- शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुने

- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष जनशक्ति कार्यरत रहेको हुने
- शिक्षण पेसामा उच्चयोग्यता र सिप भएका मेधावी व्यक्तिहरू प्रवेश हुने
- आधुनिक प्रविधिमैत्री क्रियाकलापमाआधारित विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन भएको हुने
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठनसिप अभिवृद्धि भएको हुने
- बालबालिकाहरूले आवश्यकताअनुसार मातृभाषामा शिक्षा प्राप्त गर्ने अवस्था सृजना हुने
- शिक्षण संस्थाहरूको भौतिक तथा शैक्षिक पुर्वाधार सुदृढ भएको हुने
- सार्बजनिक शिक्षामा सुशासन प्रबर्द्धन भएको हुने

**ग) प्रमुख क्रियाकलाप र लक्ष्यः**

- शैक्षिक वातावरण सुदृढीकरण
- क्षमता विकास कार्यक्रम
- शिक्षक दरबन्दी व्यवस्थापन
- अतिरिक्त क्रियाकलाप सञ्चालन
- शिक्षक पेसागत सहयोग
- प्रशंसा तथा प्रोत्साहन कार्यक्रम
- सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ कार्यक्रम
- परीक्षण तथा अनुसन्धान
- सरोकारवालबीच निरन्तर अन्तरक्रिया
- कार्यसम्पादन परीक्षण
- आवधिक समिक्षा तथा प्रतिवेदन

## ३.११ आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको पहुँच /समावेशी शिक्षा

### ३.११.१ परिचय

देशको चौतर्फी विकासका लागि त्यँहा बसोबासरत सवै मानिसहरुको विकास हुनुपर्दछ । कुनै सिमित वर्ग वा समुदायको उत्थान र प्रगतिले मात्र देश अगाडी बढ्न सक्दैन । समाजमा कुन न कुनै रुपले हुदै आएका विभेद र असमानताको अन्त्य हुनुपर्दछ । प्रत्येक व्यक्ति विशेषलाई समानता चाहिन्छ । समानताका लागि पहिलो आधार समता हो । कुनै पनि व्यक्तिको प्रगतिको पहिलो आधार शिक्षा हो । शिक्षामा समानता र समता चाहिन्छ । शिक्षामा मात्र नभई सामाजिक, राजनीतिक, आर्थिक स्रोत साधनमा पहुँच, अवसर र नियन्त्रणमा पनि समानता चाहिन्छ । यसकालागि कानुनी सुधार, सकारात्मक विभेद, सकारात्मक कार्यहरू, आरक्षण, छात्रवृत्ति जस्ता कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ । व्यक्ति विशेषमा हुने विविधताका कारणबाट हुनसक्ने असर कम गरी सबैलाई सँगसँगै अघि बढाउन अथवा

बराबरीको हैसियतमा पुऱ्याउने महत्वपूर्ण साधन समता हो । विभिन्न क्षेत्र, वर्ग, लिंग, सामाजिक-आर्थिक अवस्था लगायत अन्य पक्षका भिन्नताका आधारमा अवसर, पहुँच, उपयोग र नियन्त्रणमा रहेको असमानतालाई निराकरण गरी पूर्ण समानताका स्थितिमा ल्याउनका लागि समता चाहिन्छ ।

नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिकहकको रूपमा स्वीकार गरी आधारभूततहको शिक्षा अनिवार्य र निशुल्क हुने, माध्यमिक शिक्षा निशुल्क हुने, अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हकहुने व्यवस्था गरेको छ । शिक्षा ऐनले अपांगता भएका व्यक्तिका अतिरिक्त आर्थिक, सामाजिक, भौगोलिक आदि कारणबाट पछाडि पारिएका वर्गहरूलाई विभेद रहित वातावरणमा दिइने शिक्षाको रूपमा समावेशी शिक्षालाई परिभाषित गरी सोको प्रत्याभूतिका लागि कानुनी व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षानीति,२०७६ ले पनि शिक्षामा समता र समावेशीता अभिवृद्धिका लागि विभिन्न नीतिहरु तय गरेको छ । लक्षीत समूह अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकाहरुलाई विभिन्न तहमा छात्रवृत्ति र आरक्षणको व्यवस्था गरिएको छ । दीगो विकास लक्ष्य ४ को कार्यान्वयनका लागि नेपालले राष्ट्रिय कार्ययोजना तयार गरी कार्यान्वयनमा लगेको छ ।

### ३.११.२ वर्तमान अवस्था

नेपाली समाज विविधतायुक्त छ । यस समाजमा केहि जातजाति र समुदायका व्यक्तिहरु विकासको मूलप्रवाहमा आउनसकेका छैनन् । यसरी आर्थिक तथा सामाजिक रुपले पछाडि पारिएका वर्गका लागि गरिएका संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्थाको कार्यान्वयनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । स्थानीय पाठ्यक्रम निर्माण,पाठ्यक्रमका विभिन्न पक्षहरूमा समावेशीकरणलाई ध्यान दिई विषयवस्तु छनौट र पाठ्यसामग्री सोही बमोजिम निर्माण गर्ने परिपाटीको विकास भएको पाइन्छ । शिक्षक नियुक्तिमा महिला लगायत समावेशी नियुक्तिका लागि कोटा निर्धारण, विद्यालयमा लैङ्गिक सम्पर्क विन्दुको व्यवस्था, शैक्षिक निकायमा गुनासो सुनुवाइको व्यवस्था, दिवा खाजा कार्यक्रम, लक्षीत समूहका बालबालिकाहरुका लागि आवासीय र गैर आवासिय छात्रवृत्तीको व्यवस्था, आधारभूत तहसम्म मातृभाषाको विषय समावेश गर्न पाउने नीतिगत व्यवस्था, शिक्षक तालिममा समता र समावेशीकरण सम्बन्धी विषयलाई समावेश गरिएको छ ।

बेलौरी नगरपालिका विभिन्न जातजाति, रहनसहन, भाषा, आर्थिक अवस्था आदि अवस्था भएका मानिसहरु बसोबास गर्दछन् । विद्यालय शिक्षामा सबैका लागि समतामूलक पहुँच सुनश्चित गर्न, जातियता, आर्थिक अवस्था, अपाङ्गताको प्रकृति, शैक्षिक अवसर जस्ता कारणहरुले पार्ने असरहरुको न्यूनिकरण गर्न नीतिगत सुधार तथा उपयुक्त कार्यक्रमहरुको आवश्यकता छ ।

### ३.११.३ समस्या तथा चुनौती

- सबैका लागि समान खालको गुणस्तरीय शिक्षाको प्रत्याभूति गराउन नसक्नु ।

- अझै पनि समाजमा  भाषिक, धार्मिक, जातिगत असमानता रहिरहनु र यसको प्रभाव शिक्षामा पर्नु ।
- विद्यालय भर्ना भएता पनि तह पूरा नगर्ने, बीचैमा विद्यालय छाड्ने, निर्धारित न्यूनतम सिकाइ उपलब्धि पूरा नगर्ने मुख्य समस्याको रूपमा रहेको छ ।
- सबै प्रकारका अपाङ्गता भएकाहरुका लागि शिक्षामा पहुँच सुनिश्चित गरी टिकाउदर वृद्धि गर्न र विद्यालयमा अनुकुल सिकाइ वातावरण सिर्जना गर्न चुनैती
- विद्यालय शिक्षाका सबै गतिविधिहरुमा समता तथा समावेशिता सुनिश्चित गर्न चुनौती ।

३.११.४ लक्ष्य

- शिक्षामा आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिबृद्धि गरि उनीहरु सशक्त, स्वतन्त्र र मर्यादित जीवनयापन गर्न सक्षम भएका हुनेछन ।

३.११.५ उदेश्य

- विद्यालयमा अपाङ्गतामैत्री वातावरण तयार गरिनेछ ।
- सिमान्तकृत समुदायका वालबालिकाका लागि प्रोत्साहन कार्यक्रम संचालन गर्ने ।
- महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गताभएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले वञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्याउने ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने ।
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहगर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्ने ।
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउने ।
- गरिव, विपन्न तथा दलित परिवारका लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरु संचालन गरि उनिहरुका बालबालिकाका लागि विद्यालय तहको शिक्षा सूनिश्चित गर्ने ।
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विवधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउने ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गर्ने ।

३.११.६ रणनीतिहरू

- घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइनेछ ।
- सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइनेछ ।
- आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गरिनेछ ।

- आधारभूत तहमा बहु तथा मातृभाषामा सिकाइको अवसरप्रदान गरिनेछ ।
- शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरिनेछ ।
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिनेछ ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सृजना गरिनेछ ।
- विद्यालयमा अभिभावकको सहभागिता बढाइनेछ ।
- समूदाय, सामुदायिक अध्ययन केन्द्र, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गरिनेछ ।
- आर्थिक र सामाजिक रुपले विपन्न वर्गका बालबालिका तथा लक्षित वर्गका बालबालिकाहरुका लागि विद्यालयको पहुँच सुनिश्चित गरिनेछ ।
- शिक्षक दरबन्दी मिलान गर्दा प्रत्येक विद्यालयमा स्थानीय भाषासंग परिचित शिक्षकको व्यवस्था मिलाइने छ ।
- बहुसंख्यक समुदायको बाहुल्यता भएका विद्यालयमा सोही भाषा समुदायका शिक्षकको प्रतिनिधित्व हुने व्यवस्था मिलाइनेछ ।
- संस्थागत विद्यालयहरुलाई सामाजिक उत्तरदायित्व अन्तरगत विपन्न समुदायका बालबालिकालाई निःशुल्क शिक्षाका व्यवस्थापन गर्न प्रयत्न गरिनेछ ।
- समाजका लब्ध प्रतिष्ठित र विज्ञ व्यक्तिलाई विपन्न बालबलिकाको अभिभावकत्व ग्रहण गरी पठन पाठनको व्यवस्था मिलाउन प्रोत्साहन गरिनेछ ।
- दलित बालबालिकालाई लक्षित गरि निःशुल्क पाठ्यपुस्तक, छात्रवृति र सन्दर्भ सामग्री उपलब्ध गराईनेछ ।
- विपन्न, दलित र अपांगता बालबालिकालाई प्राविधिक तथा उच्च शिक्षा अध्ययनका लागि नगरपालिकामा छात्रवृतिको व्यवस्था गरी पठनपाठनमा सहयोग पुऱ्याइनेछ ।
- नगरपालिकामा एउटा नगर प्रमुख सहायता कोष स्थापना गरि जेहेन्दार विद्यार्थी, छात्रा, दलित, अनाथ, असहाय र अपांग विद्यार्थीलाई छुट्टाछुट्टै छात्रवृति वितरण गरिनेछ ।
- विशेष क्षमता र अवस्था भएका बालबालिकाहरुलाई विभिन्न उपाय अबलम्बन गरी शिक्षाको हक सुनिश्चित गरिनेछ ।
- विद्यालयमा अपाङ्गतामैत्री भौतिक संरचनाको व्यवस्था गरिनेछ ।
- अपांगता भएका बालबालिकाहरुको अवस्थाअनुसार पाठ्यसामग्रीहरु वितरण गरिनेछ ।
- नगर क्षेत्रभित्र संचालित विशेष शिक्षा प्रदान गर्ने विद्यालयलाई थप प्रोत्साहन गरिनेछ ।
- परम्परागत सीपमा आधारित प्राविधिलाई स्थानीय विषयको रुपमा लिई आधुनिक सीप विकास गरिनेछ ।
- समुदायमा भएको सिपलाई प्रयोग गरी बालबालिकाहरुको पठनपाठन गरिनेछ ।
- सिप विकासका लागि छोटो अवधिको सिपमुलक तालिमहरुको आयोजना गर्ने प्रयत्न गरिनेछ ।
- नगरपालिकामा एउटा सिपमूलक र अल्पकालिन व्यवसायीक सीपमुलक केन्द्र स्थापना गर्ने प्रयत्न गरिनेछ ।
- विपन्न वर्गका लागि जीवनोपयोगी ज्ञान, सीप, सम्बन्धी तालिम प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

- विद्यालय शिक्षाको अवसरबाट वञ्चित भएका युवा तथा प्रौढहरुलाई वैकल्पिक शैक्षिक अवसरबाट शिक्षाको पहुँच उपलब्ध गराइने छ ।

### ३.११.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः**

- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ ।

**ख) प्रमुख नतिजा :**

- महिला, दलित, जनजाती, लोपोन्मुख समूदाय, अपाङ्गताभएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाएको हुनेछन् ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधार हुनेछ ।
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहगर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार भएको हुनेछ ।
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनाहरू जवाफदेही हुनेछन् ।
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि हुने हुनेछ ।
- सबै विद्यालयहरू बालमैत्री हुने हुनेछन् ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य**

- बालबालिकाहरूको अवस्था पहिचान ।
- वैयक्तिक आवश्यकता अनुसारका शैक्षिक कार्यक्रम ।
- विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भित्र ल्याउन जनसहभागिता ।
- छात्रवृत्ति कार्यक्रम ।
- अपाङ्गता र लैङ्गिकमैत्री शैक्षिक पूर्वाधार ।
- प्रोत्साहन कार्यक्रम ।
- सिकाइ सामग्री व्यवस्था ।
- क्षमता विकास ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग ।
- पाठ्यक्रमको स्थानीयकरण ।
- सीपमुलक केन्द्र स्थापना ।
- अपांगता भएकाका लागि पाठ्यसामग्रीहरु ।

## ३.१२ शिक्षामा सुचना प्रविधी

### ३.१२.१ परिचय

हाल सूचनातथा सञ्चार प्रविधिको विकास र विस्तारको तिव्रताले हरेक क्षेत्रलाई प्रभावित गरेको छ । सूचना तथा सञ्चार प्रविधि बिना कुनै पनि क्षेत्रमा अपेक्षित उपलब्धि हासिल गर्न कठिन बन्दै गएको छ । शिक्षा ज्ञान र सिपसंग सम्बन्धितविषय क्षेत्र हो । सूचनातथा सञ्चार प्रविधियसको स्रोत हो । सूचनातथा सञ्चार प्रविधिको प्रयोगले सिकाइमा सुधार गर्न, विद्यार्थी अभिप्रेरित गर्न, सिकाइलाई सान्दर्भिक बनाउन र समग्र शैक्षिकव्यवस्थापनमा सुधार गरि शैक्षिक सुशासनकायम गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

अहिले कोभिड १९ का कारण सबै क्षेत्र नराम्रोसंग प्रभावित भएकोछ र विद्यालयमा पनि सिकाइ प्रक्रिया प्रभावकारीरुपमा सञ्चालन हुन सकेको छैन् ।

नयाँ खोज र आविष्कारले ज्ञानको क्षेत्र दिन प्रतिदिन विस्तारित हुदै आएको छ । आज सिकेका कुरा भोलिका लागि पुराना हुने वा अनुपयुक्त हुने अवस्था सिर्जना भएको छ । विद्यालयमा दिइएको शिक्षाले विद्यार्थीलाई पूर्णता प्रदान गर्न सम्भव छैन् ।  विद्यालय क्षेत्र विकास कार्यक्रमले सूचना तथा सञ्चार प्रविधिलाई छुट्टै अवयवको रुपमा लिई विद्यार्थीहरुमा सूचना तथा सञ्चार प्रविधिसिपको विकास गराउने, कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउने, सिकाइ सामग्री पहूँचमा विस्तार गर्ने, शैक्षिक व्यवस्थापन र सेवाप्रवाहलाई प्रभावकारी र चुस्त बनाउने उद्देश्यका साथ विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा यस प्रकारका नीतिगतएवं कार्यगतव्यवस्थाभएतापनिकार्यान्वयनपक्षनिकै कमजोर रहेकाले अपेक्षित उपलब्धि प्राप्त गर्न थुप्रै प्रयत्न गर्न आवश्यक देखिन्छ ।

### ३.१२.२ वर्तमान अवस्था

वि.सं. २०२८ सालमा स्थापित राष्ट्रिय कम्प्यूटर केन्द्रले कम्प्यूटर तालिम दिन सुरु गरेबाट शिक्षामा कम्प्युटर प्रविधिको प्रवेश भएको हो । यद्धपि वि.सं. २०४९ सालमा आएर मात्र विद्यालयतहमा कम्प्यूटर प्रविधि सम्बन्धी पठनपाठन कार्य प्रारम्भ भयो । नेपाल सरकारले वि.सं. २०६७सालमा सूचना तथा प्रविधि नीति जारीगर्‍यो । नेपाल सरकारले लिएकाउक्तनीतिहरु कार्यान्वयनमाल्याउनवि.सं. २०६९

सालमाशिक्षामा सूचनातथा सञ्चार प्रविधिगुरुयोजनातयार गरियो । गुरुयोजनाले परिकल्पना गरेका लक्ष्य तथा कार्यक्रमहरु कार्यान्वयन गर्न शिक्षामा सूचनातथा सञ्चार प्रविधि निर्देशिका,२०६९ जारी गरियो । यस पछि पनिशिक्षामा सूचनातथा सञ्चार प्रविधिको उपयोगलाई सम्बोधन गर्ने थुप्रै नीतितथा कार्यढाँचाहरु बने । नेपाल सरकारको सूचनातथा सञ्चार प्रविधि नीति २०७२,डिजिटल नेपालको कार्यढाँचा २०७६, राष्ट्रिय शिक्षानीति र विज्ञान तथा प्रविधिप्रवर्धन नीति,२०७६ आदि । यी सबै नीतितथाकार्यढाँचाहरुले शिक्षामा सूचनातथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धमा सूचनातथा सञ्चार प्रविधिगुरुयोजना ,२०६९ को वरिपरि नै रहेको देखिन्छ ।

बेलौरी नगरपालिकामा सूचना तथा सञ्चार प्रविधिको क्षेत्र राष्ट्रिय अवस्था भन्दा भिन्न हुन सकेको छैन । आधारभूतशिक्षा पाठ्यक्रम (कक्षा ६-८) ,२०६९ ले व्यवस्था गरे अनुसार कक्षा ६-८ सम्म कम्प्यूटर शिक्षा छनौट गर्ने व्यवस्था भए अनुसार अधिकांश विद्यालयहरुले यो विषय छनौट गरेका भए पनि अधिकांश विद्यालयमा कम्प्युटरको अभावका कारण सैद्धान्तिक कक्षाहरु मात्रै सञ्चालनहुने गरेका छन । कक्षा ९,१० मा इच्छाधिन विषयको रुपमा सञ्चालनहुने कम्प्यूटर विषय धेरैको रोजाइमा पर्न सकेको छैन। सवैका लागिशिक्षा र विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत विद्यालयहरुमा कम्प्यूटर, इन्टरनेट,कनेक्टिभिटी जस्ता कार्यक्रमहरु केहि मात्रामापुगेको भएतापनि ति विद्यालयहरुमापूर्वाधार विकास, दक्षजनशक्तिअभावआदिका कारण यसको सहि र समुचित रुपमाप्रयोग हुन सकेको छैन् । बेलौरी नगरपालिकाका ३१ वटा सामुदायिकविद्यालयहरु मध्ये १४ वटा माध्यमिक विद्यालय रहेका छन । उक्त मध्ये विद्यालय क्षेत्र सुधार कार्यक्रम अर्न्तगत १३ वटा विद्यालयमा सूचनातथा सञ्चार प्रविधिप्रयोगशाला स्थापना भए पनि कक्षा ९ र १० मा दक्ष जनशक्तिको अभावमा ऐच्छिक विषयको रुपमा कम्प्युटर विषयको पठन पाठन हुन सकेको छैन । अन्य १० वटा विद्यालयमा कम्प्युटर भएपनि यसको उपयोग कार्यालयिय कामका लागि मात्र गर्ने गरिन्छ । कम्प्यूटर भएका विद्यालयहरु मध्ये पनि जम्मा सबै माध्यमिक सामुदायिक मा.वि. हरुमा  इन्टरनेटको सुविधा उपलब्ध भएपनि पूर्वाधारको अभाव, विद्युतको वैकल्पिक व्यवस्थानहुनु, दक्ष जनशक्तिको अभाव आदि कारणले चाहिएको समय र आवश्यक विषय क्षेत्रमा यसको समूचित प्रयोग हुन सकेको छैन् । अहिले Techmind संस्थाले माध्यमिक विद्यालयहरुमा २ वर्षका लागि निःशूल्क इन्टरनेटको व्यवस्था गरेको छ ।

३.१२.३ **समस्या तथा चुनौतीहरु :**

- सूचनातथा सञ्चार प्रविधिको कमजोर कार्यान्वयनपक्षको सुदृढिकरण हुन नसकेका सूचना तथा सञ्चार प्रविधिका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकास गर्न नसकिएको ।
- कम्प्यूटर, कम्प्यूटर ल्याव, इन्टरनेट, डिजिटल ल्याव, डिजिटल पुस्तकालय आदि सबै विद्यालयहरुमा सूचना प्रविधि सम्बन्धी आधारभूतज्ञान भएको जनशक्ति व्यवस्थापन गर्नमा चूनौती ।
- अन्तरक्रियात्मक डिजिटल सामग्रीको विकास र पहूँच सुनिश्चित गर्न नसकिएको ।

३.१२.३ **लक्ष्य**

सूचना तथा सञ्चार प्रविधको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रवर्द्धन हुने ।

३.१२.४ **उद्देश्य**

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने ।
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउने ।
- सूचना तथा सञ्चार प्रविधिको पहूँच र प्रयोगमा विस्तार गर्ने ।

३.१२.५ **रणनीतिहरू**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने
- सबै शिक्षकहरूको क्षमता विकास गरिनेछ।
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने
- प्रत्येक विद्यालयमा कम्प्यूटर तथा खेलकुद शिक्षकको व्यवस्था गरिनेछ ।
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच बिस्तार गरिनेछ ।
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बिस्तार गरिनेछ ।
- सामूदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरिनेछ ।
- शिक्षालाई श्रमसँग, श्रमलाई सिपसँग / सिपलाई उत्पादनसँग जोड्न प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिइनेछ ।
- शिक्षकहरुको क्षमता विकास गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्ने बनाइनेछ ।
- नगरपालिका भर एक शिक्षक एक ल्यापटप कार्यकम कमशः प्रयोगमा ल्याइनेछ ।

- प्रत्येक विद्यालयमा क्रमिक रुपमा कम्प्युटर र इन्टरनेट जडानको व्यवस्था गरिनेछ ।
- प्रत्येक माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि आधुनिक प्रविधि जडान भएका कक्षाकोठाको व्यवस्थापनमा जोड दिईनेछ ।
- प्रत्येक विद्यालयमा e-library को व्यवस्था गरी सुदृढ सिकाइमा जोड दिनेछ ।

३.१२.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धि:
विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन हुनेछ ।

ख) प्रमुख नतिजा
- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्नेछ ।
- विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने छ ।
- सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने छ ।
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुनेछ ।
- सामूदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुनेछ ।
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुनेछ ।
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउनेछ ।
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउनेछ ।

ग) प्रमुख क्रियाकलाप र लक्ष्य:
- विद्यालयमा ICT संरचना विस्तार
- प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था
- शिक्षकहरूको क्षमता विकास
- प्रत्येक विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता
- सामूदायिक अध्ययन केन्द्रहरूको क्षमता विकास

## परिच्छेद ४ : सस्थागत संरचना र क्षमता विकाश

४.१ परिचय

बालबालिकाहरुको अध्ययन स्थल विद्यालय आकर्षणको केन्द्र बन्नुपर्दछ । विद्यार्थीका लागि बस्ने, पढ्ने, खेल्ने र मनोरञ्जनका लागि उपयुक्त र पर्याप्त ठाउँ हुनपर्दछ । २०७६ सालमा जारी गरिएको राष्ट्रिय शिक्षा नीतिले विद्यालयहरुमा विद्यालय भवन, आवश्यकता अनुसारका कक्षा कोठा, फर्निचर, प्रयोगशाला,

शौचालय, पुस्तकालय, सफा र शुद्ध पिउने पानी, बुक कर्नर, घेराबार जस्ता भौतिक पूर्वाधार तयार गर्ने र यसरी तयार गरिएका पूर्वाधारहरु सुरक्षित, जोखिममुक्त, बालमैत्री, अपाङ्गमैत्री र हरित विद्यालयको रुपमा विकसित गर्ने नीतिगत व्यवस्था गरेको छ । यस्तै शिक्षा नियमावली, २०५९ ले पनि सुविधाजनक रुपमा पढ्न पाउनका लागि प्रारम्भिक वालविकास तथा शिक्षा र आधारभूत तहका लागि प्रतिविद्यार्थी ०.७५ वर्ग मिटर र माध्यमिक तहका लागि प्रति विद्यार्थी १ वर्ग मिटर बराबरको क्षेत्रफलका कक्षाकोठा हुनुपर्ने व्यवस्था गरेको छ । शिक्षा नियमावली र ऐनले निर्धारण गरेको मापदण्ड प्राप्त भएमा बालमैत्री विद्यालय उपयोगी सिकाइ  हुन सक्छ ।

### ४.२ वर्तमान अवस्था

बेलौरी नगरपालिका भवनमै शिक्षा,युवा तथा खेलकुद शाखा रहेको छ । यस नगरपालिकामा एउटा स्रोतकेन्द्र भवन र सबै सामुदायिक विद्यालयहरुको आफ्नै विद्यालय भवनहरु रहेका छ । ३१ वटा सामुदायिक विद्यालयमा विद्यालय भवनमा २१४ वटा कक्षाकोठाहरु रहेका छन् । यद्यपि कतिपय विद्यालयहरुका भवन जिर्ण भई पुननिर्माण गर्नुपर्ने अवस्था रहेको छ भने कतिपय कक्षाकोठाहरु मर्मतको पर्खाइमा रहेका छन् । नियमित पठनपाठन हुने कक्षाकोठाका अतिरिक्त विद्यालयहरुलाई आवश्यक पर्ने अन्य कक्षाहरुको पनि थुप्रै विद्यालयहरुमा आवश्यकता देखिन्छ । विद्यालय भौतिक पूर्वाधार विकासमा नीतिगत द्विविधा रहेको छ । धेरैजसो विद्यालयहरुमा स्वच्छ खानेपानी र शौचालयका समस्या छन् । विद्यालय घेरबार हुन सकेको छैन । पुराना भवनहरु र कतिपय नयाँमा समेत अपांगमैत्री संरचना बन्न सकेको छैन । अधिकांश विद्यालयहरुमा बगैचा, करेसाबारी छैनन् ।

### ४.३ समस्या तथा चुनौतीहरु

- केहि विद्यालयहरुमा भवन र कक्षाकोठाको कमी, रंगरोगन नभएको र अपांगमैत्री संरचनाको अभाव
- केहि विद्यालयहरुमा स्वच्छ खानेपानी, बिजुली बत्तीको अभाव ।
- सबै विद्यालयमा विज्ञान प्रयोगशाला, कम्प्युटर सामग्री र पुस्तकालयको व्यवस्था हुन नसकेको ।
- अपांगमैत्री, लैङ्गिकमैत्री शौचालय नभएको ।
- केहि विद्यालयका कक्षाकोठामा बुक कर्नर, भित्ते घडी र डस्टविनको कमी ।
- विद्यालयमा खेलमैदान र घेरबारको अभाव ।
- फर्निचर अभावका साथै विद्यार्थीहरुको उमेर सुहाउँदो फर्निचरको कमी ।
- विद्यालयमा वि.व्य.स., प्रधानाध्यापक, शिक्षक स्टाफ, शैक्षिक समाग्री, खेलकुद समाग्री कक्षको अभाव

यी समस्याहरुका अतिरिक्त विद्यालयहरुमा विद्यालयहरुमा भवन निर्माण आचार संहिताको पूर्णरुपमा पालना नहुनु, केन्द्रिय डिजाइनमा नक्सा बन्ने हुदा स्थानीय आवश्यकताको सम्बोधन हुन सकेको छैन् ,सबै विद्यालयहरु सुरक्षित विद्यालय हुने गरि न्यूनतम भौतिक पूर्वाधार निर्माण गर्नु पनि नसक्नु र स्थानीय आवश्यकतालाई सम्बोधन हुने गरि स्रोतको व्यवस्थापन गर्नु जस्ता मुख्य चुनौतिहरु रहेका छन ।

### ४.४ उद्देश्य

- विद्यालयमा बालमैत्री एवं अपांगमैत्री संरचना विकास गर्नु ।
- सबै विद्यालयहरुमा न्यूनतम भौतिक पूर्वाधार निर्माण गरि संस्थागत क्षमता विकास गर्नु
- स्थानीय आवश्यकतालाई सम्बोधन हुने गरि गुणस्तरीय पूर्वाधारको विकास एवं विस्तार गर्नु
- भौतिक पूर्वाधार विकासका लागि गुरुयोजना तयार गरि कार्यान्वयन गर्नु ।

### ४.५ रणनीतिक क्रियाकलाप

- योजना अवधिभरमा सबै सामुदायिक विद्यालयहरुको अवस्थामा सुधार गरि भौतिक रुपमा सुविधा सम्पन्न बनाइनेछ ।
- विद्यार्थी सुहाउदो फर्निचर निर्माण गरिनेछ ।
- अपांगतामैत्री, लैङ्गिकमैत्री शौचालय निर्माण गरिनेछ ।
- बालमैत्री कक्षाकोठा निर्माण कार्यक्रम सञ्चालन गरिनेछ ।
- विज्ञान प्रयोगशाला, कम्प्युटर सामग्री र पुस्तकालय व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय मर्मत सम्भार तथा रंगरोगन गरिनेछ ।
- प्रत्येक विद्यालयका कक्षा कोठामा बुक कर्नरको व्यवस्था गरिनेछ ।
- प्रत्येक विद्यालयमा एउटा अतिरीक्त क्रियाकलाप कक्ष तथा सभा हल निर्माण गरिनेछ ।
- आवश्यकक्ता अनुरुप प्रत्येक विद्यालयमा खेलमैदान र घेरवार सुधार कार्य गरिनेछ ।
- कक्षा १२ सम्म संचालित तथा प्राविधिक धार भएका विद्यालयहरुमा छात्रावासको व्यवस्था गरिनेछ ।
- विद्यालयहरुमा बगैचा सहित हरित विद्यालयको अभियान सञ्चालन गरिने छ ।
- हाल संचालनमा रहेको स्रोतकेन्द्र भवनलाई नगरपालिकाभरकै लागि आधुनिक र प्रविधियुक्त बनाईनेछ ।
- विद्यालयहरुलाई सिकाइ र सुन्दरताको केन्द्रबिन्दु बनाउन अर्थपूर्ण कक्षाकोठा व्यवस्थापन, नक्सा कार्य निर्माण स्थल, नाट्य प्रदर्शनी स्थल ,योग ध्यान, संगित, खेलकुद, कला, साहित्य र स्वास्थ्य शिक्षाका कार्यक्रमहरु प्रथामिकताका साथ संचालन गरिनेछ ।
- अब निर्माण हुने विद्यालय भवनहरुमा टिनको छानाको सट्टा लेन्टरको संरचना निर्माण गरिनेछ ।
- प्रत्येक विद्यालयमा उज्यालोको नियमितता र खर्चमा मितव्ययीता ल्याउन बैकल्पीक उर्जाको रुपमा सौर्यबत्ती जडान गरिनेछ ।

### ४.६ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि :**

- सबै विद्यार्थीहरुलाई सुरक्षित र अनुकूल भौतिक वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त हुनेछ ।
- प्रत्येक विद्यालयको आवश्यकतालाई सम्बोधन हुने गरी भौतिक पूर्वाधार विकासको मापदण्ड तयार हुनेछ ।
- विद्यालयहरुका पूर्वाधारहरु बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री र विद्यार्थीको तह र संख्याका आधारमा निर्माण हुनेछन। सबै विद्यालयहरु बगैचा सहितका हरित विद्यालयको रुपमा रुपान्तरण हुनेछन /भएको हुनेछ ।
- शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

- **ख) प्रमुख नतिजाः**
- शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ती तयार भएको हुनेछ ।
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तीको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुनेछ ।
- सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल भएको हुनेछ ।
- **ग) प्रमुख क्रियाकलाप र लक्ष्यः**
- आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास
- संस्थागत संरचना निर्माण तथा क्षमता विकास
- प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण
- कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन
- अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र निर्माण
- विद्यालय स्वास्थ्य तथा पोषण / सरसफाइ कार्यक्रम
- विपद् तथा महामारी सम्बन्धी  सेवा तथा समन्वयका लागि संयन्त्र विकास

# परिच्छेद ५ लगानी र स्रोत व्यवस्थापन

## ५.१परिचय

योजना भनेको भविश्यमा गरिने क्रियाकलापहरुको खाका हो । यसमा के गर्ने ,कहिले, कस्ले गर्ने भन्ने कुराहरु समावेश गरिएका हुन्छन् । योजना अन्तर्गत महत्वपूर्ण पक्ष भनेको कार्यान्वयन हो । योजना कार्यान्वयन तब हुन्छ ,जब यो बजेटमार्फत सम्बोधन हुन्छ । कुनै पनि योजना र कार्यक्रम सफलताको मेरुदण्डको रुपमा लगानी रहेको हुन्छ । योजनामा प्रक्षेपित कार्यक्रम सञ्चालनका लागि तीनै तहका सरकारको सहभागिता अपरिहार्य हुने हुँदा यस योजनामा समेत सो तथ्यलाई हृदयंगम गरि सबै तहबाट अपेक्षित सहयोग प्राप्त हुने मान्यताको आधारमा कार्यक्रमहरु प्रक्षेपित गरिएका छन् । यसका साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरुको समेत सहभागिताको अपेक्षा गरि कार्यक्रमहरु प्रस्तावित गरिएका छन् । माथि उल्लेखित संस्था तथा निकायहरुबाट प्रदान गरिने स्रोतको सुनिश्चिततामा मात्र योजना सफल हुने तथ्य निर्विवाद रुपमा रहन्छ ।यद्दपी स्थानिय तहको योजना भएकोले अधिकतम स्रोतको परिचालन पनि सोहि तहबाट गरिएको छ ।यसैले भन्न सकिन्छ कि, नगरपालिकाले निर्माण गरिएको योजनाको कार्यान्वयनमा पनि नगरपालिकाकै भुमिका रहन्छ । नेपालको संविधान,२०७२ ले शिक्षालाई मौलिक हकका रुपमा लिई शिक्षापाउने अधिकारलाई बाल अधिकारको रुपमा स्वीकार गरेको छ । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको क्षेत्रमा भएका संवैधानिक व्यवस्थालाई सम्वोधन गर्न अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली ,२०७७ जारी गरी सकेको अवस्था छ । उक्त संवैधानिक तथा कानुनी व्यवस्थालाई जिम्वेवारीका साथ पूर्ण रुपमा कार्यान्वयन गर्ने दायित्व संघ, प्रदेश र स्थानीय तिनै तहका सरकारको हो ।

### ५.२ वर्तमान अवस्था

नेपाल संघीय व्यवस्थामा प्रवेश गरिसकेपछि शिक्षा क्षेत्रमा पनि केहि न केहि रुपमा बजेटमा वृद्धि भएको पाइन्छ । तर शिक्षा क्षेत्रका समग्र आवश्यकताको प्रभावकारी सम्बोधन भने भएको पाईदैन । शिक्षामा घरपरिवार र राज्य तथा अन्य सहयोगी निकायहरुबाट पनि शिक्षामा लगानी भएको पाईन्छ । सार्वजनिक विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि निःशुल्क शिक्षा भनिएको भएता पनि स्टेशनरी, ड्रेस, परीक्षाशुल्क, खाजा लगायतका क्षेत्रमा घरपरिवारको लगानी भएको छ भने निजी क्षेत्रका विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरुको सम्पूर्ण खर्च अभिभावकले व्यहोर्ने गरेको छ । शिक्षामा अभिभावकले गरेको खर्च अमूर्त र अभिलेखीकरण नहुने हुदाँ घरपरिवारको योगदान यति नै छ भनि भन्न नसकिने भएता पनि ESA ले सन् २०२० मा प्रकाशित गरेको तथ्यांकअनुसार ४८.९ प्रतिशत लगानी घरपरिवार ,४४.५ प्रतिशत सार्वजनिक लगानी र बाँकी ६.६ प्रतिशत शिक्षण संस्था स्वयं र गैर सरकारी

संस्थाहरुको रहेको अनुमान गरेको छ। नेपालमा शिक्षामा गरिने लगानीको झण्डै ६५ प्रतिशत हिस्सा शिक्षकहरुको तलब भत्ताले ओगटेको छ।

विगत तीन वर्ष यता संघ, प्रदेश र बेलौरी नगरपालिकाले शिक्षा क्षेत्रमा विनियोजन गरेको बजेटको अवस्था देहाय बमोजिम रहेको पाइन्छ।

**तालिका नं.**

**विगत ३ वर्षको शिक्षा बजेट (राष्टिय स्तर)**

| आ.व. | शिक्षा बजेट रु करोडमा | शिक्षा बजेटको प्रतिशत | शिक्षामा ग्राहस्थ उत्पादनको प्रतिशत | वैदेशिक सहायता प्रतिशत |
|---|---|---|---|---|
| २०७५/७६ | १३४५१ | १०.२ | ४.१ | ९.८८ |
| २०७६/७७ | १६३७६ | १०.६ | ४.४ | ११.०२ |
| २०७७/७८ | १७१७१ | ११.७ | ४.४ | १०.९५ |

स्रोत : बजेट पुस्तिका, अर्थ मन्त्रालय

माथिको तालिकामा केन्द्रिय सरकारको विगत तिन वर्षको शिक्षा बजेट प्रस्तुत गरिएको छ। प्रस्तुत विवरण अनुसार विगत तिन वर्षमा शिक्षा क्षेत्रको बजेट बढ्दो क्रममा रहेको छ। तापनि कूल राष्ट्रिय बजेटको २० प्रतिशतको हाराहारी हुनु पर्ने शिक्षा बजेट १० /११ प्रतिशतको हाराहारीमा नै सिमित छ भने कूल ग्राहस्थ उत्पादनको ४.४ प्रतिशत अंश शिक्षा क्षेत्रले पाएको देखिन्छ।

**तालिका नं.**

**विगत ३ वर्षको शिक्षा बजेट**

| आ.व. | सुदुर पश्चिचम प्रदेश सरकारबाट विनियोजित | | बेलौरी नगरपालिकाबाट विनियोजित | | कैफियत |
|---|---|---|---|---|---|
| | शिक्षा वजेट (रु .करोडमा) | शिक्षा बजेटको प्रतिशत | शिक्षा बजेट (रु .करोडमा) | शिक्षा बजेटको प्रतिशत | |
| २०७६/७७ | | | ४३००००० | ०.६१ | |
| २०७७/७८ | | | ७५००००० | ०.८८ | |
| २०७८/७९ | | | १५०००००० | १.७७ | |

स्रोत : बेलौरी नगरपालिकाबाट प्रकाशित वजेट पुस्तिका,

माथिको तालिकामा बेलौरी नगरपालिकाबाट विनियोजित विगत तिन वर्षको शिक्षा वजेट प्रस्तुत गरिएको छ । २०७६/७७ मा ०.६१ प्रतिशत, २०७७/७८ मा ०.८८ र २०७८/७९ मा १.७७ प्रतिशत रहेको छ ।

### ५.३ समस्या तथा चुनौतीहरु

- शिक्षामा गरिएको लगानीबाट अपेक्षित प्रतिफल हासिल हुने गरी जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्नु ।
- शिक्षा क्षेत्रमा प्रयाप्त बजेट विनियोजन गर्न नसक्नु । साथै विद्यालयमा प्राप्त हुने बजेटको तीस प्रतिशत शिक्षण सिकाईमा विनियोजन गर्ने व्यवस्थाको कमी ।
- गैर सरकारी क्षेत्र, समुदाय तथा अभिभावकको लगानीलाई प्रोत्साहन तथा अभिलेखीकरण गर्नु ।
- विद्यालयमा कार्यरत सवै किसिमका शिक्षकहरुलाई एकै किसिमका सेवा सुविधा उपलब्ध नगरिनु ।
- संघ, प्रदेश र स्थानीय तहबीच शिक्षामा लगानीको साझेदारी, भूमिका र दायित्व स्पष्ट पार्नु ।
- निजी क्षेत्रमार्फत शिक्षामा गरिने लगानीलाई नियमन गरी सेवामूलक बनाउनु ।
- विपन्न एवम् लक्षित वर्गका लागि शिक्षामा सहभागितालाई सुनिश्चितता हुने गरी शिक्षामा लगानी वृद्धि गर्नु ।
- शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रमा सरकारी क्षेत्रको लगानीको प्राथमिकता र प्रतिशत निर्धारण गर्नु,
- विद्यालयमा आन्तरिक आर्थिक अवस्था कमजोर हुनु ।
- राज्य र अभिभावकहरुबाट शिक्षामा न्यून लगानी हुनु
- वर्गिय स्तरको छात्रवृतिको व्यवस्था नहुनु ।
- निजी स्रोत शिक्षक राख्नु परेको र अभिभावकहरुबाट शुल्क लिनुपर्ने बाध्यता ।
- धेरै जसो विद्यालयमा नियमित लेखापरीक्षण, सामाजिक परीक्षण हुन नसकेको ।
- विद्यालयमा जिन्सी व्यवस्थापन तथा ID नम्बर नराखेको ।
- विद्यालयमा मर्मत संम्भार सम्बधि खर्चको व्यवस्था नहुनु ।

**लक्ष्य**

शिक्षा क्षेत्रमा पहुँच तथा गुणस्तर अभिबृद्धिका लागि लगानीको सुनिश्चितता हुनेछ ।

उद्देश्यहरु

- पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने
- उपलब्ध स्रोतको आधारमा कार्याक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु
- लगानीलाई पारदर्शी / जवाफदेही बनाउनु .

**रणनीतिहरू**

- शिक्षा क्षेत्रमा केन्द्रिय सरकारको बजेटको अनुपातमा नगरपालिकाको पनि बजेट विनियोजन गरिने छ

- वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने
- शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिनेछ .
- विद्यालयहरुको वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइनेछ .विद्यालयहरुमा अपेक्षित शैक्षिक उपलबिध पुरा गर्न कार्यक्रम तथा व्यवस्थापकीय बजेट, विद्यार्थी संख्याको आधारमा बजेट र नतिजाको आधारमा बजेट कायम गरी अनुदान रकम उपलब्ध गराइनेछ । अनुदान रकम उपलब्ध गर्दा समता र समावेशितालाई ध्यानमा राखिने छ ।
    - तोकिएका मापदण्डका आधारमा उपलब्ध स्रोतको खर्च गर्ने, सामाजिक तथा कानुनी परीक्षण गराउने र सोको प्रतिवेदन गर्ने प्रणालीको विकास गरिने छ ।
    - विद्यालयहरुले स्वःआर्जन गर्ने र स्वःआर्जित रकम खर्च गर्ने मापदण्डको विकास गरिने छ ।

### ५.७ उपलब्धि ,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य

**क)उपलब्धि**

- आधारभूत तहसम्मको शिक्षा अनिवार्य हुनेछ ।
- तीन तहको सरकार बिच स्रोत साझेदारीको प्रणाली स्थापित भई शिक्षामा स्रोतको दिगो व्यवस्थापन हुनेछ ।
- यस योजनाबाट शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने छ ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता,पारदर्शिता, जिम्मेवारी र उत्तरदायीत्व सुदृढ हुने ।

### ५.८ स्रोतको अनुमान र विश्लेषण

यस योजनामा संघीय सरकारबाट प्राप्त हुने नियमित र विशेष अनुदान, सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा सहयोगहुने कार्यक्रम तथा नगरपालिकाको आवश्यकता र सामर्थ्यको बिचमा सामञ्जस्य हुनेगरी योजनामा कार्यक्रमहरुको तय गरिएको छ । योजनाका लागि नेपाल सरकार, सुदुरपश्चिमप्रदेश सरकारको अनुदान तथा सहयोग, बेलौरी नगरपालिकाको आन्तरिक स्रोतका साथै शिक्षा क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरु, समुदाय तथा अभिभावकका साथै निजी क्षेत्रसँगको साझेदारीबाट लगानी हुन सक्ने गरी स्रोतको अनुमान गरिएको छ ।

यस योजनाको पहिलो वर्षमा करिब १०७०५४.५ हजार रकमआवश्यक हुने देखिएको छ भने त्यसपछिका वर्षहरुमा क्रमिक रुपमा लगानी वृद्धि गर्नु आवश्यक देखिन्छ । साथै योजना अवधिमा स्रोत देहायअनुसार प्राप्त हुने अनुमान गरिएको छ ।

तालिका नं.

**स्रोतको आँकलन (आ.व.०७८।०७९ को स्थिर मूल्यमा)**

(बजेट रु हजारमा)

| संघबाट | प्रदेश बाट | स्थानिय तह |
|---|---|---|
| २८९१९३ | ६७०८६.५ | ५६४३१०.५ |

उल्लिखित तालिकामा गरिएको प्रक्षेपण अनुसार यस योजनाको लागि संघ, प्रदेश र बेलौरी नगरपालिकाबाट क्रमशः २८९१९३,६७०८६.५ र ५६४३१०.५ उपलब्ध हुने देखिन्छ । यस योजनामा विद्यालयले आफ्नो तथा समुदाय र अन्य संघ सस्थाबाट प्राप्त हुनसक्ने लगानी समावेश गरिएको छैन ।

**५.९ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान**

बेलौरी नगरपालिकाले सबैका लागि गुणस्तरीय शिक्षाको दायित्व पूरा गर्ने गरी लक्ष्य, उद्देश्य तथा रणनीतिहरु तय गरी यस योजनामा सोअनुसारका कार्यक्रमहरु प्रस्ताव गरिएको छ । बजेट अनुमान गर्दा शिक्षाका सबै उपक्षेत्रहरु पर्ने गरि समावेश गरिएको छ । जुन निम्न अनुसार प्रस्तुत गरिएको छ । लगानी र स्रोत व्यवस्थापन खाका अनुसूची १(कं) र अनुसूची १(खं) मा प्रस्तुत गरिएको छ ।

## परिच्छेद ६ : कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, समन्वय र सहजीकरण

### ६.१ परिचय

शैक्षिक कार्यक्रमहरुको संचालन गरिसकेपछि अनुगमन मूल्यांकन गर्न आवश्यक हुन्छ । शैक्षिक कार्यक्रमको निर्धारित उद्देश्य अनुरुप संचालन भईरहेका छन् कि छैनन् , उद्देश्य अनुरुप नै छन् भने थप अगाडी बढाउन, यदि कुनै कमी कमजोरी देखिएमा आवश्यक मार्गदर्शन गर्न मूल्यांकनको आवश्यकता पर्दछ । मूल्यांकनले शैक्षिक योजनालाई समयमै उद्देश्य अनुरुप प्रभावकारीरुपमा संचालन गर्न टेवा पुऱ्याउंछ ।शैक्षिक गुणस्तर विकासमा कार्यक्रम कार्यान्वयन अनुगमन तथा मुल्यांकन महत्वपूर्ण हुने भएकाले बेलौरी नगरपालिकामा शैक्षिक गुणस्तर विकासका लागि विद्यालयहरुमा प्रधानाध्यापक, शिक्षक अभिभावक संघ, वि.व्य.स,वडा कार्यालय,आधारभुत तथा माध्यमिक शिक्षा शाखा,बेलौरी नगरपालिकाको कार्यालयबाट कार्यक्रमगत तथा पटके रुपमा नियमित अनुगमन तथा मूल्यांकन गरि सुझाव तथा पृष्ठपोषण प्रदान गरिने छ । प्रदेश तथा संघीय कार्यालयहरुलाई अनुगमन तथा पृष्ठपोषण लागि पहल गरिनेछ ।योजनाको अनुगमन मूल्यांकनका लागि अनुगमन व्यवस्थाको निर्धारण गरि कार्यान्वयन गरिनेछ ।

### ६.२ वर्तमान अवस्था

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन मूल्यांनको संयन्त्र निर्माण गरि कार्यान्वयन चरणमा लैजान आवश्यक हुन्छ । बेलौरी नगरपालिकामा योजना कार्यान्वयनका लागि केही प्रयासहरु भईरहेका छन् । शिक्षा कार्यक्रम र विद्यालयहरुको अनुगमन मूल्यांकन गर्नमा स्थानीय

सरकारलाई प्राप्त अधिकार उपयोग गरि कार्यान्वयनमा लैजान नीतिगत प्रयासहरु भईरहेका छन् । यद्यपी विद्यालयमा अनुगमनका दृष्टिकोणले कुनै पनि प्रभावकारी कार्य नगरिनु ,प्रधानाध्यापकबाट शिक्षकहरुको कक्षा शिक्षणको अनुगमन नहुनु र सम्बन्धित निकायबाट विद्यालयमा नियमित अनुगमन हुन नसक्नु यहाका अनुगमन मूल्यांकनका समस्या तथा चुनौतीहरु रहेका छन् ।

### ६.३ लक्ष्य

शैक्षिक योजना तथा कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन भई गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ ।

### ६.४ उद्देश्य

- बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्ने
- शिक्षा शाखाको क्षमता विकास गर्ने
- आवश्यकता अनुसार कानून, मापदण्ड र निर्देशिका विकास गर्ने
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार गर्ने, समीक्षा गर्ने र सुधार गर्ने
- शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने
- विद्यालय तथा सामूदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने
- प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्ने
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउने

### ६.५ रणनीतिहरू

- एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिने छ
- नगरपालिकाभरि एकै किसिमको मूल्याङ्कन तथा परीक्षाका कार्यक्रमहरु सञ्चालन गरिनेछन
- राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आबद्ध गरिने छ
- सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने छ
- पुरस्कार र दण्ड प्रणालीको विकास गरिने छ
- नगरपालिका मार्फत विद्यालयहरुमा नियमित अनुगमन र मूल्यांकनका कार्यहरु संचालन गरिनेछ
- सामुदायीक तथा संस्थागत विद्यालयहरुलाई शैक्षिक तथ्यांक समयमा अध्यावधिक गरि नगरपालिकामा बुझाउने व्यवस्थालाई प्रभावकारी रुपमा लागु गरिनेछ ।
- कक्षा ८ जस्तै कक्षा ५ को परीक्षालाई नगर स्तरीय परिक्षाका रुपमा संचालन गर्न पहल गरिनेछ ।
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरीनेछ ।
- मूल्याङ्कन प्रणालीलाई क्रमशः प्रविधिमा आधारित तथा व्यवस्थित गर्दै लगिनेछ ।
- नगरपालिका भरका ग्रेडवृद्धि तथा एक्जाम्पटेड परिक्षामा सहभागी हुने विद्यार्थीहरुका लागि नगरपालिकाभित्र नैSEE परीक्षा केन्द्र संचालन गर्नका लागि पहल गरिनेछ ।

- विद्यालय व्यवस्थापन समिति तथा प्र.अ.लाई विद्यालय संचालन व्यवस्थापन र अनुगमनमा जिम्मेवार बनाई आवश्यकता आधारमा क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालय तथा समुदायको सम्बन्ध सुमधुर बनाइ विद्यालय प्रति समुदायको अपनत्व विकास गर्न अभिभावक शिक्षा ,मनोपरामर्श कार्यक्रम, वि.व्य.स/शि.अ.सं. क्षमता विकास जस्ता कार्यक्रमहरु संचालन गरिनेछन ।
- नगरपालिकामार्फत विद्यालयमा प्रदान गरिने बजेटको वास्तविक कार्यान्वयन अवस्था हेर्न नियमित अनुगमन गरिनेछ ।

**६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क) उपलब्धिः**

प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने

**ख) प्रमुख नतिजाः**

- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने
- अनुगमनका आधारमा नतिजा सुधार हुने
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने
- विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने
- विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने
- नगरपालिका भित्र विज्ञ समूह गठन गरी सो समूहको अनुगमनमा अधिकतम उपयोग गरी विद्यालय अनुगमनमा प्रभावकारिता ल्याइनेछ ।

**६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**क) उपलब्धिः**

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने

**ख) प्रमुख नतिजाः**

- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने
- अनुगमनका आधारमा नतिजा सुधार हुने
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने
- विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने
- विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने

**ग) क्रियाकलाप र लक्ष्य**

- अनुगमनतथा सुपरिवेक्षण संयन्त्र तयार गर्ने
- अनुगमनका लागि विज्ञ समूह गठन
- नगर स्तरीय परीक्षा संचालन
- वि.व्य.स/शि.अ.स. क्षमता विकास कार्यक्रमहरु
- नगर शैक्षिक क्यालेण्डर निर्माण

**६.७ अनुमगन प्रकिया,समन्वय र सहजीकरण**

मुलुक संघीयतामा प्रवेश गरेसँगै तिन तहका सरकार अस्तित्वमा छन्। तिनवटै तहका सरकारको मुख्य चासो शैक्षिक सुधारमा केन्द्रित छ । योजनाको प्रभावकारी कार्यन्वयन गर्न सम्बद्ध सबै संयन्त्रहरुको उचित सहयोग र सहकार्यको आवश्यकता पर्दछ । योजनाको कार्यान्वियन गर्दा देखा परेका समस्या, चुनौती र अवसरहरूको उचित निकास निकाल्न सम्बद्ध विज्ञसंग आवश्यकतानुसार समन्वय र सहजीकरण गर्नु सान्दर्भिक हुन्छ । यस्तो महत्वपूर्ण नँया शिक्षा क्षेत्र योजना कार्यन्वयनमा प्रदेश र संघीय सरकारको समन्वय र सहजीकरण आवश्यक हुन्छ। यस योजनाको समन्वनय र सहजीकरणमा देहाय बमोजिम अबलम्बन गरिनेछ । .

| क.सं. | अनुगमन गर्ने निकाय / जिम्मेवारी | अनुगमन प्रकिया (अनुगमन निरीक्षण,पुर्व सूचनात्मक, आकस्मीक, आमन्त्रीत) | अनुगमन समय | अनुगमन सूचक (प्रतिवेदन, आगन्तुक पुस्तीका) | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रदेश शिक्षा विकास निर्देशनालय | | बार्षिक | | |
| २ | सामाजिक विकास कार्यालय | | बार्षिक | | |
| ३ | शिक्षा विकास तथा समन्वय इकाइ | | बार्षिक | | |
| ४ | नगरपालिकाको कार्यालय | | मासिक | | |
| ५ | नगर शिक्षा समिति | | मासिक | | |
| ६ | वडा कार्यालय | | मासिक | | |
| ७ | वडा शिक्षा समिति | | मासिक | | |
| ८ | अन्य सरोकारवाला निकायहरु | | आवश्यकतानुसार | | |

# परिच्छेद ७

## मुख्य मुख्य कियाकलाप र उपलब्धि सूचक

| क्र.स. | सूचक | राष्ट्रिय र स्थानिय | आधार वर्ष २०७७ | २०७९ | २०८२ | २०८७ | सूचकको स्रोत | कार्यसम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकासको कुल भर्नादर% | स्थानिय | ९४ | ९६ | ९८ | ९९ | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४ | ९९ | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिइ कक्षा १ मा भर्ना भएका बालबालिका | स्थानिय | ८५.५ | ९० | ९२ | ९५ | | |
| | | राष्ट्रिय | ६८.६ | ७३ | ८५ | ९५ | | |
| २ | आधारभूत शिक्षा (कक्षा १-८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर % | स्थानिय | ९७ | ९८ | ९९ | १०० | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९ | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर % | स्थानिय | १०५.४ | १०४ | १०३ | १०२ | | |
| | | राष्ट्रिय | १२१.९ | ११५ | १०७ | १०५ | | |
| २.३ | आधारभूत तह (कक्षा १-५) को खुद भर्नादर % | स्थानिय | ९६.८ | ९८ | ९९ | १०० | | |
| | | राष्ट्रिय | ९७.१ | ९९ | ९९.५ | १०० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.४ | आधारभूत तह (कक्षा १-५) को कुल भर्नादर % | स्थानिय | १०३.६ | १०३ | १०२ | १०१ | | |
| | | राष्ट्रिय | ११९.२ | ११५ | | | | |
| २.५ | आधारभूत तह कक्षा ५ को खुद भर्नादर % | स्थानिय | ९७ | ९८ | ९९ | १०० | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तह कक्षा ५ को कुल प्रवेश दर % | स्थानिय | १०४.१ | १०३ | १०२ | १०१ | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५ | | |
| २.७ | आधारभूत तह कक्षा ५ सम्मको टिकाउ दर % | स्थानिय | ७८ | ८४ | ८८ | ९५ | | |
| | | राष्ट्रिय | ९३ | | | | | |
| २.८ | आधारभूत तह कक्षा ५ पूरा गर्ने दर % | स्थानिय | ९७ | ९८ | ९९ | ९९.५ | | |
| | | राष्ट्रिय | ८५.५ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तह (कक्षा१- ५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथीका बालबालिका % | स्थानिय | २९.४ | २० | १५ | १० | | |
| | | राष्ट्रिय | २२.२ | २० | १५ | १० | | |
| २.१० | आधारभूत तह (कक्षा१- ५) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकांक | स्थानिय | १.१९ | १.१४ | १.०८ | १.०४ | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह कक्षा (१- ८) को खुद भर्नादर % | स्थानिय | ९४.९ | ९७ | ९८ | १०० | | |
| | | राष्ट्रिय | ९३.४ | ९९ | | १०० | | |
| २.१२ | आधारभूत तह कक्षा (१- ८) को कुल भर्नादर % | स्थानिय | १०४.१ | १०३ | १०२ | १०१ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तह कक्षा ८ सम्मको टिकाउदर % | स्थानिय | | ७२ | ७८ | ८६ | ९५ | | |
| | | राष्ट्रिय | | ७९.३ | | | ९५ | | |
| २.१४ | आधारभूत तह कक्षा १ मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर % | स्थानिय | | ७६.१ | ८६ | ९० | ९५ | | |
| | | राष्ट्रिय | | ७२.७ | | | ९५ | | |
| २.१५ | आधारभूत तह कक्षा (१- ८) मा लैङ्गिक समता सूचकांक | स्थानिय | | १.११ | १.०७ | १.०३ | १.०१ | | |
| | | राष्ट्रिय | | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम् सिकाई उपलब्धि हासिल गरेका ( कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिका % | नेपाली | | ५९.४ | ६५ | ७० | ७५ | | |
| | | भाषा | | | | | | | |
| | | गणित | | ५९.५ | ६५ | ६८ | ७८ | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम् सिकाई उपलब्धि हासिल गरेका बालबालिका % | नेपाली | स्थानिय | ५६.४ | ६० | ६५ | ७० | | |
| | | | राष्ट्रिय | ४५ | ५२ | ६० | ७० | | |
| | | गणित | स्थानिय | ६१.५ | ६५ | ६८ | ७० | | |
| | | | राष्ट्रिय | २८.३ | ४० | ६० | ७० | | |
| | | अंग्रेजी | स्थानिय | ५९.० | ६५ | ६८ | ७० | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम् सिकाई उपलब्धि हासिल गरेका | नेपाली | स्थानिय | ४८.६ | ६६ | ६५ | ७५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिका % | | | राष्ट्रिय | ६५.५ | ७० | ७२ | ७५ | | |
| | | | गणित | स्थानिय | ५६.४ | ६० | ६५ | ७० | | |
| | | | | राष्ट्रिय | ५३.५ | ६० | ६५ | ७० | | |
| | | | विज्ञान | स्थानिय | ५४.८ | ६० | ६६ | ७० | | |
| | | | | राष्ट्रिय | ४३.८ | ५० | ६० | ७० | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका% | आधारभूत तह ( कक्षा १-५) | स्थानिय | | १.९४ | १ | ०.५ | ० | | |
| | | | राष्ट्रिय | | २.९ | १ | ०.५ | ० | | |
| | | आधारभूत तह ( कक्षा १-८) | स्थानिय | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | |
| २.२० | आधारभूत तह कक्षा (कक्षा १-८) मा अध्यापनरत शिक्षक मध्ये महिला शिक्षक संख्या % | | स्थानिय | | ३८.७ | ४२ | ४६ | ५० | | |
| | | | राष्ट्रिय | | ४३.७ | ४५ | ५० | ५० | | |
| ३ | **माध्यमिक शिक्षा** | | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्नादर % | | स्थानिय | | ६२.६ | ७० | ८० | ९० | | |
| | | | | | | | | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्नादर % | | स्थानिय | | ६२.६ | ७० | ७५ | ८० | | |
| | | | राष्ट्रिय | | ४७.६ | ६५ | | | | |
| ३.३ | माध्यमिक तह (कक्षा ९-१२) को कुल भर्नादरमा % | | स्थानिय | | ७४.६ | ७८ | ८५ | ९० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ७१.४ | | | | | |
| ३.४ | माध्यमिक तह (कक्षा ९-१२) को कुल भर्नादरमा लैङ्गिक समता सूचक | स्थानिय | १.१६ | १.१० | १.५ | १.० | | |
| | | राष्ट्रिय | १.०२ | १.० | १.० | १.० | | |
| ३.५ | कक्षा १मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर % | स्थानिय | ६२ | ६५ | ७० | ७५ | | |
| | | राष्ट्रिय | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर % | स्थानिय | ४२.० | ४८ | ५५ | ६० | | |
| | | राष्ट्रिय | २४ | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक संख्या % | स्थानिय | ५.१७ | १२ | १७ | २५ | | |
| | | राष्ट्रिय | २०.६ | २२.० | २७ | ३३ | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक विषयमा भर्ना भएका विद्यार्थी संख्या % | स्थानिय | ४.४३ | १० | १५ | १८ | | |
| | | राष्ट्रिय | १०.० | | | | | |
| ३.९ | कक्षा १० को विद्यार्थी सिकाई उपलब्धि | नेपाली | ५१.९ | ५८ | ६५ | ७० | | |
| | | गणित | ६२.४ | ६६ | ६८ | ७० | | |
| | | विज्ञान | ६२.५ | ६६ | ६८ | ७० | | |
| | | अंग्रेजी | ६२.१ | ६५ | ६८ | ७० | | |
| ४ | जीवनपर्यन्त शिक्षा तथा सिकाई र अनौपचारिक शिक्षा | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष माथि)% | स्थानिय | ५६.६ | ६५ | ७० | ७५ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ५८ | | | | | |
| ४.२ | साक्षरता दर (५ वर्ष माथि)% | स्थानिय | ७०.७ | ८५ | ९० | ९५ | | |
